# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

बुधबार, जेठ ९, २०७५ | Wednesday, May 23, 2018 | www.newsofnepal.com | नेसं ११३८ अनलाथ्व ९ | वर्ष २४, अंक १३३ | पृष्ठ १२ | मूल्य रू १०/–









इन्डियन प्रिमियर लिग (आईपीएल)मा सहभागिता जनाएर मंगलबार साँझ स्वदेश फर्केका सन्दीप लामिछानेलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरिएको छ। लामिछानेले आईपीएल क्रिकेट खेल्ने पहिलो नेपाली क्रिकेटर बनेर इतिहास रचेका छन्। उनले मुम्बई इण्डियन्सविरुद्ध तीन विकेट पनि लिएका थिए।
तस्वीर : उजोल डंगोल/काठमाडौं

# अवकाश उमेर हद ५८ नै कायम

सुनील महर्जन, काठमाडौं

सरकारले निजामती कर्मचारीले अवकाश पाउने उमेर हद ५८ वर्ष नै कायम गरेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा हालै तयार पारिएको संघीय निजामती सेवा ऐनको मस्यौदामा साविकै प्रावधान कायम राखिएको छ। उक्त मस्यौदाको सैद्धान्तिक सहमतिका लागि कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय पठाइएको छ।

काशीराज दाहालको संयोजकत्वमा गठित उच्चस्तरीय प्रशासन सुधार समितिले अवकाश उमेर ६० वर्ष पुर्‍याउन सिफारिस गरेको थियो। नेपालीहरूको औसत आयु ७१ वर्ष पुगेको, कर्मचारीको अनुभव र दक्षता सदुपयोग गर्न सकिने, पेन्सनको भार कम हुने पक्षलाई विश्लेषण गर्दै सो प्रस्ताव सिफारिस गरिएको थियो। सोहीअनुरूप शेरबहादुर देउवा नेतृत्वको सरकारको पालामा सामान्य प्रशासन मन्त्रालयद्वारा बनाइएको विधेयकमा अवकाश उमेरहद ६० वर्ष बनाउन प्रस्ताव गरिएको थियो।

बहालवाला उच्चपदस्थ सचिव र सहसचिवहरू भने उमेर हद बढाउनुपर्ने पक्षमा नै देखिएका छन्। यसका लागि ती कर्मचारीले निकै चलखेल गरेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका एक अधिकारीले बताए। 'कर्मचारीहरूले आफूलाई हेरेर नियम बनाउने परिपाटी छ। तर अहिलेको मन्त्री र केही कर्मचारीको प्रयासमा त्यसलाई सफल हुन दिएनौं।' -मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले *नेपाल समाचारपत्र*सँग भन्नुभयो।

**५८ वर्ष नै उमेर कायम राख्दा पुराना कर्मचारीले स्वत: अवकाश पाउने र नयाँ प्रविधिमा पोख्त कर्मचारी आउने ।**

मन्त्री लालबाबु पण्डितजस्तै आफू पनि उमेर बढाउने पक्षमा नरहेको बताउँदै प्रवक्ता अधिकारीले थप्नुभयो- 'अधिकांश सचिव र सहसचिवहरू त्यसको पक्षमा रहेको पाइयो। आफूलाई हेरेर नियम बनाउने होइन नि। समग्र हित र आवश्यकता हेर्नुपर्‍यो।'

उमेर हद बढाउँदा लोकसेवा आयोगले दुई वर्षसम्म नयाँ भर्ना लिनै नपर्ने तर्क गर्दै उहाँले भन्नुभयो- 'युवा जनशक्तिले निजामती सेवामा प्रवेश गर्ने अवसर गुमाउनेछ। आम युवामा निराशा उत्पन्न हुनसक्छ।'

कतिपय सचिवले उमेर बढाउँदा पेन्सन रकम बचत हुने बताएका छन्। तर, ५८ वर्ष नै उमेर कायम राख्दा पुराना कर्मचारीले स्वत: अवकाश पाउने र नयाँ प्रविधिमा पोख्त कर्मचारी आउने भएकाले प्रविधिमैत्री, ऊर्जा र उत्साहवान जनशक्ति थपिने हुँदा सरकारी सेवामा थप छिटोछरितोपना आउने प्रवक्ता अधिकारीको भनाइ छ।

कतिपय मन्त्रालयका पुराना कर्मचारीले कम्प्युटर चलाउन नजान्दा सहयोगी राख्नुपर्ने अवस्था रहेको देखिन्छ। उनीहरू कसरी दिन कटाउँ भनेर बस्छन्। उमेर हद बढाउँदा निजामती कर्मचारीको समावेशीकरणमा पनि नकारात्मक असर पर्ने कतिपयको तर्क छ।

# 'गोरे' मोरङ प्रहरी हिरासतमा

आरोपितमध्ये २८ जना पुर्पक्षका लागि जेल चलान, २ जना रिहा

सरोज यादव, विराटनगर

साढे ३३ किलो सुन तस्करी र सनम हत्या काण्डका मुख्य अभियुक्त चूडामणि उप्रेती 'गोरे'लाई मंगलबार मोरङ अदालतमा उपस्थित गराई जिल्ला प्रहरी कार्यालय मोरङको हिरासतमा पठाइको छ। अभियुक्त उप्रेतीलाई प्रहरीले यति एयरलाइन्सको उडानबाट मंगलबार विराटनगर ल्याएको हो।

उप्रेतीलाई ल्याइएको विमान मंगलबार दिउँसो ३ बजे विराटनगर विमानस्थलमा अवतरण गरेको थियो। चर्चित सुनकाण्ड र सनम हत्याकाण्डका मुख्य आरोपित गोरेको समाचार संकलन गर्न गएका सञ्चारकर्मीलाई भने प्रहरीले छक्याएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

## गौरीघाटबाट समातिए

काठमाडौं, (नेस)

साढे ३३ किलो सुन तस्करीका मुख्य योजनाकार चूडामणि उप्रेती 'गोरे' पक्राउ परेका छन्। विशेष सुराकीको आधारमा साढे ३३ किलो सुन काण्डको छानबिन गर्न गठित छानबिन समितिले काठमाडौं गौरीघाटबाट गोरेलाई पक्राउ गरेको हो।

साढे ३३ किलो सुन बाटोमै हराएपछि उक्त सुनकाण्ड सार्वजनिक भएको थियो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गोरेको योजना र प्रहरीकै मिलेमतोमा सुन तस्करी हुने घटना रहस्य खुलेपछि सरकारले उक्त काण्डको अनुसन्धान गर्न छानबिन समिति गठन गरेको थियो।

समितिले सुनकाण्डमा संलग्न अन्य व्यक्तिहरू पक्राउ गरे पनि मुख्य योजनाकार गोरेलाई भने पक्राउ गर्न सकेको थिएन। सुनकाण्डका संलग्न प्रहरीका उच्च अधिकृत नै पक्राउ गरे पनि मुख्य योजनाकार गोरे फरार भएका थिए।

(क्रमशः पृष्ठ ९ मा)



## गोरेले यस्तो दिए बयान

काठमाडौं, (नेस)

तस्करीको साढे ३३ किलो सुन र सनम शाक्य हत्याकाण्डका मुख्य अभियुक्त चूडामणि उप्रेती गोरेले बाहिर आएजस्तो आफू ठूलो सुन तस्कर नभएको छानबिन समितिलाई बयान दिएको बताइएको छ। छानबिन समितिका एक सदस्यका अनुसार गोरेले बयानमा आफूले तस्करीको सुन व्यवस्थापन गर्ने मात्र काम गर्ने गरेका छन्।

गोरेको भनाइ उद्‌धृत गर्दै स्रोतले भन्यो- 'मभन्दा माथि काम गर्ने अरू पनि छन्।' गोरेले एकैदिनमा ८६ किलोसम्म सुन विमानस्थलबाट बाहिर ल्याएको समितिलाई जानकारी गराएका छन्। एकै दिनमा ८६ किलोसम्म सुन ल्याएको खुलासा पनि बयानको क्रममा गोरेले गरेको बताइएको छ। गोरेले नाम दिएका व्यक्तिलाई पनि कानुनी दायरामा ल्याउने गृहकार्य समितिले गरेको छ।

# दरबार हाइस्कुल तत्काल बनाउन मन्त्रीको निर्देशन

काठमाडौं, (नेस)

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले दरबार हाइस्कुल पुनर्निर्माणमा तत्काल शुरू गर्न सम्बन्धित पक्षलाई निर्देशन दिनुभएको छ।

भूकम्पले ध्वस्त उक्त स्कुलको अवस्था बुझ्न मंगलबार स्थलगत निरीक्षणमा पुग्नुभएका उहाँले महानगरपालिकासँग देखिएको समस्या तत्काल समाधान गरी पुनर्निर्माण तत्काल थालिने जानकारी दिनुभयो।

चीन सरकारले करिब १ अर्ब रुपियाँमा निर्माण गर्न लागेको सो विद्यालय नक्सापास गर्ने विषयमा विरोध हुँदै आएको थियो।

कामपाले अन्डरग्राउन्ड पार्किङसहितको भवन निर्माण गर्नपर्ने जनाउँदै नक्सा स्वीकृत गरेको थिएन। विद्यालयले गएको वैशाख २४ गते इजाजतपत्र प्राप्त गर्न आवश्यक कागजात महानगरमा पेस गरेको थियो। कामपा भवन निर्माण इजाजत विभाग प्रमुख रवीन्द्र पौडेलले केही दिनभित्रै नक्सा इजाजत दिने तयारी भइरहेको बताउनुभयो।

उहाँले भन्नुभयो- 'पहिला चीन सरकारसँग भएको सम्झौताबमोजिम नै नक्सा स्वीकृत गर्नेछौं। तत्कालको अवस्थामा अन्डरग्राउन्डको विषयमा छलफल गर्नेछैनौं।' तर केही दिनअघि कामपाका मेयर विद्यासुन्दर शाक्यले अन्डरग्राउन्ड पार्किङको व्यवस्था नभई नक्सा पास हुन नसक्ने बताउनुभएको थियो।

मन्त्रीले हिजैबाट पुनर्निर्माण शुरू भइसकेको जनाए पनि कामपाले नक्सा स्वीकृत गरेपछि मात्रै चीन सरकारले पुनर्निर्माण गर्न शुरू गर्नेछ।

मन्त्री पोखरेलले भने केही समस्या नभएकाले दुई वर्षभित्र पुनर्निर्माण सक्ने गरी भवन निर्माण तत्कालै शुरू जानकारी दिनुभयो। चीनले निर्माण शुरू गरेको १८ महिनाभित्र विद्यालय पुनर्निर्माण गरिसक्ने सम्झौता गरेको छ। विद्यालयको अवस्थाबारे जानकारी लिन अकस्मात् विद्यालय पुग्नुभएका मन्त्री पोखरेलले नक्सा पास गर्न कामपाले बखेडा झिक्न नहुने बताउँदै निर्माणका लागि जनशक्ति आइसकेको अवस्थामा नयाँ सर्त राख्न नमिल्ने स्पष्ट पार्नुभयो।'

(क्रमशः पृष्ठ ९ मा)


हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग


कांग्रेसले मुख खोल्यो

# सरकारको नीति तथा कार्यक्रम पार्टीको घोषणापत्र जस्तो

काठमाडौं, (नेस)

नेपाली कांग्रेस संसदीय दलले सरकारले ल्याएको नीति तथा कार्यक्रम पार्टीको घोषणापत्र जस्तो भएको भन्दै आधिकारिक धारणा राखेको छ। सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमबारे छलफल गर्न मंगलबार बसेको संसदीय दलको बैठकले यो नीति र कार्यक्रम पार्टीको घोषणापत्र जस्तो घोषणाको पुलिन्दा मात्र रहेको निष्कर्ष निकालेको हो।

सोमबार विज्ञसहित बसेको संसदीय दलको बैठकमा विज्ञहरूले आ-आफ्नो राय तथा सुझाव दिएका थिए। नीति तथा कार्यक्रमले संघीय लोकतान्त्रिक गणतन्त्रालाई संस्थागत गर्ने, नेपाली जनताको घर आगनमा सरकारको सेवा र सुविधा पुर्‍याउने सबैको प्रतिबद्धता एवं नेपाली जनताको चाहनालाई बेवास्ता गर्दै स्थानीय सरकार तथा प्रदेश सरकारलाई सशक्त बनाउने योजना दृढतापूर्वक नल्याएको पनि कांग्रेसले ठहर गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# एक दशकपछि हट्यो भारतीय क्याम्प

नेपाल समाचारपत्र

काठमाडौं

भारतले विराटनगरमा सञ्चालन गरेको आफ्नो अस्थायी क्याम्प हटाएको छ। २०६५मा कोशी बाँध फुटेपछि बाँध पुनर्निर्माणका लागि काठमाडौंस्थित भारतीय दूतावासको पहलमा क्याम्प स्थापना गरिएको थियो। एक वर्षभित्रैमा बाँध पुन: निर्माण भए पनि भारतले आफ्नो कार्यालय नियमितरूपमा सञ्चालन गर्दै आएको थियो। क्याम्प हटाउन नेपालले पटक-पटक कूटनीतिक पहल गरे पनि भारतले गम्भीरतापूर्वक लिएको थिएन।



क्याम्प स्थापना भएको करिब १० वर्षपछि सो कार्यालयको उद्देश्य पूरा भएकाले बन्द गरिएको र त्यहाँका कर्मचारीलाई अन्यत्र सरुवा गरिएको भारतीय विदेश मन्त्रालयले विज्ञप्तिमार्फत प्रस्टयाएको छ। क्याम्प स्थापनाको उद्देश्य पूरा भएकाले हटाइएको भारतीय विदेश मन्त्रालयले जनाएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमण र हालै उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीको नेपाल भ्रमणका क्रममा यो विषयमा छलफल भएपछि बल्ल क्याम्प हटेको परराष्ट्र मन्त्रालय निकट स्रोतले जनाएको छ। विरटनगर महानगरपालिका-१३ स्थित मलाया रोडमा आफ्नो मुलुकको झण्डासहित फिल्ड अफिस खडा गरेको थियो।

भारतले वीरगन्जमाझैं कन्सुलेट कार्यालय स्थापनाको पहल गर्दै लामो समयसम्म फिल्ड कार्यालय नहटाएको परराष्ट्रका अधिकारीहरू बताउँछन्।

(क्रमशः पृष्ठ ९ मा)

2018, MAY
Wednesday
23

महानगर

महानगरभित्रका साधन र स्रोतको अधिकतम उपयोग गरी उद्योगधन्दा, कलकारखानाको विकासमा प्रोत्साहन गरी उद्यमशीलतामा विकासमा जोड दिइनेछ। यसबाट थुप्रै प्रकारका रोजगारीको अवस्था सिर्जना हुन्छ। त्यस्तै प्राविधिक शिक्षामा जोड दिइनेछ। युवाहरूको दक्षता वर्गीकरण गरी त्यसअनुरूप नै विभिन्न कार्यक्रम सञ्चालन गर्ने सोच महानगरपालिकाको छ।

# पोखरालाई प्रविधिमैत्री महानगर बनाउने तयारी



पोखरा लेखनाथ महानगरापालिका क्षेत्रफलका हिसाबले देशकै ठूलो महानगरपालिका हो। ग्रामीण भेगलाई समेत समेटेर ३३ वटा वडामा विभाजित यो महानगरपालिको क्षेत्रफल ४६४.३२ वर्ग किमि छ। ४ नं प्रदेशको राजधानीसमेत रहेको पोखरा पर्यटकीय शहर पनि हो। सफा र स्वच्छ शहरका रूपमा सुरपरिचित पोखरा प्राकृतिक स्रोत र साधनले पनि सम्पन्न छ। नजिकैबाट आँखाअघि नै टल्लक्क टल्किने अन्नपूर्ण हिमशृङ्खलाले जो कोहीलाई लठ्याइदिन्छ। अझ फेवातालमा माछापुच्छ्रेको छाया हेरेर रमाउने पोखरा सबैका लागि सुन्दर लाग्छ। यहाँका तालतलैया, शान्तिस्तुपा, महेन्द्रगुफा, गुप्तेश्वर गुफा, पातले छाँगो, सराङकोट, काहुँडाँडालगायतका स्थानको वर्णन गरी साध्य छैन। प्रस्तुत छ, यही सुन्दर र ठूलो महानगरपालिकाका प्रमुख मानबहादुर जिसीसँग नेपाल समाचारपत्रका लागि **टंकराज अधिकारी**ले गरेको कुराकानीको सारसंक्षेप :-

**पोखरा लेखनाथ महानगरपालिकाको प्रमुख बनेर आएको पनि एक वर्ष पुग्यो, कस्तो महसुस गर्नुभएको छ ?**

स्थानीय तहको निर्वाचन भएपश्चात् हामीले स्थानीय सरकार सञ्चालनका लागि सहजता बनाउन यो अवधिलाइ ऐन नियम तयारी वर्षको रूपमा बितायौं। सांगठनिक सुधारलगायतका कार्य अगाडि बढाएका छौं। सेवाग्राहीलाई छिटोछरितो सेवा दिँदै प्रविधिमैत्री महानगर बनाउने योजनाको तयारीमा नै एक वर्ष बित्यो।

**स्थानीय तह सञ्चालन ऐन बनाउने कार्य कहाँ पुग्यो ?**

हामीले दोस्रो नगरसभा तथा पहिलो विधायनसभाबाट आमसरोकारका कार्य सम्पादनका लागि १८ वटा नीति तथा ऐन तयार गरिसकेका छौं। बनाउन बाँकी रहेका स्थानीय ऐन तथा नियम आगामी सभाबाट तयार गर्दै जाने योजनामा छौं।

**महानगरको विकासलाई कसरी हेर्नुभएको छ र प्राथमिकता के केलाई दिनुभएको छ ?**

सडक सञ्जालको व्यवस्थापन एवं पूर्वाधार निर्माणलाई पहिलो प्राथमिकता दिएका छौं। महानगरका बजार क्षेत्रमा पार्किङ र ढल व्यवस्थापन गर्दै छौं। बाढीपहिरो र भू-क्षयले फेवाताल पुरिने क्रम बढेको छ। त्यसको नियन्त्रणका लागि कार्ययोजना बनाउने र बेगनासलाई लेकसिटका रूपमा विकास गर्न पीपीए गर्ने तयारीमा जुटेका छौं। जनतालाई स्वास्थ्य र शिक्षा सर्वसुलभ बनाउने प्रयत्न गर्दै छौं। भू-संरक्षण नीति बनाउने, साउन १ गतेदेखि महानगरका ३३ वटै वडामा अनलाइन सेवा सञ्चालन गरी सेवाग्राहीलाई छिटोछरितो सेवा प्रदान गर्ने तयारीमा जुटेका छौं। यो वर्षलाई योजना वर्षका रूपमा लिएर आगामी वर्षदेखि कार्यान्वयनमा जाने तयारी भइरहेको छ। पर्यटन विकासका लागि पोखराका आसपासका क्षेत्रहरूको सम्भाव्यता अध्ययन र पहिचान गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने र रोजगारीको अवसर सिर्जना गर्ने योजना छ। साथै समग्र कास्की जिल्लाको विकास र समृद्धिका लागि कृषि, जलविद्युत् र पर्यटन क्षेत्रको दीर्घकालीन विकास कार्यक्रम सञ्चालन गर्ने योजनामा छौं।

**महानगरको विकासका लागि स्थानीय साधन, स्रोत र सामर्थ्यले मात्र सम्भव छ ?**

महानगरसँग प्रशस्त सम्भावना एवं स्रोतहरू छन्। हामी स्थानीय स्रोत, साधनको अधिकतम प्रयोग गरेर महानगरको विकासमा जुट्नेछौं। कतिपय स्रोत साधनको पहिचान गर्ने क्रममा छौं।

**अहिले केमा व्यस्त हुनुहुन्छ ?**

भर्खर मात्रै विधानसभाबाट केही नीति तथा कानुनहरू बनाएर अगाडि बढेको समय छ। तत्काल हामी फिर्केखोला व्यवस्थापन एवं फेवाताल संरक्षणका काममा जोड दिइरहेका छौं। फेवातालको शिरमा सिल्ट्रेसन ड्याम तयार गर्ने, पर्यटन बसपार्क अत्याधुनिक बनाउने, पोखरामा आकासेपुल निर्माण तथा ढल निकाससम्बन्धी योजना निर्माणको काम अगाडि बढाउँदै छौं।

**मतदाताले सम्झन लायकका उल्लेख्य काम केके भएका छन् ?**

दीर्घकालीन महत्त्वका काममा योजनाबद्ध रूपमा हामी अगाडि बढेका छौं। ट्राफिक आइल्यान्ड साना र डिजिटलयुक्त बनाउने कार्य, महानगरको सेवा छिटोछरितो बनाउन एक वडा एक प्राविधिक, वडावडामा मासिकरूपमा जेष्ठ नागरिक स्वास्थ्य शिविर, फुट्पाथ र ड्रेनसहितका फराकिला सडक निर्माण, शहीद तथा राष्ट्रिय विभूति पार्क निर्माणको मास्टर प्लान निर्माण, फ्रि वाइफाइ जोन निर्माण, खुला स्थानको पहिचान एवं सार्वजनिक जग्गा संरक्षण अभियान, फिर्केखोला र सेतीनहर रेखांकन महानगरका उपलब्धिमूलक कार्य हुन्। सडक सरसफाइ अत्याधुनिक बनाउनुका साथै गट्टरदेखि गट्टरसम्म १३ किमि सडक पिच गर्ने कार्यहरू अगाडि बढिसकेको छ। एक वडादेखि अर्को वडासम्म जोड्न कनेक्टिङ सडक निर्माण कार्य द्रुत गतिमा अगाडि बडाएका छौं, महानगरभित्रका छाडा पशु व्यवस्थापनका लागि पशु ट्यागिङको पाइलट प्रोजेक्ट शुरू गरिसकेका छौं।

**सुन्दर पर्यटकीय शहर पोखरालाई व्यवस्थित बनाउन केकस्ता योजना ल्याउँदै हुनुहन्छ ?**

पोखरा वास्तवमा प्राकृतिकरूपमा नै सुन्दर छ। यसलाई थप सुन्दर बनाउन हामीले नगरपरिषद्मार्फत विभिन्न महत्त्वकांक्षी योजनाहरू अगाडि सारेका छौं। विशेष गरी भौतिक पूर्वाधारको क्षेत्रमा विशेष कार्यक्रम जस्तो फ्लाई ओभर, आकासेपुलको सम्भाव्यता अध्ययनको शुरूआत गर्ने, फेवाताल संरक्षणका लागि फेवातालमा मिसाइएको नहरलाई डाइभर्ट गरी फुस्रे खोलामा फाल्ने कार्य, भवन निर्माण मापडण्द पुनरावलोकन तथा एकरूपता कायम गर्ने, गरिबका लागि आवास कार्यक्रम सञ्चालन गरी नमुना बस्तीका रूपमा विकास गर्ने, करको दायरा फराकिलो बनाई पोखरा महानगरपालिकाको आन्तरिक स्रोत वृद्धि गर्नेजस्ता कार्यक्रम अगाडि सार्ने योजना महत्त्वका साथ अगाडि बढाइएको छ।

**पोखरामा आउने पर्यटकको बसाइ बढाउन महानगरले केकस्तो योजना अघि सारेको छ ?**

स्थानीय निकायको पुनर्संरचनाबाट महानगरको आकार जिस्तार भएको छ। यसले गाउँ र शहरलाई जोड्ने काम गरेको छ। महानगरका ग्रामीण भेगहरू अझ प्राकृतिक सम्पदाले सम्पन्न छन्। विस्तृत अध्ययन गरी डीपीआर गर्नुपर्ने अवस्था छ। त्यसतर्फ महानगरले कार्ययोजना बनाई अगाडि बढ्ने तयारी गरेको छ। काँहुडाँडा, अर्मलाकोट, नागिडाँडा, झुप्राङकोट, सराङकोट, कास्कीकोट, पुम्दीकोट, कालीकाकोट, साम्मीडाँडा, हुँदीकोटलगायतका स्थानको सम्भाव्यता अध्ययन गर्ने तयारीमा छौं। विशेषत: विश्वप्रख्यात महेन्द्रगुफादेखि अर्मला हुँदै सिक्लेस पुग्ने पदयात्रा मार्ग, ड्यामसाइडदेखि रानीवन, पुम्दीकोट हुँदै पञ्चासे पुग्ने पदयात्रा मार्गको सम्भाव्यता अध्ययन गर्ने योजना महानगरले अघि सार्नेछ। फेवा, बेगनास, रूपालगायतका ताल किनारमा फुट ट्र्याक निर्माण गरिनेछ। पोखरामा पर्यटको बसाइ अवधि थप्न महानगरका आसपास क्षेत्रमा होमस्टे निर्माणमा जोड दिइनेछ। साहसिक खेलहरूको विकासमा योजनाबद्ध ढंगले अघि बढाइनेछ। आवश्यक परेमा विज्ञहरूको अध्ययन टोली बनाई उक्त टोलीले तयार पारेको प्रतिवेदनका आधारमा अघि बढ्ने योजनामा महानगर अघि बढ्नेछ। यसले आन्तरिक तथा बाह्य पर्यटकको बसाइ लम्बाउन थप मद्दत पुग्छ भन्ने हामीले विश्वास लिएका छौं।

**दक्ष युवाशक्ति स्वदेशमा बस्न रुचाउँदैन, युवालाई सम्बोधन हुने कार्यक्रम के ल्याएको छ महानगरपालिकाले ?**

महानगरभित्रका साधन र स्रोतको अधिकतम उपयोग गरी उद्योगधन्दा, कलकारखानाको विकासमा प्रोत्साहन गरी उद्यमशीलतामा विकासमा जोड दिइनेछ। यसबाट थुप्रै प्रकारका रोजगारीको अवस्था सिर्जना हुन्छ। त्यस्तै प्राविधिक शिक्षामा जोड दिइनेछ। युवाहरूको दक्षता वर्गीकरण गरी त्यसअनुरूप नै विभिन्न कार्यक्रम सञ्चालन गर्ने सोच महानगरपालिकाको छ।

**पोखराको जनघनत्व बढ्दो छ। जमिनको पर्याप्तता कमी हुँदै गएको छ, महानगरले अपार्टमेन्टको बारेमा केही सोचेको छ ?**

पोखराको भू-बनोटका बारे भूगर्भविद्हरूले यसअघि नै अध्ययन प्रतिवेदन सार्वजनिक गरिसकेको अवस्था छ। यद्यपि महानगरमा अपार्टमेन्टको निर्माण गर्ने बारेमा थप भौगोलिक अध्ययनको कार्य भइरहेको छ। प्रारम्भिक अध्ययनबाट सेती पारी ११, १२, १३, १४ र १६ वडामा गर्न सकिने विषयमा सम्भाव्यता अध्ययन गरी परिषद्मार्फत निर्णय गर्ने योजना महानगरपालिकाको छ।

**पोखरा प्राकृतिक विपद्को चपेटामा परिरहन्छ, दीर्घकालीन रोकथामका लागि महानगरपालिकाले कस्तो रणनीति बनाउँदै छ ?**

हामी प्राकृतिक विपद् व्यवस्थापनको विषयमा अत्यन्तै संवेदनशील र सचेत छौं। महानगरस्तरीय विपद् व्यवस्थापन समिति, वडास्तरीय र टोलस्तरीय विपद् व्यवस्थापन समिति गठन गरी विभिन्न पूर्वाधारका साथै सचेतनामूलक कार्यक्रम निरन्तर गरिरहेका छौं। विपद् व्यवस्थापनका लागि विशेष कोष खडा गरी तत्कालै राहत दिन सक्ने व्यवस्थासमेत पोखरा लेखनाथ महानगरपालिकाले गरेको छ। साथै महानगरपालिकाको स्वीकृतिमा विपद् उत्थानशील परियोजनालाई विभिन्न विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने अनुमतिसमेत प्रदान गरिएको छ।

**पोखरा उपत्यकाको खाली जग्गामा संरचना निर्माण कार्य तीव्र छ, यसलाई रोक्न महानगरपालिकाले के गर्दै छ ?**

पोखरा सबैका लागि आकर्षणको केन्द्र हो। यहाँको जनसंख्या वृद्धिदर ५.७१५ छ। जसको कारण भवन निर्माण अव्यवस्थित भइरहेको छ। त्यसलाई रोक्न पहिलेदेखि नै पहल भएको भए राम्रो हुन्थ्यो। तर हामी निर्वाचित भएर पोखरा महानगरपालिका आइसकेपछि भवन निर्माण मापदण्ड पुनरावलोकन गरी लागू गर्ने निर्णय गर्दा 'फार रेसियो'को अवधारणालाई अगाडि बढाउने १ घर २ रूखको अवधारण कडाइका साथ लागू गर्ने भवन निर्माण आचारसंहिता लागू गरिसकिएकोलगायतका कार्यक्रम अगाडि बढाइएको छ। यसबाट त्यसको नियन्त्रण हुन्छ भन्ने हामीले विश्वास लिएका छौं।

**भू-कम्प प्रतिरोधात्मक भवन निमार्णमा सरकारी नीति कतिको प्रभावकारी भएको छ ?**

पोखरा लेखनाथ महानगरपालिकामा भवन निर्माण आचारसहिंता लागू गर्ने कार्य योजना बनाई काम शुरू गरेका छौं। त्यसको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन कार्यलाई तीव्रता दिइएको छ। म गर्वसाथ भन्छु हामी भवन निर्माण आचारसंहिता लागू गर्ने विषयमा नेपालकै उत्कृष्ट पोखरा महानगरपालिकाका हो, जुन तपाईंले निर्माणस्थलमा नै गएर हेर्न सक्नुहुन्छ। आगामी दिनमा अझै घनीभूत ढंगबाट छलफल गरी कार्यन्वयन गर्ने विषयमा हामी प्रतिबद्ध छौं।

**समग्रमा पोखरा लेखनाथ महानगरपालिका कस्तो बनाउँदै हुनुहुन्छ ?**

मैले भविष्यको पोखरा लेखनाथ महानगरपालिका उत्कृष्ट होस्, स्वच्छ, सफा, सामाजिक न्याय भौतिक पूर्वाधारले सम्पन्न, प्राकृतिक सम्पदाको सदुपयोग र संरक्षणसहितको पोखरा मेरो परिकल्पना हो। जुन परिकल्पना मात्र गरेर हुँदैन। हामीले अहिले गरेको यो परिकल्पना साकार हुनुपर्छ। साथै भावी पुस्तालाई त्यही परिकल्पना गरिएको पोखरा हस्तान्तरण गर्न सकियोस् भन्ने मेरो चाहना छ।

# 'सडक विस्तारको काम त्यत्तिकै रोकियो'

**सुरेश तामाङ, काठमाडौं**

अघिल्लो पटकको सरकारले नेपालभरका सडकहरू दुई लेनको बनाउने योजना ल्यायो। त्यस योजनाअनुसार सरकारले नेपाल भरका सडकहरू १ लेनको नभई सहजै दुई सवारी आवत जावत गर्न मिल्ने गरी २ लेनमा विस्तार गर्ने लक्ष्य राख्यो।

त्यसै आधारमा सरकारले देशभरका सडक चौडा गर्न बजेट पनि प्रशस्तै छुट्यायो। उपयुक्त योजना र बजेट विनियोजन भए पनि सडक विस्तार सोचेको जस्तो बनेन। उपत्यकाभित्रकै सडक विस्तार गर्ने क्रममा यस योजना फलामको चिउरा चपाउनु सरी भयो।

कारण बन्यो, सडक विस्तारका क्रममा स्थानीयले सर्वोच्च अदालतसँग मागेको अन्तरिम आदेश। स्थानीयको मागअनुसार सर्वोच्चले उपत्यकाका विभिन्न १३ सडक खण्डमा अन्तरिम आदेश जारी गरेको छ।

मापदण्डले तोकिएको सडकको दूरीभित्रको संरचना हटाउँदै सडक विस्तार गर्न लाग्दा सडक खण्ड छेउका स्थानीयहरू मिलेर सर्वोच्चमा रिट निवेदन दिएका थिए।

सर्वोच्चकै आदेशका कारण आर्थिक वर्ष २०७२/७३ देखि ठेक्का लागेका सडकहरू बन्न नसकेको काठमाडौं उपत्यका विकास प्राधिकरण आयुक्तको कार्यालय काठमाडौंका प्रमुख दीपक श्रेष्ठले बताउनुभयो।

'काठमाडौं उपत्यकामा मात्रै १३ ओटा सडक खण्डमा सर्वोच्चको आदेश छ,' उहाँले भन्नुभयो- 'आदेश भएपछि काम गर्ने वातावरण भएन। सडक विस्तारको काम त्यतिकै रोकिएको छ।'

सर्वोच्चको अन्तरिम आदेश भएका सडकहरू कलंकी-नागढुंगा सडकमा २, जोरपाटी-साँखु सडकमा ३, जोरपाटी-सुन्दरीजल सडक १, सातदोबाटो-गोदावरी २, सातदोबाटो-चापागाउँ १ र कर्मनाशा खोला-हरिसिद्धि-ठैव-बाँडेगाउँ-गोदावरी सडक ४ गरी १३ सडक खण्ड हुन्।

आदेश भएकामध्ये कलंकी-नागढुंगा सडक खण्डका २ वटा र जोरपाटी-साँखु सडक खण्डका २ वटा परेको रिट सर्वोच्चले हेर्दा हेर्दैमा राखिएकोमा असोज २ गते जोरपाटी-साँखु सडकमा फैसला गरेको छ। तर अहिलेसम्म पूर्ण पाठ भने निकालेको छैन।

यस रिटहरू न्यायाधीशहरू पुरुषोत्तम पराजुली, केदारप्रसाद चालिसे र हरिकृष्ण कार्कीको पूर्ण इजलासमा छन्।

सो रिटपछि आउने आदेश विकासको क्षेत्रमा एउटा नजिरका रूपमा आउने भन्दै यो रिटलाई प्रमुखताका साथ हेरिएको छ। आदेशमा 'वि विन'को अवस्थामा फैसला आएको भन्दै छलफल भइकेको प्राधिकरणका काठमाडौं प्रमुख श्रेष्ठले बताउनुभयो।

उहाँले भन्नुभयो- 'जोरपाटी-साँखु सडक खण्डको सर्वोच्चको अन्तरिम आदेशमा सर्वोच्चले फैसला गरिसकेको छ। फैसलाको पूर्णपाठ भने अझै आइसकेको छैन। फैसला वि विनको अवस्थामा आएको छ। हामी छलफल गरिरहेका छौं।'

काठमाडौं उपत्यका सडक विस्तार आयोजनाका सूचना अधिकारी विश्व विजयलाल श्रेष्ठले सर्वोच्चको अन्तरिम आदेश नभएको स्थानमा काम भइरहेको बताउनुभयो।

'सर्वोच्चको अन्तरिम आदेश नभएको स्थानमा सडक विस्तारको काम भइरहेको छ,' उहाँले भन्नुभयो- 'हामी यसमा कटिबद्ध भएर लागिरहेका छौं।'

सडक विस्तारका क्रममा पीडित बन्ने स्थानीयबाट माग भएबमोजिम सर्वोच्चको अन्तरिम आदेश मात्रै नभई स्थानीयका लगातारको अवरोधका कारण पनि सडक विस्तार हुन सकेको छैन।

'सडक विस्तार हुन नसक्नुमा सर्वोच्चको अन्तरिम आदेश पनि छ। अर्को कुरा स्थानीयको निरन्तर विरोध आइरहनुले पनि सडक विस्तार हुन सकिरहेको छैन।' -उहाँले भन्नुभयो।

जोरपाटी-सुन्दरीजल ७ किलोमिटर खण्ड र काम हुन नसकेको ढोलाहिटि-सुनाकोठी-चापागाउँ-प्याङगाउँ हुँदै लेले तिलेश्वर साढे १३ किलोमिटर सडक खण्डको काम हुन सकेको छैन।

यी सडकहरू २०७२/७३ मा ठेक्का पाएका सडकहरू हुन्। प्राय: सडक आगामी वर्षभित्र सम्पन्न गरिसक्नुपर्नेमध्ये केही भने शुरू गरेको १ वर्षभित्र सम्पन्न हुनुपर्ने सडक विभिन्न कारणले गर्दा अहिलेसम्म सम्पन्न हुन सकेको छैन।

आयोजनाका सूचना अधिकारी श्रेष्ठले भन्नुभयो- 'बहुवर्षे ठेक्काअनुसार २०७२/७३ बाट ठेक्का लागेका सडक छन्। यी सडकहरू आगामी वर्षभित्र सम्पन्न गरिसक्नुपर्नेछ तर ठेक्का लागेको १ वर्षभित्र सक्नुपर्ने सडकसमेत विभिन्न कारणले सकेको छैन।'

त्यस्तै उपत्यकाबाहिरबाट भित्रिने मुख्य सडक मानिने त्रिपुरेश्वर नागढुंगामा विभिन्न अवरोधका बाबजुद ५० प्रतिशत काम सम्पन्न आयोजनाले जनाएको छ। सडक विस्तारका क्रममा विस्थापित हुन परेको भन्दै विभिन्न नामका दबाब समूहसमेत बन्यो। राजधानीमा उपत्यका बन्ददेखि नारा जुलुससमेत भएको छ।

सडक विस्तार गर्दा गर्दै विरोध आएपछि त्यत्तिकै छोडेकाले त्यस सडक खण्डमा नागरिकले सास्तीसमेत खेप्दै आइरहेका छन्। घाम लाग्दा धूलो र पानी पर्दा हिलोले नागरिकलाई सताउन छाडेको छैन।

त्यस्तै सडक साँघुरो हुँदा सवारी घण्टौंसम्म जाममा परिरहेका छन्। यसका कारण नागरिकले अनाहकमा सास्ती हेपिरहनुपरेको छ।



## दुई संगी

अमेरिकामा अभिनेतृद्वय पूजा आर लामा र सारंगा श्रेष्ठ।

## चौका दाउ

सुटिङ फ्लोरमा रहेको फिल्म चौका दाउमा अभिनेता तैयव शाह र नायिका वर्षा राउत।









# लोपोन्मुख जीवजन्तुको जीवनबाट फेसन

भनिन्छ फेसन सिर्जना गर्नेहरूका लागि सीमितता हुँदैन। फेसनमा देखिने नयाँ प्रयोग, अकल्पनीय शैली यसैको उपज हो।

गत शनिबार बेलुकी ८ बजेपछिको समयमा बौद्धस्थित हायात रिजेन्सी होटलमा देखा परेका दृश्य पनि यस्तै थिए। १६ पहिरनका स्वरूपको भव्यता, तिनमा देखिएको अनुपम कला, सीप र मिहेनत प्रशंसनीय थियो। ती सबै पहिरनका स्वरूप प्रभावित थिए लोपोन्मुख र खतराको सूचीमा परेका जीवजन्तु, वनस्पति, पन्छीलगायतका जीवनबाट। हिमालयन मुनाल, इन्डियन फ्याइङ फक्स ब्याट, रेन्बो लोरिकेट, सारस क्रेनदेखि स्नो लियोपार्ड, ह्वाइट ब्याट फ्लावरसम्मबाट प्रेरित पहिरनका स्वरूपले फेसन कार्यक्रममा आकर्षण थपेको थियो। प्रसंग हो नमुना कलेज अफ फेसन टेक्नोलोजीमा फेसन डिजाइनिङमा स्नातकको पढाइमा अध्ययनरत १३औं ब्याचका ६३ जना विद्यार्थीको अन्तिम परीक्षाको महत्त्वपूर्ण पाटोका रूपमा प्रस्तुत सेरा डि स्टिलिस्टा शीर्षकमा सम्पन्न फेसन शोको।

सिर्जनात्मक सोच र कल्पनाशीलताले सजिएका यी पहिरनले फेसन पारखी दर्शकलाई फेसनको नौलो स्वादले मन्त्रमुग्ध बनाएको त थियो नै। साथै लोपोन्मुख जीवजन्तुको संरक्षणको आवश्यकताबारे पनि सचेतना प्रदान गरेको थियो। विद्यार्थी डिजाइनर स्वयंले आयोजना एवं व्यवस्थापन गरेको सो ग्राजुएसन फेसन शोमा अन्य ४ सिक्वेन्स पनि प्रस्तुत गरिएका थिए। कार्यक्रमको प्रमोसनका लागि फोटोसुटमा प्रयोग भएका पहिरनका मोडलसहित नमुना कलेजका संस्थापक प्रिन्सिपल एवं अग्रणि नेपाली फेसन डिजाइनरका रूपमा परिचित ज्ञानी शोभा तुलाधरको रनवेमा उपस्थितिसँगै अगाडि बढेको उक्त फेसन शो रोजिन शाक्यको कोरियोग्राफीमा सम्पन्न भएको थियो। फेसन शोमा १० युवा मोडलसहित ३ दर्जनभन्दा बढी मोडलले र्‍याम्पमा ओहोरदोहोर गरेका थिए। कार्यक्रममा यस वर्ष मिस नेपाल विजेताको पनि विशेष उपस्थिति रहेको थियो।

फेसन शोको प्रारम्भ हाकु पटासि फ्लेवरबाट प्रभावित पहिरनबाट भएको थियो। त्यसपछि अहिले प्रचलनमा रहेको कलर ब्लकिङ शैलीबाट प्रभावित रंगीन पहिरनको आकर्षण थियो। गोल्ड एन्ड ग्लिटर सिक्वेन्समा भने फ्लोर लेन्थ गाउन, ब्लेजर तथा डिनर ज्याकेट, कोट आदिको सुनौला रंगमा ग्लिटर मिश्रित पहिरनको प्रधानता थियो। ट्रान्सफोरमेसन सिक्वेन्स अलिक पृथक थियो। जसमा प्रारम्भमा मोडलहरू स्कर्टलगायतका छोटा पहिरनमा देखिएका थिए भने तिनै पहिरन अन्ततः फ्लोर लेन्थ पहिरनमा बदलिएका थिए। ट्रान्सफोरमेसन स्टाइलबाट एउटै पहिरन शैलीमा २ स्वरूपको नमुनालाई डिजाइर एवं मोडलहरूले आकर्षक एवं मनमोहक तरिकाले प्रस्तुत गरेका थिए।

## पत्रकार र कलाकार सम्मानित

हेटौंडा, (नेस)। चलचित्र पत्रकारिता दिवसका अवसरमा चलचित्र पत्रकार संघ मकवानपुरले सोमबार २ पत्रकार र २ कलाकारलाई सम्मान गरेको छ।

यस वर्षको चलचित्र पत्रकारिता पुरस्कारबाट रामकुमार एलनलाई नगद ५ हजारसहित र दोस्रो पटक प्रदान गरिएको *राष्ट्रिय चलचित्र पत्रकारिता सम्मान*बाट डब्बु क्षेत्रीलाई नगद ११ हजार १ सय ११ रुपियाँसहित सम्मान गरिएको छ। त्यसैगरी कलाकारिता सम्मानबाट हेटौंडेली नायिका निता ढुंगाना र कलाकार सुशान्त श्रेष्ठलाई सम्मान गरिएको छ। उनीहरूलाई सम्मान गर्दै नेपाली कांग्रेस मकवानपुरका सभापति तथा प्रदेश प्रमुख प्रतिपक्षी दलका नेता इन्द्रबहादुर बानियाँले नेपालमा परिस्थितिअनुसार फिल्म निर्माण भइरहेकोमा अब देश शान्ति र समृद्धितर्फ लम्किएकाले शान्तिका विषयमा फिल्म बनाउनुपर्नेमा जोड दिए।





**नेपाली लुक्स** | लक्ष्मण सिंहको निर्देशनमा निर्माणाधीन फिल्म करोडपतिको सुटिङमा बलिउड कलाकार राजपाल यादवका साथ आर्यन अधिकारी।

## सेनाको प्रतियोगिताका विजयीलाई पुरस्कार

नेपाली सेनाद्वारा आयोजित लघु फिल्म प्रतियोगिता-२०७४ का उत्कृष्ट फिल्मलाई पुरस्कार प्रदान गरिएको छ। सोमबार जंगी अड्डास्थित सभामण्डपमा आयोजित विशेष समारोहका बीच प्रधानसेनापति राजेन्द्र क्षत्रीले पुरस्कार प्रदान गरेका हुन्।

प्रतियोगितामा सञ्जीव पौडेलको लघु फिल्म *अटुट नाता* प्रथम, शम्भुसेन थापाको *त्याग* द्वितीय र प्रधुम्न मिश्रको *इतिहास निर्माणको यात्रामा*लाई तृतीय भएबापत क्रमशः २ लाख, १ लाख ५० हजार र १ लाख रुपियाँ प्रदान गरिएको थियो। चौथो हुने विकास लामाको लघु फिल्म *विजेता* र पाँचौं हुने जोन गुरुङको *वैशाखी*लाई सान्त्वना पुरस्कारस्वरूप जनही २५ हजार रुपियाँ प्रदान गरिएको थियो।

सोही अवसरमा नेपाली सेनाको वार्षिक प्रकाशन *सिपाही वार्षिक-२०७४* तथा *द शिवपुरी जर्नल२०१८* मा प्रकाशित लेख रचनाका विजेतालाई पनि पुरस्कार प्रदान गरिएको थियो। नेपाली सेनाले हरेक वर्ष आयोजना गर्दै आएको लघु फिल्म प्रतियोगितामा विभिन्न विषयवस्तु समावेश गरी फिल्म विज्ञहरूद्वारा मूल्यांकन गराई उत्कृष्ट फिल्मलाई पुरस्कृत गर्दै आएको जनाएको छ। यस किसिमको प्रतियोगिताले राष्ट्रप्रति जिम्मेवार र कर्तव्यनिष्ठ रही सन्देशमूलक लघु फिल्म उत्पादन गर्नमा उल्लेखनीय भूमिका खेल्ने तथा नेपालको कला, संस्कृति र पहिचानलाई थप मजबुत बनाउन सहयोग पुग्ने विश्वास नेपाली सेनाले व्यक्त गरेको छ।





नेपाल समाचारपत्र

www.newsofnepal.com

2018, MAY
Wednesday
23

# विचार

सुख स्वभावैले अल्पकालीन
हुन्छ भने दुःख दीर्घकालीन।
- वाण भट्ट

तपतप चुहिने पानीका थोपाहरूले पनि
आखिरमा ढुंगालाई खियाउँछन्।
- लुकेटियस

## सम्पादकीय

नेपाल समाचारपत्र

# नीति तथा कार्यक्रम कार्यान्वयन गरियोस्

हरेक वर्ष सरकारले बजेट ल्याउनुअघि नीति तथा कार्यक्रम ल्याउने गर्छ। सरकारले ल्याउने नीति तथा कार्यक्रमले नागरिकमा आशा पनि जगाउँछ। नीति तथा कार्यक्रम सुन्दा लोकप्रिय र निकै आकर्षक लाग्छन् तर परिणाम हेर्ने हो भने धेरै आशा गर्ने ठाउँ देखिँदैन। लामो समयको राजनीतिक अस्थिरतापछि बहुमतको सरकार बनेको छ। केपी शर्मा ओली नेतृत्वको सरकारसँग नागरिकले आशा र अपेक्षा पनि गरेका छन्। तर सरकारले ल्याएको नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन नहुँदा नागरिकमा निराशा छाउने गरेको छ।

देशको शिक्षा र स्वास्थ्य कस्तो हुने, उद्योगधन्दा कसरी बढाउने, देशभित्र नै रोजगारी कसरी सृजना गर्ने, कृषि, पर्यटन, जलविद्युत्को विकास कसरी गर्ने भन्नेजस्ता महत्वपूर्ण विषयलाई सरकारको नीति तथा कार्यक्रममा समावेश गरिएको छ। 'खुशी नेपाली समृद्ध नेपाल' भन्ने नारालाई सरकारले आफ्नो लक्ष्य बनाएको छ। खुशी र समृद्ध नेपाली आजको आवश्यकता हो तर त्यो लक्ष्य प्राप्त गर्नको लागि बाटो सहज छैन। विशेष गरी देशलाई समृद्ध बनाउनको लागि सरकारले दुई विषयमा गम्भीरताको साथ गृहकार्य गर्नुपर्छ। पहिलो कुरा त हाम्रो देशको शिक्षा नीति के हुने ? शिक्षा नीतिमा व्यापक सुधार नभईकन दक्ष जनशक्ति उत्पादन हुन सक्दैन। दक्ष जनशक्तिको अभावमा सरकारले अगाडि सारेको नीति तथा कार्यक्रमले पूर्णता पाउँदैन। आफ्नै देशको माटो सुहाउँदो शिक्षा नीति बनाउनुपर्ने आजको आवश्यकता हो। शिक्षामा सरकारले करोडौं बजेट खर्च गरे पनि परिणाममा सुधार आउन सकेको छैन। सरकारले वार्षिकरुपमा शिक्षा क्षेत्रमा गर्ने लगानीले अपेक्षा गरेजस्तो उपलब्धि हासिल गर्न सकेको देखिँदैन।

दोस्रो कुरा भनेको स्वास्थ्य क्षेत्रमा व्यापक सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ। नीति तथा कार्यक्रममा स्वास्थ्य क्षेत्रलाई पनि समावेश गरिएको छ। तर धाराको टुटी सफा गर्नुभन्दा मुहान नै सफा गर्नेतिर सरकारको ध्यान जानुपर्ने आवश्यकता छ। देशलाई समृद्ध बनाउने र नेपालीलाई खुशी बनाउने हो भने सरकारले हरेक नागरिकलाई स्वास्थ्य र शिक्षा निःशुल्क गर्ने नीति तय गर्नुपर्छ। तर स्वास्थ्य र शिक्षा क्षेत्रमा देखिएको बढ्दो विकृति–विसंगति हटाउने विषयमा पनि नीति तथा कार्यक्रममा स्पष्टता छैन। समग्रमा हेर्दा बहुमत प्राप्त सरकारले ल्याएको नीति तथा कार्यक्रम राम्रै भए पनि कार्यान्वयन हुनेमा अझै आशंका छ। देश संघीय संरचनामा गए पनि कर्मचारीको काम गर्ने शैलीमा उल्लेख्य परिवर्तन आउन सकेको छैन। जनप्रतिनिधिहरूको समेत अहिलेको कामको गति हेर्ने हो भने धेरै आशा गर्ने ठाउँ देखिँदैन। नीति तथा कार्यक्रमसँगै सरकार प्रभावकारीरुपमा कार्यान्वयन गर्न विशेष योजनाका साथ अगाडि बढ्नुपर्छ।

# वाम एकता : चित्र मिल्यो, चरित्र मिलेन



विजय ज्ञवाली

> हिजो सर्वहारा वर्गको मुक्तिका लागि भनेर बन्दुक उठाएकाहरू आज आफ्नै सम्पति जोगाउनका लागि बन्दुकको सहारा लिँदै छन्। अर्का थरी कम्युनिस्टहरू तिनै नवसम्भ्रान्त वर्गमा ऊक्लिएका पुँजिपतिहरूद्वारा स्थापित पुँजिवादी व्यवस्थालाई ध्वंश गरी समाजवादको स्थापनाको खातिर मजदुर आन्दोलनको पुनश्चः दिवास्वप्ना देख्दै छन्। वास्तवमा नेपालका कम्युनिस्टहरूको चित्र र चरित्र नै मार्क्स, लेनिन, माओको नाम बेची मजदुरको ढाडमा टेकेर सत्ताको लिस्नु चढ्नु हो।

जुट्न कहिल्यै नजान्ने, फुट्न भने आइतबार नै नचाहिने भन्ने संकथन नेपालका वामपन्थी दलहरूमाथि निरन्तर प्रयोग भैरहन्थ्यो। २२ अप्रिल १९४९ तदनुसार १२ वैशाख २००६ मा लेनिन जयन्तीको अवसर पारेर कलकत्ताको श्यामबजारस्थित एउटा सरकारी अड्डामा पुष्पलाल श्रेष्ठ, नरबहादूर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य र नारायणविलास जोशीको अग्रसरतामा नेपालमा पहिलोपटक कम्युनिस्ट पार्टीको स्थापना गरिएको थियो। पार्टी स्थापनाको करिब ५ महिनापश्चात् अर्थात् १५ सेप्टेम्बर १९४९ मा ने.क.पा.को प्रथम घोषणापत्र प्रकाशित गरिएको थियो। नेपाल कम्युनिस्ट पार्टी स्थापनाका ६९ वर्षयताका अवधिहरू कम्युनिस्ट पार्टीहरूका लागि कहिल्यै पनि सुखमय रहेनन्। विभिन्न कालखण्डहरूमा फुट र गुटको चरम सिकार हुँदै आइरहेका नेपालका कम्युनिस्ट पार्टीहरूमध्ये हालै मात्र दुई ठूला वाम घटक एकीकरण गरी सिंगो नेपाल कम्युनिस्ट पार्टीको निर्माण गरिए तापनि अझै स-साना कम्युनिस्ट दल र गुटहरू अस्तित्वमै रहिआएका छन्।

विशेष गरेर एकले अर्काको अस्तित्व स्वीकार्नै नसक्ने र एकले अर्कालाई सिध्याएरै छाड्ने मनोरोगले ग्रस्त नेपालका वामपन्थी नेताहरूमध्येका प्रमुख रोलकर्ताहरू हाल एक भए तापनि यसको दिगोपनाको बारेमा संशय अहिलेदेखि नै गर्न सकिन्छ। कि त विगतमा नेपालका वामपन्थीको चरित्र नजिकैबाट देखिरहेका कारण यस्तो संशय गरिरहनुपर्ने आधार छन्, या एउटै जंगलमा शेर महाशेरहरूबीच फेरि पनि मनमुटाव र द्वन्द्व नचर्किएला भन्न सकिन्न। अहिलेलाई चाहिँ भर्खर एकतासूत्रमा बाँधिएर नेपाल कम्युनिस्ट पार्टी स्थापना भएकोमा बधाई तथा शुभकामना।

कुनै पनि क्रान्तिकारी आन्दोलनले आफ्नो अतीतबाट सिक्ने हो। व्यवहार र प्रयोगको धरातलमा टेकेर आफ्नो बाँकी कार्यभार अगाडि बढाउनुपर्दछ। काम गर्दा आईपर्ने समस्या र गलतीहरूबाट पाठ सिकेर नै बाँकी योजनाहरूको कार्वान्वयनलाई अगाडि बढाउनुपर्ने हो तर नेपालका वामपन्थी दलहरूमा गलतीबाट पाठ सिकेर अगाडि बढ्ने साहस कहिल्यै देखा परेन। बरु उल्टै गलतीमाथि गल्ती गर्दै गइरहे। जसको परिणाम वामपन्थीहरूले बारम्बार फुट र गुटको चरम सिकार हुनुपरेको हो।

अक्टोबर क्रान्ति अर्थात् १९१७ अक्टोबरमा रुसको समाजवादी क्रान्ति सफल भएपश्चात् मार्क्सवादको झिल्काले नेपाललगायत पिछडिएका, उपनिवेश, अर्धउपनिवेश र अन्य मुलुकहरूलाई पनि छोएको थियो। देश परिवर्तनमा महत्वपूर्ण क्रान्ति र सम्झौताहरूमा अहम् भूमिका निर्वाह गर्दै आएको नेपालको वामपन्थी शक्ति जसरी दक्षिणपन्थी शक्तिहरूसँग संघर्ष गर्दै आएको छ, उसै अनुपातमा वैचारिकरुपमा रक्षात्मक स्थितिमा पनि रहिआएको छ। एकीकृत क्रान्ति भनिदै आए तापनि सारमा अस्तित्व रक्षाकै लागि संघर्षरत नेपालको कम्युनिस्ट शक्ति तिनै दक्षिणपन्थी शक्तिहरूको आक्रमणको सिकार पनि बन्दै आइरहेको कुरा कटुसत्य हो। फलस्वरुप कम्युनिस्टहरूको इतिहासदेखि वर्तमानसम्म टुटफुट र गुटैगुटको राजनीति मौलाएको हो। समाजवादी क्रान्ति गर्ने उद्देश्यसाथ १९४९ मा पहिलोपटक लुकिछिपी कम्युनिस्ट पार्टीको स्थापना भए यताका दृष्टान्त सरसर्ती नियाल्ने हो भने, पुष्पलालदेखि पुष्पकमलसम्म आइपुग्दा नेपाली कम्युनिस्टहरूका हाँगाबिँगा दर्जनौं पुगिसकेका छन्, तर यी सबै खेमाहरू आफैंमा अस्तित्व रक्षाको संकटमा छन् भने यिनीहरू सबैको मुख्य कमजोरी भनेको अर्काको अस्तित्व स्वीकार गर्न नसक्नु नै हो। मोहनविक्रमले मोहन वैद्यको अस्तित्व स्वीकार्दैनन् भने वैद्यले मोहनविक्रमको। एकले अर्कालाई सामन्तवादी, नवसामन्तवादी, जड्सूत्रवादी, संशोधनवादी, उग्रराष्ट्रवादी लगायतका आरोपले अलाप्ने गर्दछन्। कम्युनिस्ट-कम्युनिस्टबीचमै पनि पानी बाराबारको स्थितिसम्म पुग्ने यी शक्तिहरू कुनै आधार, सिद्धान्त, मार्गदर्शनविना एक-अर्कोमा अचानक विलय हुन पनि किञ्चित पछि हट्दैनन्। गुट र उपगुट तथा स-साना समूहमा विभक्त अधिकांश कम्युनिस्टहरू क्रमशः शिथिल र क्षयीकरण हुनुको प्रमुख कारण नै यिनीहरूको कमजोर धरातल हो।

वास्तवमा भन्नुपर्दा, सन् १९५६ मा खुश्चेव गुटले प्रतिपादन गरेको नीति प्रस्टरुपमा मार्क्सवादसँग सम्बन्धविच्छेद नै थियो। नेपालका पछिल्ला ठूला वाम घटकहरूको संसदीय अभ्यास र क्रियाकलाप हेर्दा कतै यी दलहरूले पनि मार्क्सवाद र लेनिनवादसँग सम्न्धविच्छेद नै गरेका त होइनन् भन्ने प्रश्न तेर्सिएर आउँछ। तत्कालको लागि व्यवहारमा संसदीय प्रतिस्पर्धा र बोलीमा मार्क्स र लेनिन भजाए तापनि वास्तवमा अब कम्युनिस्ट चरित्र भेट्नै गाह्रो छ।

पुँजीवादी व्यवस्थालाई ध्वंश पारी समाजवादी व्यवस्थाको निर्माण गर्ने अठोट गरेका नेपालका एकथरी कम्युनिस्ट दलका नेता नै आजकल पुँजीपति बनेका छन्, नवसम्भ्रान्त वर्गमा उक्लिएका छन्। हिजो सर्वहारा वर्गको मुक्तिका लागि भनेर बन्दुक उठाएकाहरू आज आफ्नै सम्पत्ति जोगाउनका लागि बन्दुकको सहारा लिँदै छन्। अर्का थरी कम्युनिस्टहरू तिनै नवसम्भ्रान्त वर्गमा ऊक्लिएका पूँजीपतिहरूद्वारा स्थापित पुँजिवादी व्यवस्थालाई ध्वंश गरी समाजवादको स्थापनाको खातिर मजदुर आन्दोलनको पुनश्चः दिवास्वप्ना देख्दै छन्। वास्तवमा नेपालका कम्युनिस्टहरूको चित्र र चरित्र नै मार्क्स, लेनिन, माओको नाम बेची मजदुरको ढाडमा टेकेर सत्ताको लिस्नु चढ्नु हो। फरक यत्ति हो, एकथरी कम्युनिस्ट गुटहरू यस्तासम्म छन् जो अवसर प्राप्त नहुन्जेलसम्म घोर क्रान्तिकारी र वैचारिक देखिए तापनि अवसर प्राप्त हुनासाथ वैचारिक विचलनसँगै राजनीतिको आदर्शलाई पनि तिलश्मी दिन पछि पर्दैनन्। र, अर्का थरी कम्युनिस्टले घोर छलकपट गरेर छिट्टै सत्ताको रस्वादान गर्न पुगे अनि संसदीय दल-दलमा भाष्य भएर गए भने छलकपट गर्न नजानेका कतिपय कम्युनिस्ट कोरा आदर्शका नारामै मात्र सीमित छन्। अवसर पाउनासाथ तिनीहरूको गन्तव्य पनि उही संसद् नै हुनेछ।

कुनै पनि क्रान्ति सम्पन्न गर्नका लागि दुई पाटा हुन्छन्। ती मध्ये एउटा पाटो हो संसदीय यात्रा। हालै मात्र एकीकृत पार्टी नेकपाको यात्रा संसदीय यात्रा हो। एकीकृत हुनुभन्दा अघि पनि यी पार्टीहरूले संसदीय लोकतन्त्रकै यात्रालाई निरन्तरता दिँदै आएका हुन्। भलै पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन माओवादीले करिब एकदशक सशस्त्र संघर्ष गरे तापनि आखिर उसको पनि अन्तिम गन्तव्य संसदीय प्रणाली नै रहेछ भनेर अब धेरै प्रस्ट्याउनै परेन। जनयुद्धको औचित्य पुष्टि गर्न नसकेको तत्कालीन माओवादी र सशस्त्र झापा विद्रोहपश्चात् शान्तिपूर्ण संसदीय राजनीतिमा अभ्यस्त यी दुई फरक धारका शक्तिलाई सँगै संसदीय अभ्यासमा अभ्यस्त गराउने सूत्रचाहिँ चर्चित १२ बुँदे सम्झौता नै हो। तत्पश्चात् यी दुई प्रमुख दल सँगै संसदीय राजनीतिमा होमिए तापनि बितेका दशक यी दुई पार्टीचको सम्बन्ध धेरै नै उतारचढावपूर्ण रहँदै आएको थियो। एकले अर्कालाई सिध्याइछाड्ने रणनीतिका साथ अगाडि बढिरहेका यी प्रमुख शक्ति अन्ततः एक-अर्कामा विलय भएरै छाडेका छन्। त्यसैले होला राजनीतिमा कोही पनि स्थायी शत्रु र मित्रु हुँदैनन भनिएको। क्रान्तिको दोस्रो पाटो भनेको सशस्त्र संघर्ष नै हो। नेपालमा हाल सशस्त्र संघर्षको सम्भावना नरहे तापनि यदाकदा नेत्रविक्रम चन्द नेतृत्वको समूहले हतियार उठाउने धम्की बेलाबखत दिँदै आइहेको छ। माउ पार्टीबाट जनयुद्धलाई धोखा भएको र बाँकी क्रान्ति अधुरै रहेकाले अब दोस्रो जनयुद्धको माध्यम बाँकी क्रान्तिको अभिभारा पूरा गर्नुको विकल्प छैन भन्दै तत्कलीन माओवादीबाट पटक-पटक चोइटिएर गएका वैद्य, चन्दलगायतका समूहबाट बेलाबखत हतियार उठाउने धम्की दिए तापनि नेपालमा अहिले तत्कालै हतियारसहितको संघर्ष आवश्यकता छैन। एक त विगतको जनयुद्धको औचित्य अहिलेसम्म पुष्टि हुन नसकिरहेको अवस्थामा फेरि अर्को जनयुद्ध गर्छु भन्नु मूर्खतासिबाय केही होइन।

मार्क्सले कहीँ लेखेका छन्- इतिहासले आफैंलाई दोहोर्‍याउँछ तर हुबहु दोहोर्‍याउँदैन। पहिलोपटक त्रासदको रुपमा र दोस्रोपटक प्रहसनको रुपमा दोहोर्‍याउँछ। तर नेपालको कम्युनिस्ट आन्दोलन मार्क्सको भावार्थभन्दा ठीक उल्टो प्रहसनको रुपमा देखा पर्‍यो। पहिला मार्क्सकै भनाइअनुसार नै भयंकर त्रासदि देखाइएको छ भने अहिले विशेष गरेर मार्क्सको भावार्थको ठीक उल्टो प्रहसनको रुपमा दोहोरिएको छ। विशेष गरेर संसद्लाई खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलोको रुपमा चित्रित गर्दै सशस्त्र द्वन्द्वमा होमिएको तत्कालीन माओवादी विद्रोहताका झन्डै १७ हजारले ज्यान गुमाउनुपरेको कहाली लाग्दो सशस्त्र १० बर्से जनयुद्ध एउटा त्रासदि थियो भने जनयुद्धले उठान गरेका अधिकांश मुद्दाहरूलाई तिलश्मी दिँदै अवसरवाद, सम्झौतापरस्त हुँदै क्यास माओवादीमा रुपान्तरित निवर्तमान पार्टी माओवादी केन्द्रमा अत्यासलाग्दो गरी बढेको वर्गीय चारित्रिक कोपभाजनको दृश्य प्रहसनको एउटा पाटो थियो। प्रहसनको अर्को पाटो भनेको सशस्त्र संघर्षपश्चात् शान्तिपूर्ण मूलधारको राजनीतिमा ओर्लिएको माओवादीभित्र वर्गीय चरित्रको खाडल बडो आश्चर्यजनकरुपमा विकसित हुन पुग्यो। पार्टीमा मूलतः दुई प्रकारको वर्गीय चरित्र देखा पर्‍यो। एउटा पक्ष नवधनाड्य एवं ऐयासी वर्गमा रुपान्तरित हुन पुग्यो भने अर्को पक्ष ४५-५० डिग्रीको रापमा खाडीको मरुभूमिमा भेडा चराउने वर्गमा रुपान्तरित हुनपुग्यो।

तर एउटा कटुसत्य के थियो भने, यी दुवै वर्गले विगतमा राज्यसत्ता कब्जाका साथै साम्यवादसम्मको सुनौलो गन्तव्यमा पुगिछाड्ने अठोटका साथ हतियार उठाएका थिए। त्यस्तै, चिनियाँ सांस्कृतिक क्रान्ति र भारतको नक्सलवाडी आन्दोलनद्वारा प्रेरित तत्कालीन नेपालका क्रान्तिकारीहरूद्वारा वि.सं. २०२८ मा पूर्व कोशी प्रान्तीय कमिटीसँग सम्बद्ध झापा जिल्ला कमिटीले विद्रोह गरी सशस्त्र संघर्ष गरेको 'झापा विद्रोह' एउटा त्रासदी थियो भने आन्दोलन तार्किक निष्कर्षमा नपुग्दै बीचैमा प्रतिक्रियावादी र यथास्थितिवादीहरूसँगको साँठगाँठमा आन्दोलनलाई कमजोर पारी संसदीय यात्रामा भाष्य 'तत्कालीन चतुर क्रान्तिकारीहरू'को संसद् मोह एउटा प्रहसन थियो भने विद्यमान 'प्रतिक्रियावादी' सत्ताको भरपूर पक्षपोषण गर्ने सिपी मैनाली र केपी ओली प्रवृत्ति प्रहसनको अर्को पाटो थियो। त्यसैले सारमा यी दुई ठूला कम्युनिस्टहरू एक-अर्कामा विलय हुँदै गर्दा यिनीहरूको असली चित्र उजागर भएको छ भने वामपन्थी अझ भनौं कम्युनिस्टको नाममा चरित्र भने पटक्कै मिल्न सकिराखेको छैन।

## पाठक पत्र

### मानव तस्करीको कहाली लाग्दो अवस्था

नेपाली युवाको विदेशमोह व्याप्त छ। त्यसमा पनि अमेरिकी सपनाले नेपाली युवा मानव तस्करको चङ्गुलमा फस्ने गरेका छन्। स्वदेशमै श्रम गरी स्वावलम्बी बन्ने कुरा अझै पनि दर्शनमा सीमित बन्न पुगेको छ। भर्खरै मात्र ४० लाख रुपियाँ खर्चेर अमेरिका जान मानव तस्करको पछि लागेका तीन नेपाली युवतीमध्ये एकजनाको समुद्रमा जहाज हराएपछि पानी नै खान नपाएर मृत्यु भएको कारुणिक खबर सार्वजनिक भएको छ। बल्लतल्ल बाँचेर नेपाल फर्किएका दुई युवती आफ्नो परिचय लुकाएर मानव तस्करसँग फसेको रकम उठाउन लागिपरेका छन्।

मानव तस्करको फन्दामा परेर बिचल्ली परेका पीडितहरूको कथाव्यथा सुन्दा चलचित्रको कथाजस्तै लाग्छ। तर, अवैध बाटोबाट अमेरिका पुग्ने लालसामा महिनौंसम्म अलपत्र पर्ने गरेका विदारक घटनाहरू सार्वजनिक हुँदै आएका छन्। ज्यान हत्केलामा राखेर अनि लाखौं रुपियाँ खर्चिएर अमेरिका गन्तव्यमा एकाध युवा पुग्ने गरे पनि अधिकांश घर न घाटका भएका हुन्छन्। आफ्नो अमूल्य जीवन मृत्युको मुखमा राखेर अमेरिकी सपनामा जोखिम उठाउने युवालाई धिक्कारबाहेक अर्को भन्ने शब्द केही छैन।

अमेरिकी सपनाले दलालको फन्दामा परेर आफ्नो अमूल्य जीवन गुमाउने एक पात्र हुन् भक्तपुरकी सुमित्रा कुँवर। मानव तस्करले दिल्ली हुँदै हैटीबाट पानीजहाजमा लैजाँदै गर्दा क्यारेबियन समुद्रमा १८ दिन पानीजहाज नै हराउन पुग्यो। उक्त पानीजहाजभित्र पानी र खाना नपाएर सुमित्राले ज्यान गुमाएको सास्ती खेपेर फर्किएका दुई युवतीले उजागर गरेका छन्। अवैध बाटोबाट अमेरिका पुग्ने सपना देखेर कति नेपालीले बीचमै ज्यान गुमाएका छन्, त्यसको पनि लेखाजोखा छैन। सञ्चारमाध्यममा नआएकाको खबर झनै डर लाग्दो छ। यस्ता घटना सार्वजनिक हुँदा पनि नेपाली समाज चिन्तित नहुनु विडम्बनापूर्ण छ।

अमेरिका लैजाने भनेर विभि[illegible] देश पुर्‍याइएका घटनाले नेपालीमा रहेको अमेरिकामोह मात्रै होइन, प्रशस्त कमाइ हुने अभिलासा बोकेर अवैध बाटोबाट अमेरिका छिर्न मानव तस्करको भर पर्ने नेपालीको प्रवृत्तिलाई पनि दर्शाएको छ। अवैध रुटबाट अमेरिका लैजाने प्रलोभन देखाएर मानव तस्करहरूले प्रतिव्यक्ति ४० लाख रुपियाँसम्म उठाउने गरेको र विभिन्न देशमा अलपत्र पर्ने युवाले घरबाट थप रकम झिकाएर दलाललाई बुझाउने गरेका दृष्टान्त थुप्रै छन्। अमेरिकाको सपना देखाएर मानव तस्करी गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ठूलो गिरोह सक्रिय हुँदै आए पनि सरकार तस्करीको जालो भत्काउन असफल हुँदै आएको छ।

जोखिमपूर्ण तबरले लुकेर यात्रा गर्दा कतिपयको सर्पले डसेर, ट्रकमा निस्सासिएर, डुंगा पल्टिएर, बिरामी परेर बीचबाटोमै मृत्यु हुने त कतिपयको हत्यासमेत हुने गर्दछ। अनेकौं हन्डर बेहोरेर केही मात्रै गन्तव्यमा पुग्छन्। पछिल्लो समय अझ भूकम्पपछिको अवस्थामा सयौं नेपाली कोलम्बिया हुँदै पैदलमार्ग अमेरिका पुगेको तथ्यांकले मानव तस्करी मौलाउँदै गएको मात्र होइन, यसलाई नियन्त्रण गर्न चुनौतीसमेत देखिएको छ। स्मरणीय त के छ भने, अमेरिका जानका लागि दलाललाई रकम बुझाएकाहरू कसैले पनि दलालको पहिचान सार्वजनिक गर्न चाहँदैनन्। अरूसँग परामर्श गर्दा आफ्नो अमेरिका जाने योजना नै बिग्रिन्छ कि भन्ने सोचले उनीहरू दलालको फन्दामा पर्ने गरेका छन्। नेपाली समाज र देशलाई नै प्रभावित बनाउने मानव तस्करीको विषयमा सर्वसाधारण आफैँ सचेत नहुने हो भने त्यसले थप क्षति पुर्‍याउने निश्चित छ। देशमा विकास र समृद्धिको रट लगाउने सरकारले यसरी भइरहेका मानव तस्करीको विषयमा गहन अनुसन्धान गरेर संलग्नहरूलाई कडा कारबाही गर्नु जरुरी देखिन्छ।

*– छवि पौडेल, चितवन, हाल : दुबई*


### वैदेशिक रोजगारीमा नीतिगत समस्या

वैदेशिक रोजगारीमा ठगीका घटना बढ्दै गएका छन्। अमेरिका, युरोपियन मुलुक, मलेसियालगायत खाडी मुलुकहरूमा वैदेशिक रोजगारीका लागि भन्दै नेपाली कामदार ठगिँदै आएको खबर सञ्चारमाध्यमहरूमा आउने क्रम जारी छ। ठगीका उजुरी परे पनि छानबिन गरी पीडितलाई न्याय दिलाउने काम भने अत्यन्तै सुस्त गतिमा हुने गरेको छ। जसका कारण शृङ्खलाबद्धरुपमा वैदेशिक रोजगारमा रहेका नेपाली तथा जान चाहने युवालाई विभिन्न प्रलोभन देखाएर ठग्ने गिरोह सक्रिय भइरहेका छन्।

वैदेशिक रोजगारीमा पठाउने भन्दै रकम असुलेर फरार हुने, रकम असुल गरी विदेश नपठाउने, राहदानी नियन्त्रणमा लिएर राख्नेलगायतका अवैध काम गर्नेविरुद्ध उजुरी परे पनि त्यस्ता म्यानपावर कम्पनी तथा एजेन्टविरुद्ध कारबाही भने हुन सकेको छैन। प्रायजसो कामअनुसार तलब नदिने, एउटा काम देखाएर अर्कैमा पठाउने म्यानपावर कम्पनी तथा व्यक्तिविरुद्ध हजारौं उजुरी पर्ने गरेका छन्। म्यानपावर व्यवसायी वा एजेन्टबाट अवैध काम भइरहे पनि वैदेशिक रोजगार विभागले नगण्यरुपमा कानुनी कारबाही गरेको पाइन्छ। भर्खरै मात्रै २८ जना कार्वाहीमा परेको खबरले केही हलचल मच्चाएको छ। दलालहरू सतर्क भएको अवस्था छ। यस्ता गतिविधि रोक्न नीतिगतरुपमै समस्याको समाधान जरुरी छ।

*– रोबिन सुनार, काठमाडौं*

## सामाजिक सञ्जाल



जागेको मान्छेलाई रात, थाकेको मान्छेलाई बाटो र बाँच्न नजान्नेलाई जिन्दगी लामो लाग्छ रे।


**Pradip Bhattarai**
**@pre_dip**



कठिन परिस्थिति त्यति बेला हुन्छ जब हामी बगिरहेको आँसुलाई रोक्ने प्रयासमा हाँस्ने बहाना खोज्छौं।

**Dikshya Gopali**
**@newa_dikxu**

पत्रकार दुर्घटना निर्देशिका २०७० अनुसार २५ प्रतिशत शुल्क पत्रकार स्वयं काम गर्ने सञ्चारगृहले बेहोर्ने व्यवस्था रहेको छ। बाँकी ७५ प्रतिशत शुल्क सरकारी पत्रकार बीमा कोषबाट व्यवस्था हुने बेहोरा रहेको छ।



काठमाडौं मच्छेगाउँमा भगवान् विष्णुको मत्स्य अवतार अर्थात् पुरूषोत्तम मेला शुरु भएको छ जसलाई मलमास पनि भनिन्छ। मलमास अवधिभर विवाह, व्रतबन्ध र अन्य कुनै पनि शुभ कार्य गरिँदैन। जेठ २ गतेदेखि ३० गतेसम्म पुरुषोत्तम मेला लाग्नेछ।
तस्वीर : मोनिका मल्ल, काठमाडौं

## जैविक विविधताको अधिकतम उपयोगमा जोड

काठमाडौं, (नेस)

मानव समुदायले अधिकतम प्रतिफल प्राप्त गर्ने लक्ष्यका साथ जैविक विविधताको संरक्षण गरिएमा नतिजा राम्रो हुने वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतले बताउनुभएको छ।

जैविक विविधता मानव जातिको पुँजी भएकाले यसलाई पुन: उत्पादन गर्दै अधिकतम उपयोग गरिनुपर्ने उहाँको भनाइ छ। २५औं अन्तर्राष्ट्रिय जैविक विविधता दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री बस्नेतले भन्नुभयो- 'जैविक विविधताको अधिकतम उपयोग, परम्परागत ज्ञान र विज्ञानलाई सम्मिश्रण गरिनुपर्छ।'

सन् १९९२मा ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न पृथ्वी शिखर सम्मेलनले जैविक विविधता महासन्धि पारित गरेको उपलक्ष्यमा हरेक वर्ष अंग्रेजी महिनाको मे २२ तारिखमा जैविक विविधता दिवस मनाउने गरिन्छ। यस्तो दिवस मनाउन शुरू गरिएको २५ वर्ष (रजत वर्ष) वर्ष पूरा भएको छ। दिवसको यस वर्षको नारा 'जैविक विविधता महासन्धिका २५ वर्ष : पृथ्वीमा सुरक्षित जीवनको सुनिश्चितता' तय गरिएको छ।

कार्यक्रममा बोल्दै राष्ट्रिय योजना आयोगका सदस्य डा. कृष्णप्रसाद ओलीले बढ्दो मानव वन्यजन्तु जोखिम न्यूनीकरण र संरक्षणका लागि दुर्गम भेगमा खट्ने जनशक्तिको जोखिम न्यूनीकरणमा ध्यान दिन ढिलो गर्न नहुने बताउनुभयो। स्थानीयस्तरमा अभ्यासमा रहेको परम्परागत ज्ञान र सीपलाई प्रोत्साहन गरिनुपर्ने उहाँको भनाइ छ। कार्यक्रमका अर्का वक्ता कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव डा. युवकध्वज जिसीले पारिस्थितिकीय प्रणाली सन्तुलनका लागि ठूला वन्यजन्तुसँगै स-साना र मझौला जीवजन्तुको भूमिका महत्त्वपूर्ण हुनेमा जोड दिनुभयो।

त्यसैगरी वन मन्त्रालय सचिव डा. विश्वनाथ ओली र सोही मन्त्रालयका जैविक विविधता महाशाखाका प्रमुख डा. महेश्वर ढकालले नेपाल ब्राजिल सम्मेलनको महासन्धिको पक्ष राष्ट्र भएपछि भएका संरक्षण प्रयासलगायतका बारेमा चर्चा गर्नुभएको थियो।

## ६ सय १३ जना पत्रकारको दुर्घटना बीमा

काठमाडौं, (नेस)

चालू आर्थिक वर्ष २०७४/०७५ को पत्रकार दुर्घटना बीमाअन्तर्गत पहिलो चरणमा ६ सय १३ जना पत्रकारको दुर्घटना बीमा मंगलबारदेखि लागू भएको छ। सूचना विभागमा आज आयोजित कार्यक्रममा विभागका महानिर्देशक बालकृष्ण घिमिरे र महासंघका कोषाध्यक्ष राजेश मिश्रले एनएलजी बीमा कम्पनीका प्रतिनिधिलाई संयुक्तरूपमा चेक हस्तान्तरण गर्नुभयो।

नेपाल पत्रकार महासंघ, सूचना विभाग र एनएनएलजी कम्पनी लिमिटेडबीच २०७४ चैत २ गते भएको सम्झौताबमोजिम ३ सय १० रुपियाँ ७५ पैसाका दरले ६ सय १३ जना पत्रकारको १ लाख ९० हजार ४ सय ८९ रुपियाँ ७५ पैसा रहेको छ।

नेपाल पत्रकार महासंघले पत्रकार दुघर्टना बीमाका लागि तीन वर्षदेखि पत्रकारको विवरण संकलन गर्दै आएको छ। पत्रकार दुर्घटना निर्देशिका २०७० अनुसार २५ प्रतिशत शुल्क पत्रकार स्वयं काम गर्ने सञ्चारगृहले बेहोर्ने व्यवस्था रहेको छ। बाँकी ७५ प्रतिशत शुल्क सरकारी पत्रकार बीमा कोषबाट व्यवस्था हुने बेहोरा रहेको छ।

उक्त सम्झौताअनुसार श्रमजीवी पत्रकारका लागि ७७ रुपियाँ ०६९ पैसा पत्रकार काम गर्ने सञ्चारगृहले तिरिदिनुपर्नेछ। बाँकी ७५ प्रतिशतले आउने २ सय ३३ रुपियाँ ०६ पैसा सरकारका तर्फबाट बेहोरिएको छ।

यो सुविधाबाट कार्यक्षेत्रमा क्रियाशील रहँदा बीमित पत्रकारको चोटपटकका कारण शरीर ७५ प्रतिशतभन्दा बढी अशक्त भएको खण्डमा ५ लाख रुपियाँसम्म पाउनेछन्। त्यस्तै दुर्घटनाबाट उत्पन्न उपचारमा लागेको वास्तविक खर्चको बिलअनुसार २ लाख रुपियाँसम्म बीमा कम्पनीले बेहोर्नेछ। उपचारमा लाग्ने २० प्रतिशत बराबरको रकम भने पत्रकार स्वयंले बेहोर्नुपर्ने पत्रकार दुर्घटना बीमा निर्देशिका, २०७० मा उल्लेख छ।

यो आर्थिक वर्ष दोस्रो चरणको पत्रकार दुर्घटना बीमाका लागि पत्रकारको विवरण आजैबाट संकलन गरी जेठ मसान्तसम्म प्राप्त भएकालाई प्रक्रियामा अघि बढाइनेछ। दुर्घटना बीमाको सुविधामा सहभागी हुन सूचना विभागको पत्रकार परिचयपत्र लिई नवीकरण गरेको तथा नेपाल पत्रकार महासंघको सिफारिस अनिवार्य गरिएको छ। महासंघले बीमा कार्यक्रममा सहभागी हुन सबै पत्रकारलाई आह्वान गरेको छ।

# नेकपाका केन्द्रीय सदस्यको नामावली सार्वजनिक

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले ४ सय ४१ जना केन्द्रीय सदस्यहरूको नामावली सार्वजनिक गरेको छ। पूर्वनेकपा एमाले र पूर्वनेकपा माओवादी केन्द्रका गरी ४ सय ४१ जना केन्द्रीय सदस्यको नामावली सार्वजनिक गरिएको हो। नेकपामा महासचिव विष्णु पौडेलले सचिवालय बैठकमा अनुमोदन भएका ४ सय ४१ जना केन्द्रीय सदस्यको नामावली सार्वजनिक गर्नुभएको छ। केन्द्रीय सदस्यबाहेक पाँच जनालाई आमन्त्रित सदस्यका रूपमा समावेश गरिएको छ।

मंगलबार नेकपाले वर्णानुक्रमअनुसार केन्द्रीय सदस्यको नाम सार्वजनिक गरेको छ। केन्द्रीय सदस्यमा अइन्द्रसुन्दर नेम्वाङ, अग्निप्रसाद सापकोटा, अच्युत मैनाली, अच्युतम काफ्ले, अजम्बर राई, अजयशंकर नायक, अञ्जना बिसङ्खे, अमर मण्डल, अमर तमु, अमृता थापा मगर, अरूण नेपाल र अष्टलक्ष्मी शाक्य हुनुहुन्छ।

यस्तै आनन्द पोखरेल, आशा कोइराला, ओनसरी घर्ती, ओम शर्मा, इन्द्र आङ्बो, इन्द्रजित थारू, ईश्वर पोखरेल, ईश्वरी रिजाल, ईश्वरीप्रसाद भट्टराई, उमा कोइराला, उर्मिला अर्याल, एकबहादुर राना, एकराज विश्वकर्मा, कर्ण थापा, कमल चौलागाईं, कमलजङ राई, कमानसिंह लामा, कमलादेवी महतो, कमला रोका, कल्याणी खड्का, कालीबहादुर मल्ल, काशीनाथ अधिकारी, किरण गुरुङ, किसन शर्मा, किशोर अधिकारी रहनुभएको छ। त्यसै गरी कुमार पौडेल, कुमारी मोक्तान, कुलप्रसाद केसी, केदार न्यौपाने, केशव नेपाल, केशवलाल श्रेष्ठ, कैलाश ढुङ्गेल, कृष्ण केसी, कृष्ण खनाल, कृष्ण धिताल, कृष्णप्रसाद सापकोटा, कृष्ण राई, कृष्णगोपाल श्रेष्ठ, कृष्णध्वज खड्का, खगराज अधिकारी, खगराज भट्ट, खगेन्द्र चुडाल, खगेन्द्र राई, खिमलाल देवकोटा, खिमलाल भट्टराई, खेमप्रसाद लोहनी, खेममान खड्का, गजेन्द्र महत, गणेश पहाडी, गणेशमान पुन, गणेशसिंह ठगुन्ना, गणेश साह र गरिमा शाह रहनुभएको छ।

त्यस्तै गिरिधारीलाल न्यौपाने, गिरिराजमणि पोखरेल, गुरु बराल, गुप्त हमाल, गुलाबजंग शाह, गोकर्ण विष्ट, गोकुल घर्ती, गोकुल बाँस्कोटा, गोविन्दबहादुर नेपाली, गोविन्दविक्रम शाह, गोपाल ठाकुर, गोपाल शर्मा, गोरख बोगटी, गोमा देवकोटा, गोपी अछामी, गौरा प्रसाईं, गौरी ओली, गंगा कार्की, गंगा बेल्बासे, गंगालाल तुलाधर, गंगा यादव, घनश्याम भुसाल र घनेन्द्र बस्नेत हुनुहुन्छ।

नेकपाको केन्द्रीय सदस्यमा चक्रपाणि खनाल, चन्द्रबहादुर शाही, चूडामणि खड्का, चूडामणि जंगली, छविलाल विश्वकर्मा, जगत विश्वकर्मा, जगत यादव, जगन्नाथ खतिवडा, जगप्रसाद शर्मा, जगदीशप्रसाद कुशियत, तिलक महत, तिलकराम शर्मा, तिलकुमार मेन्याङ्वो, तिलबहादुर विश्वकर्मा, तुलबहादुर गुरुङ, तेजबहादुर ओली, तैयव हुसेन, थममाया थापा, दधिराम न्यौपाने, दलजित श्रीपाइली, दलबहादुर राना, दामा शर्मा, दावा लामा, दिनेश पन्थी, दिनेशचन्द्र यादव, दिनेश राई, दिलीप प्रजापति, दिलीप महर्जन, दिलु पन्त र दीनानाथ शर्मा पनि केन्द्रीय सदस्य हुनुभएको छ।

दीपक देवकोटा, दीपबहादुर योञ्जन, दीपेन्द्र पुन, दुर्गाजयन्ती राई, दुर्गाप्रसाद चापागाईं, देउमान सम्बाहाम्फे, देवराज घिमिरे, देवराज रेग्मी, देवी खड्का, देवीलाल चौधरी, देवी ज्ञवाली, देवेन्द्र दाहाल, देवेन्द्र पौडेल, देवप्रसाद गुरुङ, देवशंकर पौडेल, धर्मदत्त देवकोटा, धर्मनाथ यादव, धर्मनाथ साह, धर्मराज निरौला, धर्मशिला चापागाईं, धीरन शर्मा, नजिर मियाँ, नवीन रोका, नरुलाल चौधरी, नरेन्द्र कुँवर र नरेश खरेल केन्द्रीय सदस्य हुनुभएको छ।

त्यसैगरी नरेश भण्डारी, नागेन्द्र चौधरी, नारदमुनि राना, नारायणकाजी श्रेष्ठ (प्रवक्ता), नारायण दाहाल, नारायण सिलवाल, नारायण शर्मा, नारायणी शर्मा, निर्मल आचार्य, निर्मल बराल, नीरज आचार्य, निरा जैरु, नीरुदेवी पाल, नेपबहादुर चौधरी, पद्मा अर्याल, पम्फा भुसाल, परशुराम तामाङ, परशुराम मेघी गुरुङ, परशुराम रम्तेल, पशुपति चौलागाईं, पार्वत गुरुङ, पार्वती थापा, पासाङ शेर्पा, पुरनसिंह दयाल, पूर्णकुमारी सुवेदी, पुष्पविक्रम मल्ल, पुष्पा घर्ती, प्रकाश ज्वाला रहनुभएको छ। त्यसै गरी प्रकाशहरि पोखेल, प्रकाश शाह, प्रतापलाल श्रेष्ठ, प्रभु साह, प्रह्लाद बुढाथोकी, प्रदीप नेपाल, प्रदीप ज्ञवाली, प्रेमबहादुर आले, प्रेमल खनाल, प्रमेश हमाल, प्रमोदनारायण यादव, पृथ्वीसुब्बा गुरुङ, बद्री न्यौपाने, बलदेव चौधरी, बलावती शर्मा, बलवीरप्रसाद चौधरी, बलराम बाँस्कोटा, वसन्त घर्ती, वसन्त मानन्धर, वर्षमान पुन, वामदेव गौतम, विक्रम शाही, बिना मगर रहनुभएको छ। त्यसै गरी बिन्दा पाण्डे, बिन्दमान विष्ट, विना श्रेष्ठ, विनोद ढकाल, विनोद श्रेष्ठ, वंशीधर मिश्र, वैजनाथ चौधरी, बोमबहादुर विश्वकर्मा, विमला घिमिरे, विमला सुवेदी, विरोध खतिवडा, विशाल भट्टराई, विषमलाल अधिकारी, वीरमान चौधरी, वेदुराम भुसाल, बोधमाया यादव, भगवती चौधरी, भरतप्रसाद साह, भानुभक्त ढकाल र भानुभक्त जोशी पनि केन्द्रीय सदस्य हुनुभएको छ।

नेकपाका केन्द्रीय सदस्यमा भागवत विश्वासी, भाष्कर काफ्ले, भीम आचार्य, भीम कार्की, भीम रावल, भूपेन्द्र थापा, भैरवबहादुर सिंह, भैरवसुन्दर श्रेष्ठ, मणि थापा, मना केसी, ममता गिरी, मनोज थापा, महादेव यादव, महेन्द्र पासवान, महेन्द्र पाण्डे, महेन्द्रबहादुर शाही, महेश बस्नेत, महेश रेग्मी, महेश्वर गहतराज, महेश्वर दाहाल, महेश्वर पाठक, मञ्जु चौधरी, मातृका यादव, माधव अर्याल, माधव ढुङ्गेल, माधवकुमार नेपाल (वरिष्ठ नेता), माधव सापकोटा, मानबहादुर जिसी रहनुभएको छ।

त्यसै गरी मानबहादुर बुढा, मायानाथ अधिकारी, मायाप्रसाद शर्मा, मेटमणि चौधरी, मोहन बानियाँ, मोहमद अन्सारी, मोहमद हारुन, मुकुन्द न्यौपाने, मुक्ति प्रधान, यदुवंश झा, यशोदा सुवेदी, यज्ञराज सुनवार, यामलाल कँडेल, युवराज कार्की, युवराज खतिवडा, युवराज चौलागाईं, युवराज दुलाल, युवराज भट्टराई, युवराज ज्ञवाली, योगनारायण यादव, योगेश भट्टराई, रघुजी पन्त, रघुवीर महासेठ, रचना खड्का, रत्नेश्वर गोइत, रवीन कोइराला, रवीन्द्र अधिकारी (कास्की), रवीन्द्र अधिकारी (पूर्वी नवलपरासी) रहनुभएको छ। त्यसै गरी रवीन्द्र बैठा, राजबहादुर बुढा, राजकाजी गुरुङ, राजकुमार शर्मा, राजन दाहाल, राजन भट्टराई, राजन राई, राजु खड्का, राजेन्द्र कार्की, राजेन्द्रकुमार राई, राजेन्द्र गौतम, राजेन्द्र बस्नेत, राजेन्द्रप्रसाद पाण्डे, राजेन्द्रसिंह रावल, राधा ज्ञवाली, रामकुमार राई, रामकुमार शर्मा, रामकुमार यादव, रामकुमार ज्ञवाली, रामचन्द्र झा, रामचन्द्र यादव, रामचन्द्र शाह, रामदयाल मण्डल रहनुभएको छ।

त्यसै गरी रामबहादुर थापा, रामकुमारी चौधरी, रामकुमारी झाँक्री, रामदीप आचार्य, रामप्रसाद सापकोटा, रामप्रीत पासवान, रामरतीदेवी राम, रामशरण बस्नेत, रामेश्वर फुयाँल, रामेश्वर राना, रामेश्वर राय, रूपा चौधरी, रेखा शर्मा, रेणु चन्द, रेणु दाहाल, लक्ष्मण पन्त, लक्ष्मी पोखेल, लक्ष्मण पौडेल, लक्ष्मण ज्ञवाली, लक्ष्मीदत्त जोशी, लालबहादुर थापा, लालबाबु पण्डित, लालबाबु यादव, लालबहादुर विक, लीला गिरी, लीलानाथ श्रेष्ठ, लीलाबहादुर थापा, लीला भण्डारी, लीलामणि पोखरेल, लेखनाथ न्यौपाने, लेखराज भट्ट, वामदेव क्षेत्री रहनुभएको छ।

त्यसै गरी विजय गुरुङ, विजय पौडेल, विजय भण्डारी, विजय सुब्बा, विष्णुप्रसाद चौधरी, विष्णुप्रसाद पौडेल (महासचिव), विष्णु रिजाल, विष्णु रिमाल, विश्वनाथ प्याकुरेल, विश्वनाथ शाह, सन्तकुमार थारु, सन्तु दराई, सत्यनारायण मण्डल, सत्या पहाडी, सरला यादव, समिम अन्सारी, सरोज यादव, समिता कार्की, सावित्रीकुमार काफ्ले, सावित्रा भुसाल, सीता गिरी ओली, सीता पोखरेल, सीता पौडेल, सीता सुन्दास, सुकबहादुर रोका, सुजिता शाक्य, सुदन राई, सुमन प्याकुरेल केन्द्रीय सदस्य हुनुहुन्छ।

यस्तै सुधीर शाह, सुनिल मानन्धर, सुवासचन्द्र नेम्वाङ, सुरेश आले मगर, सुरेशकुमार राई, सुरेन्द्र कार्की, सुरेन्द्र पाण्डे, सुरेन्द्र मानन्धर, सूर्य थापा, सूर्यप्रकाश सुवेदी, सोमप्रसाद पाण्डे, सोम मिश्र, शक्तिबहादुर बस्नेत, शरदसिंह भण्डारी, शशि श्रेष्ठ, शत्रुघ्न महतो, शालिकराम जमकट्टेल, शान्ता चौधरी, शारदा सुवेदी, शिराज अहमद फारुखी, शिवकुमार मण्डल, सुशीला नेपाल, सुशीला सिंखडा रहनुभएको छ। त्यसै गरी सुशीला सिरपाइली, शेरधन राई, शेरबहादुर केसी, शेरबहादुर तामाङ, शंकर पोखेल, श्याम श्रेष्ठ, श्रीनाथ बराल, श्रीमाया थकाली, श्रीप्रसाद शाह, श्रीराम ढकाल, हकिकुल्ला खाँ, हरि दाहाल, हरि पराजुली, हरिनारायण चौधरी, हरिनारायण महतो, हरिबहादुर चुमान, हरिबहादुर राई, हरिबोल गजुरेल, हरिराज अधिकारी, हरि राजवंशी, हिक्कत कार्की, हितमान शाक्य रहनुभएको छ।

त्यसै गरी हितबहादुर तामाङ, हितराज पाण्डे, हिमाल शर्मा, हेमकुमार राई, हेमराज भण्डारी, हेमराज शर्मा, हंशराज शाही, त्रिलोचन भट्ट, ज्ञानबहादुर भुजेल र ज्ञानु बस्नेत नेकपाको केन्द्रीय सदस्यमा चयन हुनुभएको छ। पार्टी एकताको घोषणा भएकै दिन पूर्वएमालेबाट केन्द्रीय सदस्य भएका २ सय र पूर्वमाओवादी केन्द्रबाट केन्द्रीय सदस्य भएका ८४ जनाले प्रधानमन्त्री निवास बालुवाटारमा शपथ लिएका थिए। पछि थप भएका केन्द्रीय सदस्यहरूको भने शपथ भएको छैन।

## सिनेमा कर्नर










### अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


### माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : गरेको काम सफल हुने, सन्तानबाट सुख, धनलाभ हुने।
**वृष** : पेटको समस्या, दिनचर्या अस्तव्यस्त, विनाकाममा दौडधुप।
**मिथुन** : पैसा लाभ, मान-सम्मान, उन्नति-प्रगति, इज्जत बढ्ने।
**कर्कट** : सुख-सन्तोष, उपलब्धिमूलक कार्यमा लगानी, धनलाभ।
**सिंह** : मिष्ठान्न भोजन, धनप्राप्ति, गिफ्ट-पुरस्कार प्राप्ति, कार्य सफल।
**कन्या** : अस्वस्थता, साथीभाइसँग विवाद, चोटपटकको सम्भावना।
**तुला** : पैसा प्राप्ति, विविध वस्तु वा सेवाको लाभ, मीठो खानेकुरा प्राप्ति।
**वृश्चिक** : शारीरिक निरोगिता, सुख-सन्तोष, थालेको काम सफल।
**धनु** : राजनीतिमा सफलता, ऐश्वर्य वृद्धि, पढाइ-जागिरमा राम्रो।
**मकर** : बिरामी हुने सम्भावना, कार्यमा बाधा, धन हानि, चिन्ता।
**कुम्भ** : समस्या समाधान, परीक्षा-पठनपाठन सफल, प्रतिस्पर्धामा जीत।
**मीन** : खेल-परीक्षा प्रतियोगितामा सफलता, द्रव्य लाभ, शत्रु विजय।



# प्रदेश-३



सोही कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शालिकराम श्रेष्ठले कक्षा ६ की छात्रा ईश्वरी तामाङ र अंग्रेजी शिक्षक लीलानाथ न्यौपानेले कक्षा ६ कै लक्ष्मी तामाङको अभिभावकत्व ग्रहण गरेका थिए।



## लैंगिक हिंसा रोकथाम गर्न जनप्रतिनिधिको जोड

**नेपाल समाचारपत्र**

नुवाकोट



लैंगिक हिंसा रोकथाम तथा सम्बोधनका लागि सबै स्थानीय तहमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको जनप्रतिनिधिहरूले बताएका छन्।

राष्ट्रिय महिला आयोगले मंगलबार विदुरमा आयोजना गरेको महिला हक अधिकारसम्बन्धी कार्यक्रममा बिदुर नगरपालिका र तार्केश्वर गाउँपालिकाका जनप्रतिनिधिले हिंसाका घटना स्थानीय तहबाटै हुने भएकोले स्थानीय नागरिकलाई सजग बनाउनुपर्ने बताएका हुन्।

कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका अधिकारी सच्युतराज उप्रेतीले न्यायिक समितिको काम कर्तव्य र अधिकारको विषयमा जानकारी गराउनुभएको थियो। उप्रेतीले जनप्रतिनिधिहरूलाई स्थानीय तहमा गठन हुने न्यायिक क्षेत्रको अधिकारको विषयमा जानकारी गराउनुभएको थियो। उहाँले राजनीतिक आस्थाको आधारमा न्याय दिन नहुने भन्दै सबैलाई समान आधारमा न्याय दिनुपर्ने बताउनुभयो।

नुवाकोट बार एसोसियसनका अध्यक्ष देवराज कँडेलले लैंगिक हिंसाविरुद्धको नीति निर्माण गर्दा महिलाहरूलाई विशेष प्राथमिकता दिनुपर्ने बताउनुभयो। कँडेलले समाजमा हुने अधिकांश हिंसाका घटना महिलामाथि हुने भन्दै त्यसमा जनप्रतिनिधिहरूले विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय महिला आयोगका सचिव अनिलकुमार ठाकुरले महिलाहरूलाई आर्थिकरूपमा सबल बनाउन सकेमात्र महिला हिंसाको घटनामा कमी आउने बताउनुभयो। उहाँले स्थानीय स्रोत र साधनको पहुँचमा महिलालाई पनि पुर्‍याएमा समाजमा हिंसाका घटनामा कमी आउने बताउनुभयो। ठाकुरले महिला आयोगले विशेष गरी मेलमिलाप र आपसी समझदारी बढाउन र प्रोत्साहन गर्न कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा लैंगिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजनाका परियोजना संयोजक पनिता थापाले परियोजनाले लैंगिक हिंसामा परेका व्यक्तिहरूलाई कानुनी सहायता गर्दै आएको बताउनुभएको छ। साथै परियोजनाले मंसिरबाट कल सेवा सञ्चालन गरेकाले महिला हिंसा भएमा ११४५ मा डायल गर्न अनुरोध गर्नुभएको छ। कार्यक्रममा विदुर नगरपालिका र तार्केश्वर गाउँपालिकका जनप्रतिनिधिहरू, विभिन्न सामाजिक संघसंस्थाका प्रमुख एवम् प्रतिनिनिधिको सहभागिता रहेको थियो।

## पौडी खेल्ने क्रममा डुबेर मृत्यु

दोलखा, (नेस)

पौडी खेल्ने क्रममा दोलखाको शैलुङ गाउँपालिकामा पर्ने फस्कु खोलाले बगाउँदा १ जनाको मृत्यु भएको छ।

सोलुखुम्बु जिल्लाको सोताङ गाउँपालिका वडा नम्बर ५ स्थायी घर भएका २६ वर्षीय कुवीरमान छिरिङको शैलुङ गाउँपालिका वडा नम्बर ५ काटाकुटी र वडा नम्बर ६ फस्कुको सीमानामा पर्ने फस्कु खोलाले बगाउँदा मृत्यु भएको इलाका प्रहरी कार्यालय मागापौवाले जनाएको छ।

सोमबार खोलामा नुहाउन गएका कुवीरमान बेपत्ता भएको खबर पाएपछि प्रहरी, स्थानीयवासी र जनप्रतिनिधिहरूले खोजी गरेका थिए। खोजीका क्रममा फस्कु खोलाको खोंचमा उनलाई मृत भेटिएको प्रहरीले जनाएको छ। कुवीरमान पुनर्निर्माणको कामका लागि सोलुखुम्बुबाट दोलखाको शैलुङ गाउँपालिका आएका थिए।

## जनताको काममा प्रतिबद्ध हुन आग्रह



हेटौंडा, (नेस)

नेपाली कांग्रेस ३ नम्बर प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले जनताको काममा प्रतिबद्ध भएर लाग्न पार्टीनिकट जनप्रतिनिधिलाई आग्रह गर्नुभएको छ।

३ नम्बर प्रदेशमा कांग्रेसबाट विजयी स्थानीय तहका प्रमुख एवम् उपप्रमुखहरूसँग हेटौंडामा भएको अन्तर्क्रियामा उहाँले जनताको मतबाट विजयी जनप्रतिनिधिले जनताको हितमामात्र ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

संघीयता कार्यान्वयनका लागि ३ तहको निर्वाचन नेपाली कांग्रेस नेतृत्वमै सम्पन्न भएको भन्दै यसको पूर्ण कार्यान्वयनको प्रमुख जिम्मेवारी पनि कांग्रेसको नै भएको उहाँले बताउनुभयो। उहाँले जनतासँग नजिक रहेको सरकार स्थानीय तह भएकाले उनीहरूको हरेक समस्या समाधानमा स्थानीय तहका जनप्रतिनिधि लाग्नुपर्ने बताउनुभयो।

कार्यक्रममा सहभागी स्थानीय तहका प्रमुख एवम् उपप्रमुखहरूले स्थानीय तहमा निर्वाचित भएको एक वर्षे कार्यकालमा कानुनी पक्षबारे सिक्दै जनताको काम गर्दै आएको बताए। उनीहरूले ३ तहको निर्वाचनमा प्राविधिकरूपमा हारे पनि कांग्रेसको नीतिले जितेको भन्दै स्थानीयस्तरमा जनताको सेवामा खटिने प्रतिबद्धता व्यक्त गरेका थिए। पार्टीले स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूसँग समन्वय गर्नु अत्यावश्यक रहेको उनीहरूले बताएका थिए।

कार्यक्रममा ललितपुर महानगर प्रमुख चिरीबाबु महर्जन, काठमाडौं महानगर उपप्रमुख हरिप्रभा खड्गी, भरतपुर महानगर उपप्रमुख पार्वती शाह, गाउँपालिका महासंघ महासचिव वंशलाल तामाङलगायतको सहभागिता थियो।

## आगलागीमा परी तीन घाइते

दोलखा, (नेस)

दोलखाको कालिञ्चोक गाउँपालिका वडा नम्बर ९ सुन्द्रावतीका शंकर पकुवालको घरमा सोमबार राति आगालागी हुँदा ३ जना घाइते भएका छन्।

सुन्द्रावती लेखखर्कका ३६ वर्षीय शंकर पकुवालको घरमा सोमबार राति ११ बजे आगालागी हुँदा भूकम्पपछि बनाएको नयाँ घर जलेर नष्ट भएको थियो। आगलागीका कारण घरमा रहेका ५ जनामध्ये शंकर पकुवाल सामान्य घाइते भएको र पकुवालको श्रीमती गोपिनी पकुवाल र छोरी सीता पकुवाल गम्भीर घाइते भएको नेपाल रेडक्रस सोसाइटी उपशाखा सुन्द्रावतीका कार्यसमिति सदस्य वेदचन्द्र उप्रेतीले जानकारी दिनुभयो। घाइते आमा छोरीको उपचारका लागि रेडक्रस सोसाइटी उपशाखा सुन्द्रावतीको पहलमा ५० हजार रकम संकलन गरी काठमाडौंको टिचिङ अस्पतालमा पठाइएको छ। आगलागीपीडित परिवारलाई नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा दोलखाले राहत वितरण गरेको छ।

## मरणघाट निर्माण कार्य तीव्र गतिमा

नुवाकोट, (नेस)। विदुर नगरपालिका वडा नं १० को भैसेमा निर्माणाधीन मरणघाटको निर्माण कार्यलाई तीव्र पारिएको छ। मरणघाटको निर्माणका लागि ३ लाख ६५ हजार रुपियाँमा ठेक्का दिइएको भैसेका स्थानीय उपेन्द्र बुढाथोकीले बताउनुभयो। बुढाथोकीका अनुसार घाट निर्माणको तयारी अन्तिम चरणमा पुगेको छ। उनका अनुसार घाट निर्माणको लागि ठेक्कमा सम्झौता गरिएको छ।

यसअघि मरणघाट निर्माण तथा व्यवस्थापनका लागि भन्दै विदुर नगरपालिका वडा नं १० भैसेका स्थानीय विष्णु प्याकुरेल र इन्द्रकुमारी प्याकुरेल दम्पतीले ३ लाख ६५ हजार रुपियाँ आर्थिक सहयोग गरेका थिए।

## निर्माणजन्य सामग्रीको उत्खनन र प्रशोधन गर्ने दीर्घकालीन कानुन बनाउन माग

**शालिकराम चालिसे, नुवाकोट**

नुवाकोट निर्माण व्यवसायी संघले जिल्लामा सञ्चालित ढुंगा, गिटी र वालुवाको उत्खनन र प्रशोधनका लागि दीर्घकालीन कानुन बनाउन सरोकारवाला निकायसँग माग गरेका छन्।

विदुरमा मंगलबार पत्रकार सम्मेलन गर्दै नुवाकोट निर्माण व्यवसायी संघका अध्यक्ष सुमन अधिकारीले सरकारले काम पनि छिटो गर भनेर दबाब दिने तर निर्माणजन्य सामग्रीको उत्खनन पनि गर्न नदिने गरेकाले निर्माण व्यवसायीहरू दोहोरो मारमा परेको बताउनुभयो।

सरकार र स्थानीय तहले समयमा काम नसक्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राखी कारबाही गर्ने बताइरहेका छन्। तर व्यवसायीहरूले निर्माणजन्य सामग्रीको मूल्य बढिरहँदा सरकार मौन बसेको, मूल्य नियन्त्रण गर्न पहल नगरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। व्यवसायीहरूले मजदुर र निर्माणजन्य सामग्रीको अभावले निर्माण कार्य समयमा नै सक्न मुस्किल भएको संकेत गरेका छन्।

नुवाकोट निर्माण व्यवसायी संघका अध्यक्ष अधिकारीले सरकारको सबै निकायमा तिर्नुपर्ने सेवा शुल्क र कर तिरे पनि राज्यले व्यवसायीको मर्का नबुझेको गुनासो गरे। उनले सरकारले व्यवसायीहरूको मागको विषयलाई ध्यान नदिएको भन्दै यस्तै अवस्था रहिरहे घर निर्माणको समयसीमा असार मसान्त गुज्रने बताए। सर्वोच्च अदालतले गतहप्ता मात्र नुवाकोटका क्रसर उद्योग बन्द गराउन आदेश दिएपछि जिल्ला प्रहरीले नुवाकोटको क्रसर उद्योग बन्द गराएको थियो। क्रसर उद्योग बन्द भएपछि जिल्लामा निर्माणजन्य सामाग्रीहरूको अभाव भएको छ जसले गर्दा भूकम्पपीडित मारमा परेका छन्। व्यवसायीहरूले आफ्नो मागका विषयमा जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यलय र सबै स्थानीय तहमा पनि जानकारी दिने बताएका छन्।

## नागरिक समाजले जनप्रतिनिधिलाई जवाफदेही बनाउनुपर्ने

**नेपाल समाचारपत्र**

नुवाकोट

स्थानीय तहले नीति निर्माणको तहमा गरेको अनियमितताका विषयमा नागरिक समाजले जनप्रतिनिधिलाई जवाफदेही बनाउनुपर्ने जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख सन्तमान तामाङले बताउनुभएको छ।

विदुरमा आइतबार सीडीसी नेपालले आयोजना गरेको पारस्परिक जवाफदेयिता परियोजना तथा साझासभा कार्यक्रमा तामाङले उक्त कुरा बताउनुभएको हो। तामाङले पदमा बसेका जिम्मेवार निकायलाई नागरिक समाजले सजग बनाउनुपर्ने भन्दै हुनुपर्ने के भएन र नहुनुपर्ने के भयो त्यसको समीक्षा नागरिक समाजले गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा प्राकृतिक स्रोत रुपान्तरणका प्रतिनिधि सन्तोष खनालले काम गर्ने सवालमा जनताले धेरै प्रश्न उठाउने गरेको भन्दै भूकम्पपीडितलाई तेस्रो किस्ताको नक्सा बनाएबापत इन्जिनियरले नागरिकसँग पैसा असुल्ने गरेकामा सम्बन्धित निकायको ध्यानाकर्षण गराएका थिए। जिल्ला पशु अधिकृत खगराज भट्टले नुवाकोटमा शिखर इन्सुरेन्सले मात्र पशुबीमा गरेको र अहिलेसम्म ३० करोडको पशुबीमा भएको जानकारी दिनुभयो। उहाँले एक गाउँ एक प्राविधिकअनुसार २९ प्राविधिक गाउँमा खटिएको बताउनुभयो। जिल्ला कृषि विकास कार्यालयका प्रमुख डा. कमलराज गैरेले कार्यालयको संरचना परिवर्तन भएको भन्दै केही अन्योलता बढेकोले समस्या आएको बताउनुभयो। डा. गैरेले अहिले सबै बजेट स्थानीय तहमा भएको भन्दै प्राविधिक समस्या भएमा कार्यालयमा सम्पर्क गर्न आग्रह गनुभयो।

नागरिकहरूले स्थानीय तहमा अधिकार आए पनि त्यसको अनुभूति गर्न नसकेको बताएका थिए। केहीले स्वास्थ्य संस्थामा निःशुल्क औषधि दिने भनिए पनि नपाएको र पशुबीमा प्रभावकारी नगराएको गुनासो गरेका थिए । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख सन्तमान तामाङ, उपप्रमुख अप्सरा थापा, जिल्ला पशुसेवा कार्यालयका प्रमुख खगराज भट्ट, जिल्ला कृषि विकास कार्यालय नुवाकोटका प्रमुख डा. कलराज गैर, जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख राममणि घिमिरे, जिल्ला समन्वय समितिकी सदस्य सम्झना सेढाई, सीडीसी नेपालका अध्यक्ष नारायनप्रसाद नेपाल, जिल्ला शिक्षा कार्यालयका लेखराज कार्की तथा नागरिक समाजका व्यक्तिको उपस्थिति रहेको थियो।

## तिवारीद्वारा अभिभावकत्व ग्रहण

**ज्ञानमणि नेपाल कालोटोपी, मण्डनदेउपुर, काभ्रे**



कामना न्युज पब्लिकेसन्स *नेपाल समाचारपत्र*का पूर्वसम्पादक वरिष्ठ पत्रकार बद्री तिवारीले जिल्लाको मण्डनदेउपुर नगरपालिका-१० चण्डेनीमण्डनस्थित श्री उमा सह-शिक्षालय माविको कक्षा २ मा पढ्ने ८ वर्षीया छात्र जनार्दन तामाङको अभिभावकत्व ग्रहण गरेका छन्।

सोमबार विद्यालयमा आयोजित एक कार्यक्रमका बीच उनले तामाङको अभिभावकत्व ग्रहण गरेका हुन्। सो वडाको सुलिकोट निवासी विष्णुलाल तामाङ र शारीरिकरूपमा अशक्त शुकुमाया तामाङका छोरा जनार्दनलाई विद्यालयमा पढुञ्जेलसम्म लाग्ने खर्च बेहोर्ने गरी निजको अभिभावकत्व ग्रहण गर्ने पत्रकार तिवारीले बताए।

सोही कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शालिकराम श्रेष्ठले कक्षा ९ की छात्रा ईश्वरी तामाङ र अंग्रेजी शिक्षक लीलानाथ न्यौपानेले कक्षा ९ कै लक्ष्मी तामाङको अभिभावकत्व ग्रहण गरेका थिए। न्यून आय भएका बालबालिकालाई सहयोग गर्न यस अभियान शुरू गरिएको पत्रकार तिवारी तथा शिक्षकद्वयले बताए। कार्यक्रममा प्रधानाध्यापक शालिकराम श्रेष्ठ र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर तामाङलगायतको उपस्थिति रहेको थियो।

## देशमा पहिलोपटक समन्वय परिषद्

### समन्वय गरेर काम गर्ने प्रयासमा १ सय १९ स्थानीय तह

**नेपाल समाचारपत्र**

हेटौंडा

प्रदेश-३ का सबै १३ जिल्लाका समन्वय समिति प्रमुख, उपप्रमुख, स्थानीय तहका प्रमुख उपप्रमुखको गोष्ठी हेटौंडामा शुरू भएको छ।

प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा देशभरका ७ वटै प्रदेशमध्ये प्रदेश-३ मा पहिलोपटक कानुनअनुसार प्रदेश समन्वय परिषद् बैठक शुरू भएको हो। सोमबार र मंगलबार चल्ने बैठकको मुख्यमन्त्री डोरमणि पौडेलले उद्घाटन गर्नुभएको हो।

परिषद् बैठकमा १३ जिल्लाका १ सय १९ स्थानीय तहका प्रमुख र उपप्रमुखलगायतको सहभागिता छ। बैठकले प्रदेश विकासका काम कसरी अगाडि बढाउने भन्ने विषयमा निचोड निकाल्ने छ। परिषद्मा २ तहबीच समन्वय, साझा अधिकारका सूची र प्राकृतिक स्रोतसाधनको बाँडफाँडलगायत विषयमा छलफल हुनेछ।

बैठकमा एकीकृत कर संकलन प्रणाली, यसका दायरा, जिल्लाका प्रमुखहरूको समूहगत प्रस्तुति, उठेका सवालमा विषयगत मन्त्रीले जवाफ दिने, आगामी बजेटका विषयमा छलफल, प्रदेश र स्थानीय तहबीच समन्वय गरेर गर्न सकिने कामका विषयमा छलफल हुने प्रदेश प्रमुख सचिव रेश्मीराज पाण्डेले बताउनुभयो।

परिषद् बैठक उद्घाटन गर्दै मुख्यमन्त्री पौडेलले संघीय सरकारको नीति/कार्यक्रम पछिमात्र स्पष्ट धारणा दिन सकिने बताउनुभयो। उहाँले प्रत्येक घरबाट आएका योजनाको चाङ लागेको भन्दै प्रदेश आफैं बजेट कति हुन्छ भन्ने अन्योलमा रहेको गुनासो गर्नुभयो। संघीय सरकारको नीति/कार्यक्रमले दिने मार्गदर्शनपछि स्पष्ट धारणा आउने र स्थानीय तहमा कुन-कुन प्रकारका योजना लागू गर्ने भन्न सकिने उहाँले बताउनुभयो।

मुख्यमन्त्री पौडेलले स्वच्छ प्रशासन, भ्रष्टाचारमुक्त समाज निर्माण गर्नु अहिलेको आवश्यकता रहेको बताउनुभयो। उहाँले स्थानीय तहका जनप्रतिनिधिले साना योजनामा कनिका छर्ने भन्दा पनि ठूला योजनामा काम गर्न निर्देशन दिनुभयो।

स्थानीय तह स्थानीय सरकारका रूपमा अगाडि बढेको बताउँदै उहाँले भन्नुभयो- 'हामी सबै नेपालीको मुहार फेर्न चाहन्छौं, स्थानीय सरकारले समृद्धिको नारालाई आत्मसात् गर्दै काम गर्ने बेला आएको छ। स्थानीय निकाय स्थानीय सरकार हो।'

प्रदेश सरकार अन्योलमा भएको बताउँदै उहाँले भन्नुभयो- 'बजेट ल्याउने बेला भइसक्यो, कति रकमको कुन कामलाई प्राथमिकता दिएर बजेट बनाउने भन्ने अन्योल छ।' अब संघीय सरकारले नीति/कार्यक्रम प्रस्तुत गरेपछि बजेट बनाउन सजिलो होला। ३ तहको सरकार आफैं सक्षम हुने तरिकाले काम गर्न उहाँले आग्रह गर्नुभयो।

प्रदेशका प्रतिपक्ष दल नेता इन्द्रबहादुर बानियाँले विकास निर्माणका काम गर्ने मुख्य समयमा क्रसर उद्योग बन्द गरिनु नाजायज भएको बताउनुभयो। हालको समयमा निर्माण व्यवसायीलाई सरकारले पक्राउ गरेर आतंक फैलाइरहेको उहाँको आरोप छ।

कार्यक्रममा प्रदेशका भौतिक योजना तथा पूर्वाधार विकासमन्त्री केशव स्थापित, आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्कट्टेल, आर्थिक मामिला तथा योजनामन्त्री कैलाश ढुंगेल, भूमि, कृषि, पर्यटनमन्त्री दावा दोर्जेलामा, सामाजिक विकास मन्त्री युवराज दुलाल, काठमाडौं महानगर मेयर विद्यासुन्दर शाक्य, भरतपुर महानगर मेयर रेणु दाहाल र हेटौंडा उपमहानगर मेयर हरिबहादुर महतलगायतको आतिथ्यता थियो।

२०७५, जेठ
बुधबार
९

> ७१ वर्षको उमेर हुँदासम्म राज्यले अन्य समुदायलाई प्रदान गर्दै आएको वृद्धभत्ता आफूले पाउन नसकेको सवीर कायतले बताए।



# पानीको पर्खाइमा नगरवासी

## बझाङ सदरमुकाममै पानीको हाहाकार

**ललित सिंह, बझाङ**



२० औं वर्षअघि कुनै दिन ग्रामीण भेगका स्थानीय बासिन्दा खानका लागि गाउँबाट मधेस गएर अन्न ल्याउने चलन थियो। १५/२० दिनको पैदल यात्रा गरेर डोटीको गोबघाट, कञ्चनपुरको गड्डाचौकीजस्ता छिमेकी जिल्लाबाट वर्षभरि खान पुग्ने गरी १ जना जवान मान्छेले १ क्विन्टल अनाज पिठ्युँमा बोकेर जीविका चलाउँदै आएका थिए। १५-२० दिनपछि मात्र श्रीमान् घर पुग्ने भएकाले उतिखेरका ग्रामीण भेगका महिला अब पुग्छन्, तब पुग्छन् भनेर औंला भाँचेर दिन कटाउँथे।

तर समय यत्ति मात्र फरक कि उतिखेर श्रीमान् आउने बाटो हेरेर पर्खी बस्नुपर्ने थियो भने अहिले पानी आउने आशमा पर्खी बस्नुपर्ने बाध्यता रहेको छ। जयपृथ्वी नगरपालिकामा पहिलेको जवानामा आफ्नी सासूले ससुरा आउँछन् भनेर डाँडामा गएर घरिघरि हर्न जानुहुन्थ्यो तर अहिले जिल्लामा गाडी पुगेर खाद्यान्नको केही सुविधा भए पनि पानीका लागि भने कतिखेर आउँछ भनेर कुर्नुपर्ने बाध्यता रहेको जयपृथ्वी नगरपालिका-११ मयाना गाउँकी रामकली बोहराले बताइन्।

स्थानीयलाई खानेपानीको निकै हाहाकार भएको छ। खानेपानी नहुँदा खोला किनारको पानी खान बाध्य भई यस क्षेत्रका बासिन्दाले दैनिकी जीवन चलाइरहेका छन्। जिल्लाको एकै नगरपालिका मात्र नभई खप्तड छान्ना गाउँपालिका, केदारस्युँ गाउँपालिका, मस्टा गाउँपालिका, तल्कोट गाउपालिका, बित्थडचिर गाउँपालिका र जिल्लाकै मुटु मानिने जयपृथ्वी नगरपालिकामा अवस्थित सदरमुखकाम चैनपुरमा नै पानीको निकै हाहाकार भएको छ।

'सदरमुकाम चैनपुरमा घर बनाई स्थायी बसोबास गरेको ८ वर्ष भयो अहिलेसम्म सेती नदीबाट सिँचाइका लागि ल्याएको नहरबाटै पानी आउँछ त्यस पानीबाटै अहिलेसम्म चर्पीमा प्रयोग गरिरहेको छु। सदरमुखकाम चैनपुरको पानी आउने न समय हुन्छ न त दैनिकी आउँछ। जिल्लाको सदरमुखकाम चैनपुरमा बसेको छु भनेर खाली नाम मात्र छ यहाँ' -गाउँको भन्दा पनि बढी समस्यामा बस्दै आएको जयपृथ्वी नगरपालिका-१ का डम्बर सिहंले बताए।

उनले सदरमुकाम चैनपुरमा त चर्पीमा पानी लिन पनि समस्या भएकाले दिसापिसाब गर्न पनि दौडेर खोलामा जानुपर्ने बाध्यता रहेको बताए। यहाँ सय परिवारभन्दा बढी परिवारको खानेपानीको एकै धारा भएको हुनाले पानी भर्ने मानिसभन्दा बढी खाली भाँडाकुँडा बढी देखिन्छन्। बिहान ७ बजेदेखि दिउँसो ११ बजेसम्म पानीको पालो कुरेर बसिरहँदा बढीजसो बालबालिकाको पढाइसमेत प्रभावित भएको छ।

यस्तो अवस्था गाउँका जनताले खेप्दासमेत जनप्रतिनिधि भने कानमा तेल हालेर बसिरहेका छन्। कतिपय समयमा त पानी भर्ने बेलामा पालो मिचेको भन्दै महिला बालबालिकाको झगडासमेत हुने गरेको छ भने घरमा पानी नभई खाना खानसमेत पाएका छैनन्।

पालो कुरेर पानी खाने धारामा पनि नियमित पानी आउँदैन। धारामा पानी नआएपछि खोला किनारामा पानी ल्याउन जाँदा कम्तीमा २ घन्टा टाढा जानुपर्ने बाध्यता स्थानीयको छ।

## होटलमा आमा छोरी मृत फेला

डोटी, (नेस)

डोटीको सिलगढीस्थित सृजना होटलमा मंगलबार बिहानै आमा छोरी मृत अवस्थामा फेला परेका छन्। दिपायल सिलगढी नगरपालिका-६ सिलगढीमा रहेको उक्त होटलमा दुवै जना मृत भेटिएका हुन्।

कैलालीको चुरे गाउँपालिका ३ भक्तपुर घर भएकी २४ वर्षीया शोभा साउँद झुण्डिएको अवस्थामा भेटिएकी छन् भने उनकी २ वर्षीया छोरी करुणा बेडमै मृत फेला परेको जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी सहायक निरीक्षक रामसिंह विष्टले जानकारी दिनुभयो।

सोमबार बेलुका खाना खाएर सुतेका आमा छोरी मृत अवस्थामा फेला परेका हुन्। शोभाका श्रीमान् ठेकेदार प्रेम साउँद पनि सँगै रहेको र आमा छोरीको हत्या भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ। शोभाका श्रीमान् प्रेम साउँद आफैं जिल्ला प्रहरी कार्यालयमा पुगी आफ्नी श्रीमती र छोरी मृत अवस्थामा रहेको भन्दै खबर गरेपछि उनलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

उक्त होटल जिल्ला प्रहरी कार्यालय डोटीबाट करिब १ सय मिटर जति टाढा रहेको छ। घटनाको विस्तृत रहस्य खुल्न बाँकी रहेको र केही दिन पहिले श्रीमान् श्रीमतीबीच झगडा भएको बुझिएको डोटी प्रहरीले जनाएको छ।

## नगरपालिकाका ९४ प्रतिशत निर्णय कार्यान्वयन भएको दाबी

**नेपाल समाचारपत्र**

लमजुङ

जिल्ला सदरमुकामस्थित बेंसीशहर नगरपालिकाले आफ्ना ९४ प्रतिशत निर्णय कार्यान्वयन भएको दाबी गरेको छ। १ वर्षको अवधिमा गरेका निर्णय कार्यान्वयन भएको नगरपालिकाले जनाएको हो।

२०७४ असार १२ गते बसेको नगरकार्यपालिकाको पहिलो बैठकदेखि २०७५ वैशाख २२ गतेसम्म भएका बैठकबाट गरिएका निणर्यमध्ये ९४ प्रतिशत कार्यान्वयन भएको देखिएको नगरपालिकाका मेयर गुमानसिंह अर्यालले बताउनुभयो। उहाँका अनुसार वार्षिक समीक्षा बैठकमा १ वर्षको अवधिमा भएका १७ वटा बैठक भएका र १ सय ५८ निर्णय गरी कार्यान्वयन गरिएको हो।

निर्णयलाई मिहिन ढंगले 'फलोअप' गर्दै अघि बढेकाले अधिकांश निर्णय कार्यान्वयन भएको नगरप्रमुख अर्यालको भनाइ छ। 'हामीले खाली निर्णय लेख्नकै लागि मात्रै गर्नु नपर्ने र कमप्रभावकारी निणर्य गर्दै गरेनौं', उनले भने- 'जे जति निणर्य गर्‍यौं ती सबै कार्यान्वयन गर्नैपर्ने थिए र गर्‍यौं पनि।' कार्यक्रममा यसअघि भएका सबै बैठकका निर्णयको कार्यान्वयन तथा प्रभावकारितामाथि अन्तरक्रिया गरिएको प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद तिवारीले बताउनुभयो। उहाँका अनुसार करिब ६ प्रतिशत निर्णय कार्यान्वयनमा आई नसकेका र ती पनि कार्यान्वयनको अन्तिम चरणमा छन्।

## स्थानीय तहमा धमाधम कानुन निर्माण हुँदै

**सरिता चलाउने, सल्यान**

सल्यानमा रहेका स्थानीय तहले कानुन निर्माणलाई तीव्रता दिएका छन्। स्थानीय सरकारबाट कार्य सम्पादनमा सजिलो बनाउने गरी विभिन्न कानुन र कार्यविधि निर्माणको काम अघि बढेको स्थानीय सरकारका प्रतिनिधिको भनाइ छ। यहाँका २ गाउँपालिकाले आफूले निर्माण गरेका कानुन राजपत्रमा प्रकाशितसमेत गरेका छन्। दार्मा गाउँपालिका र त्रिवेणी गाउँपालिकाले विभिन्न ऐन कानुन र कार्यविधि कार्यान्वयनका लागि राजपत्रमा प्रकाशित गरेको जनाएका छन्। दार्मा गाउँपालिकाले कानुन र कार्यविधि गरी २४ वटा कानुन बनाएर काम थालेको छ। गाउँपालिकाले स्थानीय तहमा रहेर काम गर्ने भएकाले आफैंले कानुन बनाएर काम शुरू गरेको गाउँपालिका अध्यक्ष निमबहादुर केसीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'कानुन र कार्यविधिका आधारमा स्थानीय सरकार चलाउन सजिलो भएको छ।'

कर्णाली प्रदेशमा पहिलो पटक स्थानीय सरकारले राजपत्रमा कानुन प्रकाशित गरेको छ। राजपत्रमा विभिन्न ऐन प्रकाशित गरेको दार्मा गाउँपालिकाका कानुनी सल्लाहकार इन्द्र भण्डारीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'राजपत्रमा गाउँपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण कार्यविधि नियमावली, कार्यविभाजन नियमावली, अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, विनियोजन विधेयक, गाउँपालिकाको पदाधिकारी आचारसंहिता, उपभोक्ता समिति कार्यविधि, आकस्मिक कोष सञ्चालन विधि रहेका छन्।

यस्तै गाउँ कार्यपालिकाको बैठक भत्तासम्बन्धी, प्राविधिक कर्मचारी फिल्ड सुविधा, विपद् व्यवस्थापन, पूर्वाधार व्यवस्थापन ऐन, शिक्ष ऐन, सहकारी ऐन, कृषि व्यवसायी प्रबर्द्धन ऐन, न्याय सम्पादन विधेयक, स्थानीय विपद् तथा जलवायु उत्पादनशील निर्देशिका, राजपत्र प्रकाशन कार्यविधि रहेका छन्।

यस्तै शिक्षा नियमावली, एफएम रेडियो सञ्चालन कार्यविधि, बजार अनुगमन निर्देशिका र सभा सञ्चालन कार्यविधि रहेका छन्।' गाउँपालिकाबाट पास भएका २४ वटा नियम, कानुन र ऐनभित्र रहेर काम गर्न मातहतका निकायलाई निर्देशन दिइसकेको गाउँपालिकाका उपाध्यक्ष टीका शर्मा वलीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'आवश्यकताका आधारमा ऐन कानुन बनाउनेछौं।'

त्रिवेणी गाउँपालिकाले पनि राजपत्र प्रकाशनमा ल्याएको छ। गाउँपालिकाले नियम, ऐन तथा कानुनको कार्यविधि बनाएर राजपत्र प्रकाशन गरेको हो। गाउँपालिकालाई नियमसंगत काम गर्न सजिलोका लागि नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम त्रिवेणी गाउँसभाले राजपत्र प्रकाशनमा ल्याएको गाउँपालिका अध्यक्ष मानबहादुर डाँगीले जानकारी दिनुभयो।

राजपत्र प्रकाशन गरेदेखि गाउँपालिकाले गर्ने सम्पूर्ण कार्य राजपत्रमा उल्लेख भएअनुसार हुनेगरेको अध्यक्ष डाँगीले जानकारी दिनुभयो। उहाले भन्नुभयो- 'आवश्यक पर्ने कानुन संघ र प्रदेश कानुनमा स्वत: खारेज हुने गरी निर्माण गरेका छौं।'

यसैगरी कपुरकोट गाउँपालिका, गाउँकार्यपालिकाको बैठकले ७ वटा कार्यविधि पारित गरेको छ । गाउँपालिकाका अध्यक्ष भीमबहादुर सेनको अध्यक्षतामा बसेको कार्यपालिकाको १२औं बैठकले बजेट तर्जुमा दिग्दर्शन २०७४, बजार अनुगमन निर्देशिका र राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि पारित गरेको प्रमुख प्रशासकीय अधिकृत सुवास रिजालले जानकारी दिनुभयो। यस्तै करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, मर्मतसम्भार कोष सञ्चालन कार्यविधि, खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापनसम्बन्धी कार्यविधि र शैक्षिक व्यवस्थापन कार्यविधि पारित गरेको रिजालको भनाइ छ।

कुमाख गाउँपालिकाले पनि विभिन्न ऐन र कानुनको मस्यौदा तयारीको काम गरिरहेको गाउँपालिककी अध्यक्ष दिलमाया बीएमले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'कामलाई तीव्रता दिएका छौं।'

## तटबन्ध निर्माणसँगै बस्ती पुन:स्थापना

**राम धामी, डडेल्धुरा**

डडेल्धुराको भित्रीमधेस क्षेत्रमा बाढी कटान रोक्न तटबन्ध निर्माण कार्य द्रुत गतिमा भइरहेको छ। तटबन्ध निर्माण भएसँगै रंगुन नदीको कटानले बगाएका बस्ती पुन:स्थापना भइरहेका छन्। वर्षेनी वर्षायाममा नदी छेउछाउका बस्ती बगाउँदा भित्रिमधेस क्षेत्रका दर्जनौं बस्ती बगरमा परिणत भएका थिए।

भित्रिमधेस क्षेत्र भएर बग्ने मुख्य नदी रंगुन र पुन्तरा नदीका कारण हरेक वर्ष बस्तीहरू विस्थापित हुन थालेपछि रंगुन नदी नियन्त्रणका लागि गुरुयोजना निर्माण गरेर राष्ट्रपति तराई मधेस चुरे संरक्षण विकास समितिमार्फत जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय नं. २२ धनगढीले रंगुन नदी किनारमा तटबन्ध निर्माण गरिरहेको छ।

परशुराम नगरपालिकाअन्तर्गत साविकका जोगवुडा र शीर्ष गाविसका साथै र आलिताल गाउँपालिकामा वर्षायाममा बाढी पहिरोका कारण मानव बस्ती, खेतीयोग्य जमिन र जगंल कटान गरी विनाश हुन थालेपछि रगुंन नदी नियन्त्रणका लागि गुरुयोजनाअनुसार काम भइरहेको जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय कैलालीका डिभिजन प्रमुख रणबहादुर बमले बताए।

सो कार्यालयको सहयोगमा रंगुन नदी प्रणालीअन्तर्गत रहेका खहरे खोला र महाकाली नदीमा पनि तटबन्ध निर्माण गरिन थालिएको छ। निर्माणको जिम्मेवारी पाएको राजेन्द्र निर्माण सेवा प्रालिले तटबन्ध निर्माण कार्य द्रुतगतिमा भइरहेको जनाएको छ।

राष्ट्रपति चुरे सरंक्षण कार्यक्रम, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. २२ धनगढीको आर्थिक सहयोग र जिल्ला वन कार्यालय डडेल्धुरासँगको समन्वयमा तटबन्ध निर्माण गर्ने कार्य भइरहेको इलाका वन कार्यालय जोबगूढाका सहायक वन अधिकृत चिरञ्जीवी थापामगरले बताए।५ वर्षभित्रमा पूरै रंगुन नदीमा तटबन्ध निर्माण गरिसक्ने लक्ष्यसहित धमाधम तटबन्ध निर्माणको काम भइरहेको जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. २२ धनगढीले जनाएको छ।

रगुनलगायत अन्य चुरे क्षेत्रका आसपासका बस्ती र खेतीयोग्य जमिन जोगाउनका लागि परशुराम नगरपालिका १२ लाढुंगामा ५ किलोमिटर र वडा नं ५ परिगाँउमा ३ किलोमिटर गरी करिब ८ किलोमिटर बढी क्षेत्रमा तारजालीलगायत ढुंगाको तटबन्ध निर्माण कार्य पूरा भएको निर्माण कम्पनी राजेन्द्र निर्माण सेवा प्रालिले जनाएको छ।

वर्षेनी बाढी र पहिरोको पीडा झेल्दै आएका परशुराम नगरवासी र त्यस क्षेत्रमा रहको जगंललाई जोगाउनका लागि रगुंन नदी र अन्य खहरे खोलामा समेत तारजाली र जैविक तटबन्ध लगाइएको छ। डडेल्धुरा भित्रिमदेश क्षेत्र परशुराम नगरपालिका र आलिताल गाउँपालिका केही भेगमा मानव वस्ती र जंगललाई संरक्षण गर्न सुनखोलालगायत खहरे खोलामा समेत १० किलोमिटर क्षेत्रमा तारजाली र जैविक तटबन्ध निर्माण गरिन थालिएको जिल्ला भूसंरक्षण कार्यालय डडेल्धुराले जनाएको छ।

यो वर्ष करोडौं रुपियाँको लगानीमा रगुंन नदी सघन नियन्त्रण गुरुयोजनाअन्तर्गत सो क्षेत्रमा बाढीपहिरोको प्रकोप न्यूनीकरणका लागि तारजालीलगायत ढुंगाको तटबन्ध निर्माण कार्य भइरहेको छ। जिल्ला वन कार्यालय र भूसंरक्षण कार्यालयमार्फत तटबन्ध क्षेत्रमा खयर, बयर, सिसम र अन्य रूख विरुवा वृक्षारोपण गरिन थालिएको चुरे क्षेत्र सामुदायिक वन सञ्जालका अध्यक्ष स्थानीय अगुवा कैलाश पाण्डेयले बताए।

वर्षायाम शुरू हुनेबित्तिकै डर र त्रासपूर्ण जीवन जिउन बाध्य रहेका परशुराम र आलितालवासी तटबन्ध निर्माणसँगै हर्षित भएका छन्। नदी नियन्त्रणका लागि भइरहेको कार्यले राहत मिल्नुका साथै वर्षायाममा पनि निर्धक्कका साथ बस्न पाइने स्थानीय हरिना कामीले बताइन्।

हरेक वर्ष वर्षायामसँगै भित्रिमधेस क्षेत्रका मानिसले बाढी पहिरोका कारण जनधनको क्षतिलाई सहँदै आएका थिए। नदी र खोलाभरि शुरू भएको तटबन्ध निर्माणको कार्यले परशुराम नगरपालिका र आलिताल क्षेत्रका सर्वसाधारण अबका दिनमा बाढी पहिरोको जोखिमबाट सुरक्षित भएको महसुस गर्न थालेका छन्।

## १ सय २५ जातिमा पनि अटाएन 'कायत समुदाय'

**सिर्जना पन्त, बागलुङ**



बागलुङको पश्चिम क्षेत्र ढोरपाटनमा अझै पनि पहिचान हुन नसकेको एउटा जाति बसोबास गर्दै आएको छ। ढोरपाटन नगरपालिका-७ मा अझै पनि राज्यले कुनै पनि वर्गमा सूचीकृत नगरेको कायत समुदायको बसोबास रहेको छ।

राज्यले कुनै पनि वर्गमा सूचीकृत नगर्दा कायत समुदायको पहिचानसमेत हुन सकेको छैन। पहिचान नभएकै कारण उनीहरूले राज्यबाट पाउने सेवा सुविधाबाट समेत वञ्चित हुनुपरेको छ। ७१ वर्षको उमेर हुँदासम्म राज्यले अन्य समुदायलाई प्रदान गर्दै आएको वृद्धभत्ता आफूले पाउन नसकेको सवीर कायतले बताए। वृद्धभत्ता मात्रै नभई सरकारी जागिर खाँदा एवं लोपोन्मुख, अल्पसंख्यक एवं दलित समुदायले पाउने सेवा पनि नपाउँदा उनी दुखी छन्।

आफ्ना बाउबाजेको पालादेखि राज्यसँग बारम्बार उनीहरूको आफ्नो समुदायलाई पनि कुनै एक वर्गमा समावेश गरिदिनुपर्ने माग रहेको छ जुन हालसम्म पूरा हुन सकेको छैन। आफ्नो जाति कुनै पनि वर्गमा नभएपछि दैनिकजसो समस्या आइपर्ने सवीर बताउँछन्। नेपालमा रहेका १ सय २५ जातिमा पनि समावेश नभएका बागलुङको बोबाङमा बस्दै आएका 'कायत समुदाय' वर्षौंदेखि आफ्नो पहिचानका निम्ति लड्दै आइरहेका छन्। कायत थरको पहिचान नभएपछि उनीहरू राज्यको सेवासुविधा पाउनबाट पनि वञ्चित भएका हुन्।

सरकारले लोपोन्मुख, अल्पसंख्यकमा समावेश गर्न नसके ब्राह्मण, क्षेत्री, जनजाति वा दलित समुदायभित्र भए पनि सूचीकृत गर्नुपर्ने उनीहरूको माग छ। ६० घरधुरीका करिब ३ सय ५० जनसंख्या रहेको कायत समुदाय नेपालका अन्य क्षेत्रमा नरहेको बताइन्छ। अहिले नेपालमा कुल जनसंख्याको ०.५० प्रतिशतभन्दा कम जनसंख्या भएको समुदायलाई सरकारले अल्पसंख्यकको सूचीमा राखेको छ। जसअनुसार नेपालका १ सय २५ मध्ये ९८ जाति अल्पसंख्यक सूचीमा परेका छन्। यस्तै १२ भन्दा बढी जाति लोपोन्मुखको सूचीमा रहेको बताइन्छ। वषौंदेखि यही स्थानमा बस्दै आएका उनीहरूसमक्ष राज्यले भने ध्यान नपुर्‍याएको देखिन्छ।

ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपालीले कायत समुदायलाई पहिचान दिलाउन आवश्यक पहल गरिरहेको बताए। राज्यको नजरमा पर्न नसकेको कायत जातिलाई एउटा वर्गमा सूचीकृत गर्नुपर्ने उनीहरूले माग गरेका छन्।

## १ हजार ३ सय ३५ जनाको नि:शुल्क स्वास्थ्य परीक्षण

बुटवल, (नेस)

गुल्मीको तम्घासमा आयोजित नि:शुल्क स्वास्थ्य शिविरमा १ हजार ३ सय ३५ जनाको नि:शुल्क स्वास्थ्य परीक्षण गरिएको छ। जसमध्ये १ हजार १ सय ७६ जनाको सुगर परीक्षण, २ सय ५३ जनाको इको, ५ सय ७६ जनाको ईसीजी, ३ सय २७ जनाको ल्याब परीक्षण र ४५ जनाको पीएफटी नि:शुल्क परीक्षण गर्नुका साथै आवश्यक औषधिसमेत नि:शुल्क वितरण गरिएको थियो।

नि:शुल्क स्वास्थ्य शिविर नेपाल हृदयरोग निवारण प्रतिष्ठान, जिल्ला शाखा गुल्मीको आयोजना, रेसुंगा नगरपालिका, गुल्मी उद्योग वाणिज्य संघको सह-आयोजना तथा गौतमबुद्ध सामुदायिक मुटु अस्पताल बुटवलको प्राविधिक सहयोगमा गरिएको हो।

दा.मि. नं.:००९७५, फाँट : ५ (सुवोध) अनुसूची-८, अ.ब. नं. १०२ नं. बमोजिम

**मोरङ्ग जिल्ला अदालतबाट जारी भएको**

**मोरङ जिल्ला कानेपोखरी गा.पा. वडा नं. ४ भई हाल जि. मोरङ विराटनगर म.न.पा. वडा नं. ३ बस्ने चन्द्रप्रसाद दुलालकी छोरी प्रतिवादी कृष्णकला दुलालका नामको इतलायनामा/समाव्हान**

उप्रान्त जि. मोरङ, विराटनगर म.न.पा. १४ बस्ने मनोजकुमार यादवले तपाईंका नाउँमा मिति २०७४।०७।०७ मा लेनदेन मुद्दामा यस अदालतमा फिरादपत्र दिएको हुनाले उजुर/बयान फिरादपत्र र तत्सम्वन्धी लिखित प्रमाणको नक्कल समेत यसैसाथ पठाइएको छ। तसर्थ यो म्याद तपाईंले बुझेका वा तामेल भएका मितिले बाटोको म्याद बाहेक ३० दिनभित्रमा बयान वा प्रतिउत्तर पत्र दिन आफ्नो लिखत प्रमाणको सक्कल नक्कल जो छ सो र सो बमोजिमको एक एक प्रति नक्कल समेत लिई अदालत खुलेको समयमा अदालतमा हाजिर हुन आफैं आउनु वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनुहोला, ऐन बमोजिम पूर्पक्ष हुनेछ। सो म्यादभित्र बयान वा प्रतिउत्तर पत्र दिन आफू पनि आउनुभएन वा वारिस पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुनेछ। पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् २०७५ साल जेष्ठ महिना ८ गते रोज ३ शुभम् ............।




# विश्व

2018, MAY
Wednesday
23

### ज्वालामुखी

हवाईको किलाउय ज्वालामुखी विस्फोटमा उत्सर्जित ग्यास, लाभा र धूलोको यो दृश्य अन्तरिक्ष स्पेस स्टेसनबाट देखिएको हो। ज्वालामुखी विस्फोटबाट निस्केको लाभा प्रमुख राजमार्गमा बगिरहेको अधिकारीहरूले बताएका छन्।



### हावाको करामत

भ्याटिकनको सेन्ट पिटर्स स्क्वायरमा बुधबार एक सम्बोधनका क्रममा हावाले उडाएको कपडाले छोपिन पुगेका पोप फ्रान्सिस। उक्त कपडा निकाल्न खोज्दै उनका एक सहयोगी।



## विश्व २ मिनेट

### ब्राजिल

#### बाल अश्लीलता

ब्रासिलिया, (एजेन्सी)

ल्याटिन अमेरिकी देश ब्राजिलमा बाल अश्लीलताविरुद्धको अहिलेसम्मकै सबैभन्दा ठूलो कारबाहीका क्रममा २ सय ५० भन्दा धेरै पक्राउ परेका छन्। कारबाहीका क्रममा सयौं स्थानमा प्रहरीले छापामारेको जनाइएको छ। प्रहरीले ती स्थानहरूबाट बच्चासँग सम्बन्धित अश्लील सामग्री जफत गरेको छ। प्रहरीले देशको २४ राज्य तथा संघीय जिलामा कारबाही गरेको सुरक्षा मन्त्रालयले जानकारी दिएको छ। पक्राउ परेकाहरू चाइल्ड पोनोग्राफीमा संलग्न रहेको र त्यसलाई साझा गर्नेहरू भएको प्रहरीले बताए। सुरक्षा मन्त्री राउल जुगमानले नागरिकताको व्यापक सहभागिता रहेको यो अभियान अहिलेसम्मकै सबैभन्दा ठूलो कारबाही भएको बताए।

### बेलायत

#### विवाहमा पूर्वप्रेमिका

लन्डन, (एजेन्सी)

बेलायतका राजकुमार ह्यारी र मेगान मार्कलको शनिबार भव्य समारोहबीच विवाह सम्पन्न भयो। उक्त विवाहका लागि करिब ५ करोड अमेरिकी डलर खर्च भएको सञ्चार माध्यमहरूले जनाएका छन्। विवाह समारोहमा राजकुमार ह्यारीका पूर्वप्रेमिकाहरूको उपस्थिति रहेको पनि सञ्चार माध्यमहरूले जनाएका छन्। राजकुमार ह्यारीले नै आफ्ना पूर्व प्रेमिकाहरूलाई विवाहमा आउन निमन्त्रण दिएका थिए। विवाहमा सहभागी भएका दुई पूर्वप्रेमिका ३२ वर्षीया चेल्सी डेवी र २८ वर्षीया क्रेसिडा बोनसले आफ्ना पूर्व प्रेमी र मेगान मार्कलबीच सम्पन्न विवाहको साक्षी बनेका थिए। समारोहमा उनीहरू मुस्कुराइरहेको देखिएका थिए।

### पानामा

#### आतंककारी घटना

पानामा सिटी, (एजेन्सी)

पानामाको राष्ट्रपतीय कार्यालयले मंगलबार सन् १९९४ मा २१ जना मानिसको ज्यान जाने गरी पानामा भएको विमान दुर्घटना आतंककारी घटनाको परिणाम भएको जनाएको छ। त्यस दुर्घटनामा मारिनेमध्ये अधिकांश यहुदी रहेका थिए। पानामाका राष्ट्रपति हुवाा कार्लोस भारेलाले यससम्बन्धी प्रमाण इजरायली गुप्तचर निकायले पेस गरेको र आफूले यस मुद्दालाई पुन: खोल्न आदेश दिएको बताएका छन्। सन् १९९४ को १९ जुलाईमा विमानस्थलबाट उडेको केही क्षणपछि नै दुर्घटनामा परेको सो विमानमा नाम चलेका यहुदी व्यापारीहरू रहेका थिए।

### भारत

#### प्रदर्शनमा ९ मारिए

नयाँदिल्ली, (एजेन्सी)

दक्षिणी भारतीय शहर तमिलनाडुमा मंगलबार तामा पगाल्ने विषयलाई लिएर प्रहरी र प्रदर्शनकारीबीच भएको भिडन्तमा ९ जनाको ज्यान गएको छ। स्थानीय बासिन्दाले तामा पगाल्ने कामका कारण वातावरणमा क्षति पुग्ने भन्दै प्रदर्शन गरेका थिए। बन्दरगाह शहर टुटीकोरिनमा महिनौंदेखि तामा पगाल्ने काम हुँदै आएको थियो। प्रदर्शनकारीहरूको ठूलो भिड जिल्ला सरकारी मुख्यालयमा जबरजस्ती प्रवेश गर्न खोजेपछि तिनीहरूको प्रहरीसँग भिडन्त चर्केको थियो। प्रहरीले प्रदर्शनकारीले ढुंगामुढा गर्दै सवारी साधन जलाउन थालेपछि बल प्रयोग गरेको बताएको छ।

# भारतको केरलामा खतरनाक निपाह भाइरस



नयाँदिल्ली, (एजेन्सी)

दक्षिण भारतीय राज्य केरलाका स्वास्थ्य अधिकारीहरूले आशंकित खतरनाक निपाह भाइरसको कारण ९ जनाको ज्यान गइसकेको सोमबार पुष्टि गरेका छन्। विगत १५ दिनभित्र थप ३ जनामा यो भाइरस संक्रमित भएको पाइएको पनि बताइएको छ।

सोमबार रातिसम्म अन्य ६ जना बिरामीको रगत नमुना परीक्षणको परिणाम आइसक्ने ती अधिकारीले बताएका छन्। कोझिकोडेमा यसको संक्रमणको लक्षण देखिएका अन्य २५ जनालाई अस्पतालमा भर्ना गरिएको पनि तिनीहरूले बताएका छन्।

निपाह भाइरस अन्य जनावरहरूबाट मानिसमा सर्ने गर्दछ। यसको संक्रमण भएपछि ज्यान जाने सम्भावना ७० प्रतिशत रहको छ भने यसविरुद्ध कुनै खोपको विकास भएको छैन।

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) महामारीको रूपमा फैलिन सक्ने दशवटा ठूला रोगको सूचीमा निपाह भाइरसलाई पनि राखेको छ। केरलाको स्वास्थ्य सचिव राजिव सदानन्दनले यस भाइरस संक्रमित बिरामीहरूको उपचारमा खटिएकी एक नर्सको पनि ज्यान गएको बीबीसीलाई जानकारी दिएका छन्।

यस भाइरसको स्रोत चमेरो रहेको बताइएको छ। यसको लक्षण स्वरूप टाउको दुख्ने, ज्वरो आउने रिंगटा लाग्ने श्वास फेर्न गाह्रो हुने तथा मानसिक अन्योलको स्थिति सिर्जना हुने गर्दछ। यस्ता लक्षण देखापरेको २४ देखि ४८ घण्टाभित्र बिरामी अचेत अवस्थामा पुग्ने गर्दछन्।

सेवामा रहँदा निपाह भाइरसबाट संक्रमित हुन पुगेकी २८ वर्षीया लिनी पुथुस्सेरीले आफ्नो पतिलाई यसरी सन्देश पठाएकी थिइन्- 'मैले तपाईंलाई फेरि भेट्न सक्छु जस्तो मलाई लाग्दैन।' ५ र २ वर्षीय दुई छोरा भएका उनको सोमबार निपाह भाइरसको कारण केरलामा मृत्यु भएको थियो।



नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग
जल उत्पन्न प्रकोप व्यवस्थापन सब डिभिजन कार्यालय नं. २, डोल्पा
दुनै, डोल्पा

**आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना**

प्रकाशित मिति: २०७५/०२/०९

जल उत्पन्न प्रकोप व्यवस्थापन सब डिभिजन कार्यालय नं. २, डोल्पा द्वारा आ.व. २०७४।०७५ मा डोल्पा जिल्लाको सदरमुकाम बचावट कार्यक्रम अन्तर्गत डोल्पा जिल्लाको ठुली भेरी न पा ३ दुनै मा नदी नियन्त्रण तथा व्यवस्थापन गर्न मिति २०७४।१२।०१ गते नेपाल समाचारपत्र दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार मिति २०७५।०१।०२ गते दिनको १२:०० बजे भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका रित पुगेका बोलपत्ररुको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) उपनियम ३,४ बमोजिम प्राविधिक प्रस्तावहरु परीक्षण हुँदा तपसील बमाजिमका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही देखिएकोले सोही नियमावलीको नियम ३१ (ङ) को उपनियम ५ बमोजिम सम्वन्धित बोलपत्रदाताहरुलाई जानकारी एवं सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुलाई जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग पुल्चोक ललितपुर को सभाहलमा मिति २०७५।०२।१६ गते दिनको १:०० बजे आर्थिक प्रस्ताव खोलिने भएकोले उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसील**

| ठेक्का नं.र कामको विवरण | सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम |
|---|---|
| Construction of Vertical Revetment with Studs and Launching Apron at Bheri River in Thuli Bheri Municipality-3 Dunai, Dolpa (BRTW/01/074-75) | श्री कन्काइ /थोदुङ जे. भि., अनामनगर काठमाडौं |
| | श्री लुम्बिनी/खड्का कृष्ण/द क्याराभान जे.भी. बानेश्वर १० काठमाडौ |
| | श्री कालिका/अमर जे.भी. कालिमाटी काठमाडौं |

सब डिभिजन प्रमुख

# इजरायलद्वारा अमेरिकी एफ-३५ विमान प्रयोग

जेरुसेलम, (एजेन्सी)

अमेरिकामा निर्मित एफ-३५ स्टिल्थ लडाकू विमान पहिलो पटक इजरायली वायु सेनाले आक्रमणमा प्रयोग गरेको छ। इजरायली वायु सेना प्रमुखले ती लडाकू जेट विमानहरू लेवनानको राजधानी बेरुतको आकाशमा उडिरहेको तस्वीरहरू सार्वजनिक गरेका छन्।

उनले ती विमानले दुईवटा छुट्टाछुट्टै स्थानमा आक्रमण गरिसकेको जानकारी पनि दिएका छन्। हालैमात्र इजरायलले सिरियामा थुप्रै हवाई आक्रमण गरिसकेको छ। तर विश्वकै सबैभन्दा महँगो सैनिक कार्यक्रमभित्र पर्ने एफ-३५ मूल्य र युद्ध कौशलतालाई लिएर आलोचना हुँदै आएको छ।

गत वर्ष भर्खर राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले यसको मूल्यलाई लिएर ट्विट गर्दा अमेरिकी रक्षामन्त्री जेम्स म्याटिसले यस कार्यक्रमको प्रतिरक्षा गर्नुपरेको थियो। यस विमानको मूल्य झन्डै १० करोड अमेरिकी डलर पर्दछ।



इजरायलमा २० वटा विदेशी वायु सैनिक फौजको बैठकमा इजरायली सेना प्रमुख मेजर जनरल आमिकाम नोर्किनले भनेका छन्- 'हामीले एफ-३५ लाई मध्यपूर्वभरि उडाइरहेका छौं र तिनीहरूलाई दुईवटा युद्ध मोर्चामा प्रयोग गरिसकेका छौं। यो विमान कुनै चानचुन खेलौना होइन।'

तर उनले आक्रमण गरिएका स्थान भने उल्लेख गरेका छैनन्। एकल सिट भएको ५० वटा एफ-३५ मध्ये इजरायलले ९ वटा खरिद गरेको थियो। इजरायलले कुल ७५ वटा यस्तो विमान प्राप्त गर्न सक्ने संकेत दिएको छ।

# *तिब्बती अभियन्तालाई जेल सजाय*

*ल्हासा, (एजेन्सी)*

*पृथकतावादी गतिविधिमा संलग्न रहेको अभियोगमा मंगलबार चीनमा एक तिब्बती अभियन्तालाई ५ वर्ष लामो कारवास सजाय सुनाइएको छ। अमेरिकी अखबार न्युयोर्क टाइम्सलाई आफ्नो मातृभाषाको संरक्षण गर्ने सम्बन्धमा बोलेको कारण तासी वाङचुकलाई सन् २०१६ मा गिरफ्तार गरिएको थियो।*

*सो अखबारले सार्वजनिक गरेको भिडियोमा उनले चीनमा तिब्बती संस्कृतिको विनाश गरिँदै गरेको बताएका थिए। एम्नेस्टी इन्टरनेसनलले उनलाई सुनाइएको सजाय विवेकहीन भएको प्रतिक्रिया जनाएको छ।*

*वाङचुकका वकिलले उनले यस निर्णयविरुद्ध अपिल गर्ने योजना बनाएको एएफपीलाई जानकारी गराएका छन्। वकिल लियाङ सिओजुनले आफूलाई उनले अपराध गरेको विश्वास नलागेको र सो सजाय स्वीकार्य नरहेको बताएका छन्।*

*उनी सन् २०१५ को उत्तरार्धमा न्युयोर्क टाइम्सले तयार पारेको वृत्तचित्रमा देखापरेका थिए। उनले चीनको राजधानी बेइजिङमा आफ्नो गृहनगर युसुका स्थानीय अधिकारीविरुद्ध यस विषयमा मुद्दा दायर गर्ने प्रयास गरेका थिए।*




# चीनद्वारा चन्द्र अन्वेषणमा यान प्रक्षेपण

बेइजिङ, (एजेन्सी)

चन्द्रमाको अत्यन्त दुर्गम र रहस्यमय मानिएको ध्रुवीय क्षेत्रका बारेमा जानकारी हासिल गर्न चीनले सोमबार एक प्रसारण उपग्रहको सफल परीक्षण गरेको छ। उक्त उपग्रहले पृथ्वी र चीनको चन्द्रमा अन्वेषण अभियानबीच सञ्चार माध्यमको काम गर्नेछ। नेमड क्युकिओ नामक उक्त उपग्रहको तौल ४ सय किलोग्राम रहेको छ। यसले तीनवर्षसम्म काम गर्नेछ।

चीनको राष्ट्रिय अन्तरिक्ष प्रशासन (सीएनएसए)ले चीनको दक्षिण पश्चिमस्थित 'जिचाङ उपग्रह प्रक्षेपण केन्द्र'बाट सोमबार बिहान साढे ५ बजे लङ मार्च-४ सी रकेटबाट प्रक्षेपित गरिएको थियो। प्रसारक उपग्रह परियोजनाका प्रबन्धक झाङ लिहुआले भने- 'चन्द्रमाको दुर्गम ध्रुवीय क्षेत्रमा नरम सतहको जाँच शुरू गर्ने पहिलो देश बन्ने लक्ष्य हासिल गर्ने दिशामा यो परीक्षण एउटा महत्त्वपूर्ण कदम हो।'

उडान भरेको करिब २५ मिनेटपछि उपग्रह रकेटबाट अलग्ग भएको थियो। त्यसपछि उपग्रह पृथ्वी चन्द्रमाको स्थानान्तरण कक्षमा स्थापित भएको थियो। त्यसलगत्तै उपग्रहको सौर्य प्यानल र सञ्चार एन्टेना पनि खुलेको अभियान नियन्त्रक चिनियाँ वैज्ञानिकहरूले जानकारी दिए।



मेलामा विद्यालय, विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शैक्षिक सस्था, प्राविधिक एवं उच्च प्राविधिक कार्यक्रम सञ्चालन गर्ने संस्था, त्रिभुवन, पोखरा, पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (सीटीईभीटी) बाट सम्बन्धन लिएका १ सय ५० बढी शैक्षिक संस्थाको सहभागिता रहने बताइएको छ।

## गौरीघाटबाट...

तर मंगलबार बिहान काठमाडौँ महानगरपालिका-८ गौरीघाटबाट पक्राउ गरिएको गोरेलाई छानबिन समितिले पक्राउ गर्न सफल भएको थियो।

सरकारको २०७४ चैत २० गतेको मन्त्रिपरिषद्को निर्णय र संगठित अपराध ऐन २०७० को दफा १२ अनुसार सहसचिव ईश्वरराज पौडेलको संयोजकत्वमा साढे ३३ किलो सुनकाण्डको अनुसन्धान गर्न छानबिन समिति गठन गरेको थियो। टोलीले साढे ३३ किलो सुनका मुख्य अभियुक्त गोरे फरार भएपछि नेपाल र छिमेकी मुलुक भारतमा गरिएको अनुसन्धानबाट उनी काठमाडौँ आएको सूचनाका आधारमा पक्राउ गरेको बताएको छ। टोलीले मंगलबार गृह मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै गोरेलाई सार्वजनिक गरेको हो।

टोलीका संयोजक ईश्वरप्रसाद पौडेलले उप्रेतीसँग प्रारम्भिक सोधपुछ गर्ने क्रममा प्रवितादी बनाइएका ६५ जना अभियुक्तहरूको कसुरलाई पुष्ट्याइँ गर्ने प्रमाण र तथ्य दिएको बताउनुभयो। पौडेलले करिब ३८ क्विन्टल सुन तस्करीको विषय अत्यन्त जटिल, गम्भीर र संगठित प्रकृतिको भएकाले गहिराइका साथ अनुसन्धान जारी राख्ने बताउनुभयो। अनुसन्धान जेरी जस्तै जेलिएको भन्दै हरेक जेरीलाई सेलरोटीजस्तो छुट्टयाउँदै जानुपर्ने संयोजक पौडेलले जानकारी दिनुभयो।

सुन काण्डमा २०७५ वैशाख १९ गते मोरङ जिल्ला अदालतमा ६५ जनाको नाममा मुद्दा दर्ता गरिएकामा ३२ जनालाई अदालतमा उपस्थिति गराइसकिएको र अरू ३३ जना अहिलेसम्म पनि फरार रहेको पौडेलले जानकारी दिनुभयो। संयोजक पौडेलले घटना जेरीजस्तै जेलिएकाले गम्भीर रूपमा अनुसन्धान भइरहेको बताउँदै भन्नुभयो- 'यी अभियुक्तबाहेक अन्य विषयमा पनि सूचना प्राप्त भएको छ, हामी चाँडै नै अरू अभियुक्तलाई पनि सार्वजनिक गर्छौं।' अनुसन्धान टोलीले तोकिएको समयभित्र काम सम्पन्न गर्न नसकेपछि थप अनुसन्धान गर्नका लागि सरकारले म्यादसमेत थपेको छ।

गत माघ ९ गते दुबईबाट ल्याइएको साढे ३३ किलो सुन जिम्मा एयरपोर्टमा सानु वनले लिएका थिए। तर, साँझ भविन राईले सुन सम्बन्धित ठाउँमा नपुगी बाटैबाट लुटिएको खबर दिएका थिए।

## 'गोरे'...

विमान अवतरण गरेपछि गोरेलाई भीआईपी र सर्वसाधारणले प्रयोग गर्ने बाटोको साटो विमानस्थलको सुरक्षार्थ राखिएको नेपाली सेनाको पूर्वपट्टि ब्यारेकभित्रको बाटो प्रयोग गर्दै बाहिर निकालिएको थियो।

सो ठाउँबाट जिल्ला प्रहरी कार्यालयको भ्यानमा राखेर गोरेलाई जिल्ला प्रहरी कार्यालय मोरङ पुऱ्याइएको छ। गोरेलाई विमानस्थलबाट ल्याउन जिल्ला प्रहरी कार्यालय मोरङका डीएसपी निशान थापाको नेतृत्वमा प्रहरी टोली खटिएको थियो।

यसैबीच साढे ३३ किलो सुन प्रकरणमा मुख्य अभियुक्त भनिएका चूडामणि उप्रेती गोरे पक्राउ परेकै दिन मोरङ प्रहरी हिरासतमा रहेका ३० मध्ये २८ जनालाई पुर्पक्षका लागि जेल चलान गरिएको छ। जिल्ला न्यायाधीश नारायणप्रसाद शर्माको इजलासले संगठित अपराध निवारण ऐन दफा ४१ र मुलुकी ऐन दफा ११८ को २ अनुसार २८ जनालाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको हो।

जिल्ला अदालत मोरङको थुनछेक बहसपछि प्रतिवादी बनाइएका पूर्वडीआईजी, बहालवाला एसएसपीदेखि सुन व्यापारीसम्मलाई जेल चलान गरिएको हो। जेल चलान हुनेहरूमा पूर्वडीआईजी गोविन्द निरौला, एसएसपी दिवेश लोहनी, एसपी विकासराज खनाल, डीएसपी प्रजित केसी, सई बालकृष्ण सञ्जेल छन्।

यसै गरी राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिकका नेता भुजुङ गुरुङ, दरोमा खत्री, बालकृष्ण श्रेष्ठ, कपिलराज पुरी, गोपालकुमार श्रेष्ठ, सम्बिरप्रसाद तोलाङ्गे, हेमन्त गौतम, 'तक्लु' भन्ने पुण्यप्रसाद लामा, वीरेन्द्रमान श्रेष्ठ, लालबहादुर मगर, राजु महर्जनलगायतलाई पनि पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएको मोरङ जिल्ला अदालतका निमित्त स्रेस्तेदार केदारप्रसाद गौतमले जानकारी दिनुभयो।

प्रहरी जवान अमरबहादुर थापालाई साधारण तारेखमा र विष्णुबहादुर खड्कालाई १५ हजार धरौटी राखेर तारेखमा रिहा गर्ने आदेश भएको उहाँले जानकारी दिनुभयो। आदेश जारी भएपछि अभियुक्तहरूलाई मोरङ कारागार पठाइएको छ।

## सरकारको...

'नीति तथा कार्यक्रमले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने, नेपाली जनताको घर आगनमा सरकारको सेवा र सुविधा पुऱ्याउने सबैको प्रतिबद्धता एवं नेपाली जनताको चाहनालाई वेवास्ता गर्दै स्थानीय सरकार तथा प्रदेश सरकारलाई सशक्त बनाउने योजना दृढतापूर्वक ल्याएको छैन', बैठकपछिको निर्णयमा भनिएको छ- 'आगामी एक वर्षभित्र सरकारले के-के गर्ने प्रस्ट धारणा ल्याउन सकेको छैन।

जनताद्वारा निर्वाचित संविधानसभाले संविधान निर्माण गरी तीनै तहका निर्वाचन सम्पन्न भइसकेको अवस्थामा जनताको सम्वृद्धिको चाहनालाई पूरा गर्ने दृढता नीति तथा कार्यक्रमले प्राथमिकता दिन नसकेको पनि काग्रेस संसदीय दलको बैठकले निष्कर्ष निकालेको मुख्य सचेतक बालकृष्ण खाँणले जानकारी दिनुभएको छ।

## एक...

तत्कालीन माओवादी नेता नारायणकाजी श्रेष्ठ परराष्ट्रमन्त्री रहेका बेला सो कार्यालय हटाउन भारतलाई औपचारिक पत्राचार गरे पनि भारतले कुनै जवाफ दिएको थिएन। प्रधानमन्त्री ओलीले नवगठित पार्टीको गत शनिबारको पहिलो संसदीय बैठकमा भारतीय फिल्ड कार्यालय हट्ने बताउनुभएको थियो।

## दरबार...

उहाँले निर्देशन दिनुभयो- 'मैले आजैबाट भनेको छु, अब दरबार हाइस्कुलको पुनर्निर्माण शुरु हुनेछ।'

चीनले सम्पूर्ण लागत र ड्रइङ डिजाइनमा निर्माण गरी सरकारलाई जिम्मा दिइसकेको अवस्थामा दुई निकायले कामपाले नक्सा पास नगरिदिँदा समस्या परेको थियो। कामपाका प्रमुख प्रशासकीय अधिकृत यादव कोइरालाले अबको एक साताभित्र नक्सा पास गरिने जानकारी दिनुभएको थियो।

चीनको प्राविधिक टोलीले साढे ३ तले पुरानो भवन ४ तलासम्म बनाउने गरी ड्रइङ तयार गरिसकेको छ। चीनको करिब १ अर्ब रुपियाँ लागतमा निर्माण हुने तयारी भएको थियो। ०७२ वैशाख १२ गतेको शक्तिशाली भूकम्पले ध्वस्त भएको सो विद्यालयका बालिबालिका अहिले टहरामा पढ्न बाध्य छन्।

विद्यालय पूर्ण रूपमा तयारी भएपछि चिनियाँ पक्षले नेपाललाई साँचो हस्तान्तरण गर्ने गरी जनवरी अन्तिम सातादेखि निर्माण शुरु गर्ने तयारी भएको शिक्षा मन्त्रालयअन्तर्गत गठित केन्द्रीय आयोजना कार्यान्वयन इकाइका कार्यकारी निर्देशक इमनारायण श्रेष्ठले जानकारी दिनुभयो।

उहाँले चीनको प्राविधिक टोलीले निर्माण शुरु गर्ने विषयमा सम्पूर्ण तयारी गरिसकेको जानकारी दिनुभयो।

अहिले दरबार हाइस्कुलको एउटै भवनमा भानु माध्यमिक विद्यालय (दरबार हाइस्कुल) र संस्कृत मावि सञ्चालन हुँदै आएको छ। भूकम्पले ध्वस्त भएको करिब एक महिनापछि नेकपा माओवादी केन्द्र काठमाडौंका जिल्ला अध्यक्ष हिमाल शर्माको नेतृत्वमा टहरा बनाइएको थियो।

शिक्षा मन्त्रालयले सो विद्यालयलाई शिक्षाको संग्रहालय बनाउने योजना अघि सारेको थियो तर स्थानीय र शिक्षासंग सरोकार राख्ने अन्यले विरोध जनाएपछि दरबार हाइस्कुल जस्ताको तस्तै बन्न लागेको हो।

विसं. १९१० सालमा स्थापित विद्यालय सुरुमा निःशुल्क पढाइन्थ्यो। कुनै बेला यहाँ पढ्न राणा अथवा राणाले ईच्छाएका व्यक्ति नै हुनुपर्थ्यो, २००७ सालमा प्रजातन्त्र आएपछि दरबार हाइ स्कुलमा जनताका छोराछोरी पनि पढ्न पाएका थिए। अहिले विद्यालयमा १ सय ३९ विद्यार्थी अध्ययनरत छन्।

२०३० को राष्ट्रिय शिक्षा पद्धति लागू भएपछि जिल्ला शिक्षा कार्यालयअन्तर्गत सञ्चालन हुँदै आएको सो विद्यालय राणा प्रधानमन्त्री वीरशमशेरले राणा परिवारका छोराछोरीलाई मात्रै पढाउन स्थापना गरेका थिए। विसं १९९० सालको भूकम्पले समेत क्षति पुऱ्याएको सो विद्यालय जीर्ण बन्दै गएको थियो।

### पूर्वराजा-शंकराचार्य कनेक्सन

# राजा तल शंकराचार्य माथि

कृष्णउदास खनाल
वीरगन्ज

धार्मिक स्थलहरूको दर्शन गर्ने भन्दै पूर्वराजा ज्ञानेन्द्र शाह यही हप्ताको शुरुतिर मधेश झरे। बाराको सिमरामा आएका उनी सोमबार वीरगन्ज झरे तर मंगलबार भने अनौठो दृष्य देखियो। वीरगन्जमा एक हिन्दू धर्मका गुरु भनिएका शंकराचार्य वीरगन्जमा आए। उनी धार्मिक कार्यक्रम लिएर वीरगन्ज आएका थिए।

र ज्ञानेन्द्र शाहकाबीचमा कुराकानी र भेटघाट भएको छ।

जहाँ राजा जसरी शंकराचार्य र प्रजा जसरी ज्ञानेन्द्र शाह बसेका छन्। माथि सोफामा शंकराचार्य बसेका छन् भने तल नमस्कार गरेर ज्ञानेन्द्र शाह बसेका छन्।

यो दृष्य सार्वजनिक भएपछि ज्ञानेन्द्र शाहको विभिन्न दृष्किोणबाट टिप्पणी भएको छ। अझै कतिपय नेपालीको मनमा राजसंस्थाको मोह भएकै बेला ज्ञानेन्द्र शाहको बसाइले उनी धार्मिक गुरुहरूका अगाडि



शंकराचार्यले हिन्दू धर्मको कुरा गर्नु सामान्य हो। हिन्दू परिषद्को आयोजनामा वीरगन्जमा एक धार्मिक कार्यक्रम पनि आयोजना गरिएको थियो। मंगलबार वीरगन्जमा उनले पत्रकार माझ आफ्ना धारणा पनि राखेका छन् तर, हिन्दू राज्यको माग गर्ने शंकराचार्य र गणतन्त्र स्थापनापछि पूर्व भएका राजा ज्ञानेन्द्रको कनेक्सन अनौठो देखियो। वीरगन्जको एक होटलमा शंकराचार्य नतमस्तक हुने गरेको प्रमाण भएको धेरैले फेसबुकमा टिप्पणी गरेका छन्।

राजसंस्था पुनर्स्थापना संघर्ष समितिका अध्यक्ष जनकलाल शाहले भने राजाको अपमान गर्ने मनसायले यसो नगरिएको बताए। हिन्दू परिषद्का पदाधिकारीहरूले भने संयोगबस यस्तो भएको जिकिर गरेका छन्। उता, मंगलबार पत्रकार सम्मेलन गरी शंकराचार्यले राजासहितको हिन्दूराज्य नेपालको माग गरेका छन्।

# शिक्षा मन्त्री र राजदूतबीच भेट

काठमाडौं, (नेस)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेल र नेपालका लागि चिनियाँ राजदूत यू होङ बीच भेटवार्ता भएको छ।

भेटका क्रममा उच्च शिक्षामा छात्रवृत्ति, समकक्षता, विज्ञान र प्रविधिको प्रयोग लगायतका विषयमा छलफल भएको छ। राजदूत होङसंगको भेटमा मन्त्री पोखरेलले मेडिकल शिक्षा अध्ययन गर्ने नेपाली विद्यार्थीहरूको समयसिमा र एकरूपता कायम गर्दै अगाडि बढ्ने योजना रहेको बताउनुभयो।

विश्वविद्यालयहरूमा साझेदारी गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउँदैं मन्त्री पोखरेलले चिकित्सा शिक्षा, प्राविधिक विषयमा अध्ययन छात्रवृत्ति, भूकम्पपछिको विद्यालय पुनर्निर्माण, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा चिनियाँ सहयोगको प्रशंसा गर्नुभयो।

# युगकवि श्रेष्ठको सम्झना

नेपाल समाचारपत्र

काठमाडौं



युगकवि सिद्धिचरण श्रेष्ठको १ सय सातौं जन्मजयन्तीको अवसरमा मंगलबार काठमाडौंको सिद्धिचरण चोकमा श्रद्धाञ्जलीसभा भएको छ। सिद्धिचरण स्मृति गुठीका अध्यक्ष प्राध्यापक सुवर्ण शाक्यको अध्यक्षतामा युगकवि श्रेष्ठको शालिकमाथि माल्यार्पण गरिएको हो।

सो अवसरमा युगकवि सिद्धिचरण प्रतिष्ठानका अध्यक्ष बैरागी काँइला, समाजसेवी भीमबहादुर अधिकारी, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगा उप्रेती, प्रतिष्ठानका संरक्षक रविचरण श्रेष्ठ, प्रतिष्ठानका उपाध्यक्ष प्राडा. मोहन लोहनीलगायतले युगकवि श्रेष्ठको शालिकमाथि माल्यार्पण गर्नुभएको थियो।

वि.सं १९६९ जेठ ९ गते ओखलढुंगामा जन्मिएका युगकवि श्रेष्ठ नेपाली साहित्यमा कविरत्नका रूपमा पनि प्रसिद्ध हुनुहुन्छ। नेपाली र नेवारीमा गरी श्रेष्ठका करिब तीन दर्जन कृतिहरू प्रकाशित छन्। सो अवसरमा साहित्यकारहरूले कविता वाचन गरेर श्रेष्ठलाई सम्झिएका थिए।

# १० गतेदेखि शैक्षिक मेला

नेपाल समाचारपत्र

काठमाडौं

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) र कान्तिपुर पब्लिकेसन्स प्रालिको संयुक्त आयोजनामा यही जेठ १० गतेदेखि १३ गतेसम्म पाचौं कान्तिपुर हिसान एडुफेयर २०१८ आयोजना हुने भएको छ।

मेला संयोजक एवं हिसानका महासचिव लोकबहादुर भण्डारीका अनुसार 'उत्कृष्ट शिक्षा नेपालमै' भन्ने नाराका साथ विद्यार्थी र अभिभावकलाई नेपालमै उत्कृष्ट शिक्षा पाइन्छ भन्ने बारे विविध परामर्श दिन मेला आयोजना गरिएको हो।

उक्त मेलामा विद्यालय, विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शैक्षिक सस्था, प्राविधिक एवं उच्च प्राविधिक कार्यक्रम सञ्चालन गर्ने संस्था, त्रिभुवन, पोखरा, पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (सीटीईभीटी) बाट सम्बन्धन लिएका १ सय ५० बढी शैक्षिक संस्थाको सहभागिता रहने बताइएको छ।

मेलामा २ लाख विद्यार्थी, अभिभावक तथा शिक्षासँग सरोकार राख्नेको सहभागिता रहने मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइयो।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**
डिभिजन कार्यालय, काभ्रेपलाञ्चोक

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७४/१२/१८ गतेको " नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा" प्रकाशित गरिएको बोलपत्र आव्हानको सूचना अनुसार नियमानुसार कार्यालयमा egp मार्फत दाखिला हुन आएका बोलपत्रहरुका सम्बन्धमा निम्न अनुसारको बोलपत्र स्विकृत गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | न्यूनतम सारभुत रुपमा प्रभावग्राही वोलपत्र दाताको नाम र ठेगाना | जम्मा कवोल अंक (भ्याट वाहेक) |
|---|---|---|---|
| 1 | DUBDC/Kavre/NCB/Works-01/074-75 | श्री Kharidhunga/Ghishing/Bishnu JV | रु ३,००,२५,४९३.७७ |

नि.डिभिजन प्रमुख

**विश्व अब्स्ट्रेटिक (प्रसव) फिस्टुला अन्त्य दिवस २०७५**

लामो समयसम्म प्रसव व्यथा लाग्दा बच्चाको टाउकोले आमाको योनीमार्ग, पिसाब थैली वा मलाशयमा धेरै समयसम्म थिच्दा पिसाब थैली, योनी मार्ग वा मलाशयमा पर्ने प्वाललाई अब्स्ट्रेटिक (प्रसव) फिस्टुला भनिन्छ।

फिस्टुला भएका महिलाहरुको योनीबाट निरन्तर रुपमा पिसाब वा दिसा वा दुबै चुहिरहने हुन्छ।

नेपालमा हरेक वर्ष करिब २००-४०० महिला अब्स्ट्रेटिक फिस्टुलाका समस्यामा पर्ने गरेका छन्।

अब्स्ट्रेटिक फिस्टुला हुनबाट बच्न सकिन्छ। यो उपचारबाट निको हुन्छ।

अब्स्ट्रेटिक फिस्टुला हुनबाट बच्न दक्ष प्रसुतिकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा नै प्रसूति गराउनु पर्छ।

आफ्नो परिवार तथा छिमेकी कसैलाई प्रसव फिस्टुलाको समस्या भएमा वा शङ्का लागेमा सेवा र सल्लाहका लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।

तल उल्लेखित स्वास्थ्य संस्थामा अब्स्ट्रेटिक फिस्टुलाको शल्यक्रिया गरिन्छ।

- पाटन अस्पताल, ललितपुर। फोन : ०१-५५२२२९५
- बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान। फोन : ०२५-५२५५५५
- काठमाडौं मोडेल अस्पताल, काठमाडौं। फोन : ०१-४२२२४५०
- सुर्खेत फिस्टुला सेन्टर, मध्यपश्चिम क्षेत्रीय अस्पाताल, विरेन्द्रनगर, सुर्खेत। फोन: ०८३-५२०९१५

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
डिभिजन कार्यलय, धादिङ

**बोलपत्र स्वीकृतीको लागी छनौट गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५/०२/०९

यस कार्यालयबाट मिति २०७४।१०।२४ गतेको नेपाल समाचार पत्र दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त भएका बोलपत्रहरु मध्ये निम्नानुसारको निर्माण कार्यमा देहाय बमोजिमको निर्माण व्यवसायीबाट पेश भएको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनका लागी सम्वन्धित सवै बोलपत्रदाताहरुको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

| निर्माण गराउने निकाय | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी | कबोल अंक (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यलय, धादिङ | DUDBC/Dhading/NCB Works/E-bid 01/074/75 | Upgradation of Daregouda Jyamire-Moudi Bhanjyang-Mewabari-Kharka-Taragaun Ghumti (Murali Bhanjyang) Road | सिंह एण्ड ब्रदर्स/ड्रागन/ बटु सफल जे.भी., काठमाण्डौं | रु. ७९५९६६९९।४३ |

डिभिजन प्रमुख

नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल नागरिक उड्डयन कार्यालय
**सिभिल ईन्जिनियरिङ महाशाखा**
गौचर, काठमाडौंको

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७५।०२।०९)

यस महाशाखाबाट मिति २०७४।१२।२० को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Notice for the Invitation for Bids सम्बन्धी सूचना अनुसार देहायका कार्यहरुको लागि पेश हुन आएका बोलपत्रहरुमध्ये तल उल्लेखित बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागी प्रकाशित गरिएको छ।

| सि.नं | ठेक्का नं. | कार्यको बिवरण | छनौट भएको बोलपत्रदाता | स्वीकृत रकम |
|---|---|---|---|---|
| १ | TIACAO/CED/08/074-75 | Grass Cutting and Side Strip Maintenance Works at TIA | श्री जि.आर.डी. कन्स्ट्रक्सन, शंखु-५, ललितपुर | रु.५२,५०,४८५।०३ (मू.अ.कर बाहेक) |
| २ | TIACAO/CED/09/074-75 | Marking Works for Runway, Taxiways, Apron and Service Roads at TIA | श्री गजुरमुखी/काष्ठमण्डप/ उमा एण्ड कम्पनी जे.भी., काठमाडौं | रु.१,३३,५०,४७६।८० (मू.अ.कर बाहेक) |

# अर्थ

{ दुग्ध विकास संस्थानद्वारा सञ्चालित धुलो दूध कारखाना नियमित रुपमा पूर्ण क्षमतामा सञ्चालन गराउने, सहकारी साझेदारीमा दूध भण्डारण गर्न ४० हजार क्षमताको दुग्ध चिस्यान केन्द्र स्थापना गर्न बजेट व्यवस्थापन गर्नुपर्ने, धुलो दूध कारखानाको स्थापनाका लागि आवश्यक बजेट व्यवस्थापन गर्नुपर्नेअध्यक्ष नारायणप्रसाद देवकोटाले बताउनुभयो।

# विदेशबाट धुलो दूध आउन थालेपछि नेपालमा 'मिल्क होलिडे'

**नेपाल समाचारपत्र**

काठमाडौं

विदेशबाट धूलो दूध आयात भएका कारण किसानले मुलुकभित्रै उत्पादन गरेको दूध खपत हुन नसक्दा दूध बिदा अर्थात् 'मिल्क होलिडे'को अवस्था सिर्जना भएको छ। केन्द्रीय सहकारी संघले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै विदेशबाट दूध र दुग्धजन्य वस्तुको आयात भएका कारण झापा, इलाम, सुनसरी, चितवन, बाँकेलगायत जिल्लाका स्थानिय कृषकले आफ्नो उत्पादन बजारमा पठाउन नपाएपछि मिल्क होलिडेको अवस्था आएको जनाएको हो। मुलुकका विभिन्न स्थानमा दूध बिदाको समस्या देखिन थालेपछि उक्त समस्यालाई सरकारले तत्काल समाधानका लागि पहल नगरे सहकारी संघमा आबद्ध सहकारीका कृषकले विरोधका कार्यक्रमसमेत गर्ने जनाएको छ।

किसानले आफूले उत्पादन गरेको दूध बिक्री गर्न नसक्दा सडकमा पोखेर विरोधका कार्यक्रम गर्ने केन्द्रीय दुग्ध सहकारी संघ का अध्यक्ष नारायणप्रसाद देवकोटाले बताउनुभयो। विदेशबाट खुला रुपमा कच्चा दुध, दुधजन्य पदार्थ एवं पाउडर दुध आयात भईरहँदा र स्वदेशी उदाउँदो उद्योगलाई प्रविधियुक्त, सक्षम र सबल बनाउनुको साटो झन् अस्वस्थ प्रतिस्पर्धा बढाई रहँदासमेत राज्यको ध्यानाकर्षण नहुनु किसानका लागि बिडम्बना रहेको देवकोटाको भनाइ छ।

पत्रकार सम्मेलनमार्फत् महासंघले आफ्ना १४ बुँदे मागसमेत सार्वजनिक गरेको छ। जसअन्तर्गत, सरकारले दुग्धजन्य वस्तुको लागत घटाउने, उत्पादन बढाउने र व्यवसाय प्रवर्द्धनका लागि कृषकलाई सहकारी शिक्षा तथा तालिमको व्यवस्था गरिनुपर्ने, सरकारले अल्पकालीन र दीर्घकालीन योजना बनाई दुग्धजन्य वस्तुको विकास मात्र नभई कृषकले उत्पादन गरेको दूधको बजारको सुनिश्चितता गरिनुपर्नेलगायत रहेका छन्। त्यसैगरी यसअघि सरकारले चिस्यान केन्द्रका लागि ५० प्रतिशत विद्युत् महशुल अनुदानको व्यवस्था गरिएकोमा उक्त सुविधालाई निरन्तरता दिइनुपर्ने, ५० प्रतिशत दुग्धजन्य पदार्थमा लागेको मूल्य अभिवृद्धि कर छुटको निरन्तरता दिइनुपर्ने र विदेशबाट आयातित दुधजन्य पदार्थ तथा धुलो दुधमा हाल लगाईएको भन्सार दरमा ३५ प्रतिशत वृद्धि गरिनुपर्ने महासंघले माग राखेको छ।

संघले नेपालमा विदेशबाट आयातित कच्चा दुधलाई पूर्ण रुपमा रोक लगाउनसमेत माग राखेको छ। दूध संकलन, चिस्यान तथा ढुवानीका प्रविधिमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिनुपर्ने, युवालाई पशुपालन व्यवसायमा आकर्षित गर्न ५ लाख रुपियाँ बराबरको व्यवसाय धितो सहुलियत कर्जा उपलब्ध गराउने र हाल बन्द भएका धुलो दूध कारखाना नियमित रुपमा पूर्ण क्षमतामा सञ्चालनमा गर्नु पनि सरकारले पहल चाल्नुपर्ने संघले जनाएको छ।

दुग्ध विकास संस्थानद्वारा सञ्चालित धुलो दूध कारखाना नियमित रुपमा पूर्ण क्षमतामा सञ्चालन गराउने, सहकारी साझेदारीमा दूध भन्डारण गर्न ४० हजार क्षमताको दुग्ध चिस्यान केन्द्र स्थापना गर्न बजेट व्यवस्थापन गर्नुपर्ने, धुलो दूध कारखानाको स्थापनाका लागि आवश्यक बजेट व्यवस्थापन गर्नुपर्ने, उत्पादनका आधारमा प्रतिलिटर अनुदानलाई कुल राष्ट्रिय दुग्ध उत्पादनका आधारमा तीन रुपियाँ प्रतिलिटर बनाई निरन्तरता दिनुपर्ने विषयमा पनि सरकार गम्भिर हुनुपर्ने केन्द्रीय सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाले बताउनुभयो।

भारतीय कम्पनी अमुल नेपालमा आउने चर्चा चलिरहेका बेला उक्त विषयमा पनि सहकारी संघले आफ्नो धारणा सार्वजनिक गरेको छ। संघका उपाध्यक्ष रामेश्वर पोखरेलले अमुल उद्योग नेपालमा भित्रिने भन्ने कुराको संघले विरोध गरे पनि त्यसको प्रविधि नेपालमा ल्याइनु आवश्यक रहेको बताउनुभयो। 'प्रविधि आउने कुरामा विरोध होइन तर सबै कच्चा पदार्थ भारतबाट ल्याएर नेपालमा उद्योग स्थापना गर्ने कुराको हामी विरोधी हौं।' उहाँले भन्नुभयो।

# खाद्य स्वच्छतासम्बन्धी अन्तर्क्रिया

काठमाडौं, (नेस)

१०औं खाद्य स्वच्छता दिवस २०७५ को अवसरमा मंगलबार वीरगन्जमा खाद्य स्वच्छतासम्बन्धी अन्तर्क्रिया कार्यक्रम भएको छ। आम खाद्य उपभोक्ता, खाद्य उद्योगी, व्यवसायी, समाजका बुद्धिजीवी, उपभोक्तावादी संघसंस्था, सञ्चारकर्मी तथा कर्मचारीको सहभागितामा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले कार्यक्रमको आयोजना गरेको हो।

कार्यालयका प्रमुख राजकुमार रिजालको अध्यक्षतामा भएको अन्तर्क्रियामा सहभागीले सरोकारवाला निकायले अनुगमनलाई प्रभावकारी र मरिणाममुखी बनाउनुपर्नेमा जोड दिएका थिए। खाद्यान्नमा हुने कालोबजारी, मिसावटलगायतको गैरकानुनी कार्य हुन नदिन क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले राम्रो भूमिका खेल्न नसकेको वक्ताको आरोप थियो। सरोकारवाला निकायले नराम्रो गर्नेलाई कारबाहीसँगै राम्रो गर्नेलाई प्रोत्साहनसमेत दिनुपर्नेमा व्यवसायीको जोड थियो।

पर्साका प्रमुख जिल्ला अधिकारी लोकनाथ पौडेलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पत्रकार महासंघ प्रदेश नम्बर दुईका उपाध्यक्ष युवराज खड्का, खाद्य क्वारेन्टाइन प्रयोगशाला विजय खनाल, उपभोक्ता हित संरक्षण मञ्चका पर्सा अध्यक्ष धिरज शर्मालगायतले मन्तव्य व्यक्त गरेका थिए। प्रमुख जिल्ला अधिकारी पौडेलले कर्मचारीलाई निर्देशनात्मक भनाइ राखेका थिए। उपभोक्ताको अधिकारको सुरक्षा गर्ने काममा कुनै सम्झौता गरिने उनको भनाइ थियो।

> प्रमुख जिल्ला अधिकारी पौडेलले कर्मचारीलाई निर्देशनात्मक भनाइ राखेका थिए। उपभोक्ताको अधिकारको सुरक्षा गर्ने काममा कुनै सम्झौता गरिने उनको भनाइ थियो।

देशभर दिवस मनाउने खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको निर्णयअनुसार क्षेत्रीय खाद्यले आयोजना गरेको तीन दिने कार्यक्रमको मंगलबारबाट समापन गरिएको छ। जेठ ६ गते हेटौंडामा सरसफाई तथा पत्रकार सम्मेलन गरी शुरू भएको तीन दिने कार्यक्रम मंगलबार वीरगन्जमा अन्तरक्रिया गरी समापन गरिएको हो।



## ट्यांकरमा लकिङ सिस्टम जडान

काठमाडौं, (नेस)

पेट्रोलियम पदार्थको ढुवानीमा हुने चुहावट नियन्त्रणको लागि ट्यांकर लकिङ सिस्टम जडान गरिएको छ। नेपाल आयाल निगमले मंगलबार थानकोट ढिपोमा नेपाल आयल निगमका निमित्त प्रमुख सुशील भट्टराईले ट्यांकरमा लकिङ सिस्टम जडान गर्नुभयो।

निगमले दुई महिना अघि झापाबाट शुरू गरेको ट्यांकर लकिङ सिस्टमलाई दोस्रो चरणमा गत महिना भैरहवा नाकाबाट आयात हुने बेतालपुरमा पेट्रोलियम ट्यांकरमा लकिङ गरेको थियो। नेपालगन्जमा समेत जडान गरिसकेको लकिङ सिस्टमलाई निरन्तरता दिँदै निगमले थानकोट डिपोका ट्याङकरमा लकिंङ सिस्टम जडान गरिएको बताएको छ।

लकिङसँगै इन्धन ढुवानी गर्दा बाटोमा हुने चुहावट नियन्त्रण हुनेछ। निगमले भारतीय आयल निगमसँगको संयुक्त सहकार्यमा लकिङ सिस्टमको शुरूवात गरेको हो। निगमले बरौनी नाकाबाट आयात हुने इन्धनको ट्यांकरमा पनि लकिङ सिस्टम जडान गर्ने योजना रहेको छ।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| वीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९११०० | ८८१०० | ९११०० | ९११०० |
| सिमरा, बिरगंज, कलैया | ८९१४० | ८६१४० | ८९१४० | ८९१४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०१४० | ८७१४० | ९०१४० | ९०१४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९११९५ | ८८१९५ | ९११९५ | ९११९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०११० | ८७११० | ९०११० | ९०११० |
| पोखरा, स्याङ्जा | ९०१६० | ८७१६० | ९०१६० | ९०१६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।




SAURABH GROUP
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

तपशिल

| सि.नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक | ईकाइ | प्रति ईकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDI-TIONER | | SKY-WORTH | SMFH12B-2A2A1NA | 1 TON | CHINA | 1 | 21921 | 55000 | |
| 2 | AIR CONDI-TIONER | | SKY-WORTH | SMFH18B-4A2A1NA | 1.5 TON | CHINA | 1 | 29997 | 75100 | |
| 3 | AIR CONDI-TIONER | | SKY-WORTH | SMVH12B-2A2A1NA | 1 TON | CHINA | 1 | 27690 | 69400 | |
| 4 | AIR CONDI-TIONER | | SKY-WORTH | SMVH18B-4A1A1NA | 1 .5 TON | CHINA | 1 | 41536 | 104000 | |

विक्रेताको नाम: SMART APPLIANCES PVT LTD स्थायी लेखा नं.: 600821265
ठेगाना : SANOGAUCHARAN, फोन नं.: 014443738

द.नं. १२६३/०६४/६५
नागरिक विकास बचत तथा ऋण सहकारी संस्था लि.
NAGARIK BIKAS SAVING & CREDIT CO-OPERATIVE LTD.
Banepa- 7 , Kavre, Nepal | T: 011660997 | F: 011660709 | M: nagarikco@gmail.com

**धितो लिलाम सम्बन्धी ३५ दिने सूचना !**

यस नागरिक विकास बचत तथा ऋण सहकारी संस्था लि.बाट तपाइँ तपसीलमा उल्लेखित सदस्यले संस्थासँग भएको सम्झौता बमोजिम समय समयमा तिर्नु/बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दै/दस्तुर नतिरी नबुझाई यस सहकारीसँग गरेको कर्जा सम्वन्धी शर्त बन्देजहरु उल्लंघन गरी सहकारीको सम्पूर्ण लेना रकम चूक्ता गर्नेतर्फ कुनै चासो नदेखाई वेवास्ता गरी बसेको हुँदा नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा कर्जा तिर्न आउने बारेको सूचना मिति २०७४/१२/१५ र २०७५/०१/२२ मा दुई पटक प्रकाशित गरी सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना लगायत अन्य दस्तुर चूक्तागर्न ताकेतागर्दा चुक्ता गर्नेतर्फ कुनै चासो नदिएकोले धितो सुरक्षणमा राखिएको तपशिलमा लेखिदिएको अचल सम्पत्ती जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नेबारे ३५(पैतीस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको धितो सुरक्षण बापत रहेको अचल सम्पत्ती सहकारी ऐन नियमावली तथा यस सहकारीको कर्जा नीतिले दिएको अधिकार प्रयोग गरी नियम बमोजिम सहकारी आफैंले डाँक लिलाम बिक्रीगर्ने भएकोले लिलाममा डाँक बडाबड गरी लिन इच्छुक महानुभावले यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन अर्थात् २०७५/०३/१४ गतेका दिन तोकिएको समय अनुसार सहकारीको कार्यालयमा उपस्थित भई आफूले सकार गरी लिन चाहेको मूल्यमा बोल कबोल गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.सं. | ऋणीको नाम र ठेगाना | धितो विवरण | व्यक्तिगत धन जमानीको विवरण |
|---|---|---|---|
| १ | नाम : दुर्गालक्ष्मी श्रेष्ठ<br>पति : यादवलाल श्रेष्ठ<br>ससुरा: हर्षलाल श्रेष्ठ<br>ठेगाना: वनेपा-०९, काभ्रे<br> | नीज ऋणीको आफ्नै नाममा दर्ता श्रेस्ता कायम रहेको काभ्रे जिल्ला वनेपा-९, दछुटोल स्थित कित्ता नं. ५५७ को क्षेत्रफल ०-४-०-२ जग्गा | नाम: विनोदलाल श्रेष्ठ<br>बाबु: यादवलाल श्रेष्ठ<br>बाजे: हर्षलाल श्रेष्ठ<br>ठेगाना: वनेपा-९, काभ्रे<br> |

तपशील

१. लिलाममा अन्तिम पटक सवैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौटी बापत सोही दिन यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पत्ती बुझी नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नवुझाएमा निजपछी सवै भन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सकार गरिनेछ ।
४. तोकिएको लिलामको दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ ।
५. डाँक बढाबढ गर्दा सवैभन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पत्ती दिने वा नदिने सम्पूर्ण अधिकार यस सहकारी संस्थामा सुरक्षित हुनेछ ।
६. लिलाम बिक्री हुने अचल सम्पत्तीको सम्वन्धित कागजात प्रमाण हेर्न चाहनुहुने महानुभावले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
७. वनेपा न.पा. ७, भीमसेनमार्ग स्थित संस्थाको भवनमा मिति २०७५/०३/१४ गते दिनको १:०० बजे उपरोक्त अचल सम्पत्तीको लिलामी डाँक बढाबढ हुनेछ ।
८. सहकारी ऐन नियमावली तथा यस संस्थाको कर्जा नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम डाँक बढाबढ गर्दा कसैले नसकारेमा यस सहकारी संस्थाले उक्त अचल सम्पत्तीको स्वामित्व आफूमा सकार गरी लिन सक्नेछ ।
९. लिलाम डाक सकारगर्दा लागेको लाभकर तथा अन्य दै/दस्तुर डाँक सकारगर्ने व्यक्ति स्वंयमले नै व्यहोर्नु पर्नेछ ।

# 'नीति तथा कार्यक्रम महत्त्वाकांक्षी तर सकारात्मक'

**नेपाल समाचारपत्र**

काठमाडौं

आगामी आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रमलाई नेपाल उद्योग वाणिज्य महासंघले सकारात्मक रुपमा लिएको छ। लोकतन्त्रका आधारभूत मूल्य मान्यता, बहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणाली, आवधिक निर्वाचन, शक्ति पृथकीकरणको सिद्धान्त, सन्तुलन र नियन्त्रण, स्वतन्त्र न्यायालय, मानव अधिकार र मौलिक हकप्रतिको सरकारको प्रतिबद्धताको महासंघ प्रशंसा गरेको छ।

निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण अंगको रुपमा सामेल र प्रोत्सान गरिने प्रत्याभूतिको महासंघ स्वागत गरेको हो। लगानीमैत्री वातावरण, अनुकुल श्रम सम्बन्ध र लगानी तथा मुनाफाको सुरक्षाको प्रत्याभूति गरिने नीतिले निजी क्षेत्र उत्साहित भएको छ।

लगानीकर्ताका लागि एकै थलोबाट सहज सेवा उपलब्ध गराइने र लगानी प्रोत्साहन गर्न कानुनी, संस्थागत र प्रक्रियागत सुधार गरी व्यवसाय लागत घटाइने कुराले निजी क्षेत्रको महत्वपूर्ण सुझावलाई सम्बोधन भएको महासंघको भनाइं। समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन उद्देश्य नीति तथा कार्यक्रमले लिएको छ।

नेपालको अर्थतन्त्रलाई उच्च आर्थिक वृद्धि सहितको सन्तुलित र सुदृढ अर्थतन्त्रको रुपमा विकास गरिने, अर्थतन्त्रलाई उत्पादनमुखी, रोजगारी प्रवर्द्धन, आत्मनिर्भर र निर्यातमुलक बनाउन अर्थतन्त्रको संरचनामा परिवर्तन गरिने, आगामी आर्थिक वर्षमा दोहोरा अंक नजिकको र पाँच वर्षभित्र दोहोरो अंकको आर्थिक वृद्धि हासिल गरी नेपालीको हालको प्रतिव्यक्ति आय पाँच वर्षमा दोब्बर बनाइने घोषणाको महासंघ स्वागतयोग्य भनेको छ।

सबै राजनीतिक एजेन्डा सकिएर मुलुक अब निर्वाध आर्थिक विकासको एकल सुत्रमा अगाडि बढ्नुपर्ने निरन्तर सुझाव दिँदै आएको निजी क्षेत्रमा यो घोषणाले थप ऊर्जा प्रदान गरेको छ। नीति तथा कार्यक्रमले कृषि, ऊर्जा, उद्योग, यातायात, भौतिक पूर्वाधार, सूचना प्रविधि, पर्यटन र सहरी विकासलाई आर्थिक वृद्धिको संवाहकको रुपमा पहिचान गरेको छ।

सार्वजनिक निजी र सहकारी क्षेत्रको प्रमुख लगानी यी क्षेत्रमा केन्द्रित गरिने र वैदेशिक लगानी तथा विकासका साझेदारबाट प्राप्त स्रोतलाई पनि यी क्षेत्रमा परिचालन गरिने प्रतिबद्धताबाट महासंघले जोड दिएकै क्षेत्रलाई नीति तथा कार्यक्रमले समेटेकोमा थप उत्साहित भएको छ।

महासंघले सिमेन्टलगायत खानीजन्य उद्योगमा लगानी प्रोत्साहन, चिनी उद्योगको विकास गरिने, छाला जुत्ता उद्योगको क्षमता विस्तार र गुणस्तरमा सुधार गर्न छालाजुत्ता उत्पादन क्षेत्र स्थापना गरिनेलगायतका कार्यक्रम उत्साहबर्द्धक भनेको छ। संघीयताको पूर्ण कार्यान्वयनमा गइसकेपछिको पहिलोपटक सार्वजनिक सरकारको नीति तथा कार्यक्रम, ऊर्जा, पूर्वाधार विकासलगायतका केही क्षेत्रमा महत्त्वाकांक्षी पनि देएिको भन्दै योजनालाई सफल रूपमा अगाडि लैजान आगामी आर्थिक वर्षको बजेटमा प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने महासंघको जोड रहेको छ।

## 'ऊर्जा क्षेत्र उच्च प्राथमिकतामा'

काठमाडौं (नेस)

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुनले सरकारले सोमबार सार्वजनीक गरेको नीति तथा कार्यक्रमले ऊर्जा क्षेत्रको आधुनिक विकास नै मुलुकको आर्थिक समृद्धिको आधारका रुपमा चित्रण गरेको बताउनुभएको छ।

मंगलबार राजधानीमा आयोजित एक कर्यक्रममा बोल्दै मन्त्री पुनले नीति तथा कार्यक्रममार्फत् सरकारले ऊर्जा क्रान्तिको ढोका खोलेको धारणा राख्नुभयो। ३ वर्षभित्र ३ हजार मेगावाट विद्युत् उत्पादन गर्ने, ५ वर्षभित्र १० हजार मेगावाट उत्पादन गर्ने र १० वर्षभित्र १५ हजार मेगावट विद्युत् उत्पादन गर्ने सरकारको लक्ष नीति तथा कार्यक्रममा समेटिएकोमा सरकाले ऊर्जा क्षेत्रलाई उच्च प्राथकितामा पारेको उहाँले बताउनुभयो।

केही समयअघि सार्वजनीक भएको श्वेतपत्रमा समावेश भएका विषय समाधानका उपाय र सरकारको नीति तथा कार्यक्रममा भनिएका सबै विषयहरू कार्यान्वयन हुने बताउनुभयो।

> 'क' वर्गका शेयर कारोवारको मापन गर्ने सेन्सेटिभ परिसूचकसमेत एक अंकले घटेर २ सय ८१ दशमलव ११ अंकले बढेको छ।




# टेलिकमको डाटा प्रयोग गर्ने संख्या करोड नाघ्यो

नेपाल समाचारपत्र

काठमाडौं

**कुल डाटा प्रयोगकर्ता १ करोड १ लाख ५४ हजार**

| ९७ लाख ९५ हजार १ सय | १ लाख ३६ हजार ५ सय | १७ हजार | १ लाख ९९ हजार ७ सय |
|---|---|---|---|
| जीएसएम डाटा सेवाका प्रयोगकर्ता | सीडीएमए डाटा सेवाका प्रयोगकर्ता | वाईम्याक्स सेवाका प्रयोगकर्ता | एडीएसएल सेवाका प्रयोगकर्ता |

नेपाल टेलिकम

नेपाल टेलिकमको डाटा सेवाका प्रयोगकर्ता एक करोडभन्दा बढी पुगेका छन्। कम्पनीले हालै प्रकाशित गरेको एमआईएस रिपोर्टअनुसार डाटा सेवाका प्रयोगकर्ता १ करोड १ लाख ५४ हजार छन्।

सो अनुसार जीएसएम डाटा सेवाका प्रयोगकर्ता ९७ लाख ९५ हजार १ सय, सीडीएमए डाटा सेवाका प्रयोगकर्ता १ लाख ३६ हजार ५ सय, वाईम्याक्स सेवाका १७ हजार र एडीएसएलका १ लाख ९९ हजार ७ सय प्रयोगकर्ता छन्।

गत असार मसान्तसम्ममा कम्पनीको डाटा सेवाका ग्राहक आधार ८४ लाख २५ हजार ८ सय ९४ रहेकोमा चैत अन्त्यसम्ममा यो संख्या १ करोड १ लाख ५४ हजार पुगेको छ। गत असारसम्मको ग्राहक आधारको तुलनामा चालू आर्थिक वर्षको नौ महिनाको अवधिमा कम्पनीको डाटा सेवाका ग्राहक आधार २० दशमलव ५१ प्रतिशतले वृद्धि भएको छ।

चैत मसान्तसम्म नेपाल टेलिकमका फोरजी डाटा प्रयोगकर्ता ५ लाख ५९ हजार १ सय ७२ छन्। नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको पछिल्लो २०७४ फागुनको एमआईएस रिपोर्टअनुसार नेपाल टेलिकमको फोरजी डाटा प्रयोगकर्ता ५ लाख ४७ हजार ५ सय ८ छन्। यसअनुसार समग्र फोरजी डाटा प्रयोगकर्तामध्ये ३८ दशमलव ५८ प्रतिशत नेपाल टेलिकमका फोरजी डाटा प्रयोगकर्ता छन्।

चैत अन्त्यसम्ममा नेपाल टेलिकमको टेलिफोन सेवाका ग्राहक आधार १ करोड ९३ लाख २२ हजार ८ सय ५५ रहेको छ। यसअनुसार जीएसएम मोबाइल सेवाका ग्राहक १ करोड ६९ लाख ४४ हजार ५ सय ३९, सीडीएमए सेवाका ग्राहक १६ लाख ८८ हजार ३ सय ५१ तथा पीएसटीएन टेलिफोन सेवाका ग्राहक ६ लाख ८९ हजार ३ सय ७३ रहेका छन्।

कम्पनीले सेवाग्राहीको सुविधाका लागि हाल सस्तो दरका विभिन्न प्रकारका प्याकेज र अफर उपलब्ध गराइरहेको छ। यस्ता प्याकेज र अफरका कारण पनि कम्पनीका डाटा प्रयोगकर्ताको संख्या बढिरहेको छ। डाटा सेवाका लागि कम्पनीले हाल ५ एमबीपीएससम्म गतिको अनलिमिटेड एडीएसएल इन्टरनेट सेवा मासिक न्यूनतम ५ सय ८३ रुपियाँसम्मको मूल्यमा उपलब्ध गराइरहेको छ।

## सगरमाथाको चुचुरोमा रिचार्जर एप्सको झण्डा

काठमाडौं, (नेस)

ग्लोबल कि टेक्नोलोजी प्रालिले समय र पैसाको बचतसँगै देशको अर्थतन्त्रलाई मजबुत बनाउने लक्ष्यसहित शुरू गरेको मोबाइल एप्स रिचार्ज र अपडेटेड भर्सनमा आएको छ। 'नेपाली एप्स हामी नेपालीकै लागि' भन्ने नाराका साथ सेवा शुरू गरेको रिचार्जरको लोगोसहितको झण्डा सगरमाथामा फहराएकै दिन नयाँ भर्सनमाआएको हो।

रिचार्जरको लोगोअंकित झण्डा मे १८ तारिखका दिन २३ वर्षीय नर्बिन मगरले सगरमाथा शिखरमा फहराएका थिए। मगर आइतबार बेस क्याम्पबाट हेलिकप्टरमा काठमाडौं फर्किएका छन्। उनलाई रिचार्जर एप्सको निर्माता कम्पनी ग्लोबल कि टेक्नोलोजी प्रालिका अध्यक्ष अलाइभ ग्लाइडर तथा प्रमुखकार्यकारी अधिकृत निराजन सिंहले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरे।

नेपालमा अनलाइन सपिङमा बलियो उपस्थिति जनाउने लक्ष्य सहित ग्लोबल कि टेकेनोलोजीले मोबाइल एप्स रिचार्जर सञ्चालनमा ल्याएको हो। यस एप्सबाट सामान खरिद गर्दा शतप्रतिशत क्यास ब्याक पाउनका लागि एप्पलको एप स्टोर तथा गुगल प्लेस्टोरबाट एप्स डाउनलोड गरी खाता खोल्नुपर्ने हुन्छ।

## लुम्बिनी विकास बैंकको तीन शाखा थप

काठमाडौं, (नेस)

लुम्बिनी विकास बैंकले कपिलवस्तुको गजेहडा, सप्तरीको रुपनी तथा जनकपुरको लोहारपट्टीमा तीनवटा शाखा स्थापना भएको छ। कपिलवस्तु जिल्लाको गजेहडा शाखा बैंकका सञ्चालक चिन्तामणि भट्टराई, सप्तरीको रुपनी शाखा तथा महोत्तरीको लोहारपट्टी शाखा बैंकका सञ्चालक गणेशराज रेग्मीले उद्घाटन गर्नुभएको थियो।

## नीति तथा कार्यक्रमप्रति पुँजी बजार ढुक्क हुन सकेन

काठमाडौं, (नेस)

केही दिनदेखि निरन्तर ओरालो लाग्दै आएको पुँजी बजारले मंगलबार पनि निरन्तरता पाएको छ। पुँजी बजारको ओरालो यात्रालाई सरकारको नीति तथा कार्यक्रमले बिट मार्ने अपेक्षा गरिए पनि मंगलबार नेप्से परिसूचक ४ दशमलव ३१ अंकले घटेर १ हजार ३ सय ३२ दशमलव ८२ अंक कायम भएको छ।

नेपाल स्टक एक्स्चेन्जका अनुसार मंगलबार १ सय ६० कम्पनीको १० लाख ४७ हजार ८ सय ४३ कित्ता शेयर खरिद बिक्री हुँदा ५३ करोड ८६ लाख ९ हजार ३ सय ८९ रुपियाँ बराबरको कारोबार भएको छ। मंलबारको कारोबारमा ३ वटा उपसमूहको उपसूचक बढेको छ भने अन्य ७ वटा उपसमूहको उपसूचक घटेको छ। उपसूचक बढ्ने समूहमा होटल समुह २ दशमलव ९३ अंकले, उत्पादन समूह ५ दशमलव ८५ अंकले र लघुवित्त समूह ५ दशमलव ७५ अंकले बढेको छ।

यस्तै उपसूचक घट्ने समूहमा बैंकिङ समूह ४ दशमलव १४ अंकले, विकास बैंक समूह ७ दशमलव २ अंकले, जलविद्युत् समूह ३ दशमलव ९३ अंकले, वित्त समूह १ दशमलव ५६ अंकले, बीमा समूह २४ दशमलव ४५ अंकले र अन्य समूह ५ दशमलव ३५ अंकले घटेको छ। मंगलबारको कारोबारमा सर्वाधिक कमाउनेमा सूर्योदय वित्तीय संस्थाका लगानीकर्ताले प्रतिकित्ता ९ दशमलव ९७ प्रतिशतका दरले कमाएका छन् भने सबैभन्दा बढी गुमाउनेमा सेन्ट्रल फाइनान्सका लगानीकर्ता प्रतिकित्ता ६ दशमलव २५ प्रतिशतका दरले गुमाएका छन्।

## PRESS RELEASE

### हिमालयन बैंकद्वारा सहयोग



काठमाडौं, (नेस)

हिमालयन बैंकले काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिकास्थित अनाथ असहाय बाल सुधार संघलाई ७५ हजार रुपियाँ बराबरको ५ थान २ तले खाट प्रदान गरेको छ। आफ्नो २५औं वार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले उक्त बाल सुधार संघलाई सो खाट उपलब्ध गराएको हो।

बैंकले उक्त बाल सुधार संघमा आश्रय लिएका विभिन्न उमेर समूहका बालबालिकालाई सुत्नका लागि उपयोगी हुने छन्। एक कार्यक्रमका बीचमा बैंकका महाप्रबन्धक सुशील जोशीले बैंकका वरिष्ठ अधिकृतको उपस्थितिमा उक्त खाट बाल सुधार संगका अध्यक्ष प्रकाश कुमार नेपालीलाई हस्तान्तरण गर्नुभयो।

### कोकाकोलाको टीभीसीमा नेपालका दृश्य




काठमाडौं, (नेस)

कोकाकोला कम्पनीले फिफा विश्वकपको ग्लोवल टीभीसी सार्वजनिक गरेको छ। जसमा नेपालका केही लोकप्रिय स्थानका दृश्य समावेश गरिएको छ।

यस टीभीसीमा सबै मानिस खेल हेर्नलाई उत्सुक भएको देखिन्छ। उक्त टीभीसीको साउन्ड ट्राक (आरयु रेडी) विश्वकै चर्चित ब्यान्ड एसी डिसिको सन् १९९० को निकै चर्चित एल्बम 'दी रोर्जस एज' बाट लिइएको हो।

यस टीभीसीको शुरूवातमा एउटा टेलिभिजन देखाइएको छ जसमा विश्वकप फुटवलको खेल शुरूआत क्षण देख्न सकिन्छ। टीभीसीमा युवाहरू खेल हेर्न निकै कहुतल भएको देख्न सकिन्छ।

उक्त टीभीसीमा विश्वका धेरै मुलुकका युवा कोकाकोला लिनका लागि दौडिरहेका छन्। जसमा दुई नेपालीलाई पनि देख्न सकिन्छ। टीभीसीमा विश्वका विभिन्न लोकप्रिय स्थानहरू देखाइएको छ, जसमा नेपालको स्वम्भुनाथ स्तुपा, काठमाडौंको एक डिपार्टमेन्ट स्टोर, सीतापाइला नजिकको स्थान र एक हाउजिङ कम्प्लेक्स नजिकैको झुलुङ्गे पुलसमेत देख्न सकिन्छ। कोकाकोलाको विश्वव्यापी टीभीसीमा नेपाल एक अभिन्न अंगको रुपमा रहेको छ।

### एनआईसी एसिया बैंकको आठौं शाखारहित बैंकिङ सेवा सञ्चालन

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले सिरहाको कल्याणपुरस्थित भोक्राहामा आठौं शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि

सो शाखारहित बैंकिङ सेवाको उद्घाटन प्रदेश नम्बर २ का प्रदेशसभा सदस्य सुरेशकुमार मण्डल र कल्याणपुर नगरपालिकाका मेयर सूर्यनाथ मण्डलले संयुक्त रुपमा गर्नुभयो। उक्त शाखारहित बैंकिङ सेवा सञ्चालनको लागि बैंकले प्रतिनिधिको रुपमी मतिबुल राईनलाई नियुक्त गरेको छ। यस्तो सेवाबाट स्थानीय बासिन्दाले विभिन्न निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, मोबाइल रिचार्ज गर्ने, उपयोगी सेवा (जस्तै, टेलिफोन, मोबाइल, एडीएसएल, डिस होम) को महशुल भुक्तानी गर्ने, स्वीकृत सिमाभित्र रहि कर्जा कारोबार गर्ने, कर्जाको साँवा तथा ब्याज भुक्तानी गर्न सक्ने, खातामा रहेको रकमको जानकारी र संक्षिप्त बैंक स्टेटमेन्ट प्राप्त गर्न सकिनेछन्।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा मुलुकभर २१६ शाखा कार्यालय, २०३ एटीएम, ७ वटा एक्स्टेन्सन काउन्टर एवम् ८ वटा शाखारहित बैंकिङमार्फत् सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १५९ अर्बभन्दा बढी पुगेको छ भने बैंकको कुल कर्जा करिब ११० अर्ब र कुल निक्षेप करिब १३६ अर्ब पुगिसकेको छ। हालसम्म यस बैंकमा ग्राहकको संख्या करिब ११ लाख ५० हजार रहेको छ।





**हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना**

यस कम्पनीले शेयर रजिष्ट्रारको कार्य गरिरहेका तपसिल बमोजिम विवरण भएका बैंक/कम्पनीहरुका शेयरधनीहरुको मृत्यु भएको हुनाले निजका हकवालाको नाममा नामसारी गरी पाउँ भनी नाता प्रमाणित प्रमाण-पत्र सहित आवश्यक कागजातहरु पेश गरी निवेदन दिएको तथा शेयरधनीहरुको शेयर प्रमाण-पत्र हराएको हुनाले सो को प्रतिलिपि प्रमाण-पत्र पाउँ भनी निवेदन पेश गरेको हुँदा सो माथि कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सप्रमाण यस बैंकको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडल, बबरमहल, काठमाण्डौमा निवेदन दिनु हुन विनम्र अनुरोध गर्दछौं। अन्यथा उक्त मितिपछि निज हकवालाको नाममा नामसारी भई जाने तथा हराएको प्रमाण-पत्रको हकमा निवेदकहरुकै नाममा प्रतिलिपि प्रमाण-पत्र जारी हुने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

NIC ASIA एन आई सी एशिया बैंक लिमिटेड
ट्रेड टावर, थापाथली, काठमाडौं, फोन नं. ९७७-०१-५१११७७/७८/८८

मृत्यु नामसारीको लागि निवेदन दिनेहरुको विवरण:

| सि.नं. | मृतक शेयरधनीको नाम/ नागरिकता नं. | मृत्यु भएको मिति | मृतक शेयरधनीको शेयर प्रमाणपत्र नम्बर/ हितग्राही खाता नम्बर | कित्ता | निवेदकको नाम र मृतकसंगको नाता: नाम | नाता |
|---|---|---|---|---|---|---|
| १. | नन्द रत्न ताम्राकार १२५६७ | २०६८/११/१० | ४६२५५७,३९५९७६,३१५८२९,३६६४४,६९९५५ १०२५४३,१३३८९०,१५९४७३,१९०७३३ २२३९७४,५१३८९१,५७५६२६,६१७४२० | ८९ | निलशोभा ताम्राकार ४६६६ १३०१०९००००७४०२६१ | पत्नि |
| २. | ज्ञानेन्द्र शाक्य २०२६८ | २०७३/०८/१५ | २४०४६६,३२९९८३,४७००९६,४०८८१५, ५२५३६४,५८१७२३,६२७०३३ | १३७ | विघा लक्ष्मी बज्राचार्य १६१७२ १३०१२५००००१४९०४८ | पत्नि |
| ३. | बिरेन्द्र मान अमात्य ८४३११ | २०७४/०६/२१ | १३०१३७००००६३६६४६ | ७७ | रिता अमात्य १४८८ १३०१३७००००६३६५३४ | पत्नि |
| ४. | जान्हबी देबी शर्मा ८४८/७३८ | २०७३/०९/१२ | १५३८१,८६८३४,११८९१२,१४८३४५,१७५६५२ २०९३७६,३०१५९३,३८२०५३,४५४५१५ ५०१६१७,५६८९९३,६०६८६३ | १५१६ | पराक्रम नाथ शर्मा १८७६४ १३०१०८००००२५८४५ | छोरा |
| ५. | शोभा घिमिरे १५९२६ | २०७३/११/२२ | २५२४३,६१११५३,९३९९४,१२५७२४,१५३४४३ १८२५१८,२१६०३०,३०८०८०,३८८४४९ ४५८२३१,५०७२२६,५७२१३५,६११७६४ | ८९ | रबि घिमिरे १६३८८ १३०११००००००५३२४१ | छोरा |
| ६. | सीता देबी शाह ६१५५३५१४ | २०७२/०९/२१ | ५१५४०५,६१८७२१,३१७६२८,३९७७२५, २२५८१४,१९२६४७,१३५७८०,१०४५२९, ०७२०२०,०३९४७८, | १०५ | ध्रुव प्रसाद साह ६१५५२१५४ | पति |
| ७. | चेत बहादुर अ.क्षे १७१६ | २०६८/०४/३१ | ४२४०९३,२५९५६९,३४५७३३,५४०४६४ ५८८८१३,६३८७८६ | २२३ | बाबुराम अधिकारी १८८७ १३०१०८००००४३३४५ | छोरा |
| ८. | उमेश काजी श्रेष्ठ ९३३ | २०७४/०८/१४ | ४८६०८९ १३०११००००२६३४९२ | ७४ | सबिता श्रेष्ठ २५२२७ १३०११००००२८१६३६ | पत्नि |
| ९ | नारायण देवी मानन्धर २७७३/५३८८ | २०७४/०१/२६ | १३०१११००००४९३६७ | २३ | मिना देबी मानन्धर२७३३/१०२४५ १३०१११००००४९३५२ | छोरी |
| १० | भवानी शंकर शर्मा ५३२ | २०७४/०३/२१ | १३०१३७००००४१९०६७ | २८ | राजकुमार शर्मा ६४९७ १३०१३७०००१११३७६९ | छोरा |
| ११ | दिनेश अचार्य २३६१/५९० | २०६७/१०/०३ | ५४६५४३,५९१६२३,६४३६१२,२६७३२६ ४३०२६५,३५२१०३ | ७० | सुश्रीता गौतम २१३०/११८८ | पत्नि |
| १२ | हेरा काजी श्रेष्ठ १०९० | २०७४/०१/१३ | १३०१२५००००१०६५७१ | ६८ | दिनेश श्रेष्ठ ३(२४९८)०४५/४६/१३०१२५००००१०६६०५ | छोरा |
| १३ | विष्णु अग्रवाल २२६०४ | २०६९/०५/०८ | ५३२३३४,५८५०००,६३२१८७,३३७५११,४१५ ८५५,२४९५७४,४७४४९४ | ३८१ | बाल कुमारी गौतम २७१ १३०११२००००२५५५८९ | पत्नि |
| १४ | दुर्गा आचार्य १०४२ | २०६१/०५/१२ | २६२४९,६१९४९,९४७७०,१२६४४९,१५३९३८ १८३२४७,२१६७३४,३८९१०६,३०८७६७ ५०७८४५,६१२२६८ | ६२ | सुशिल आचार्य ३४६ | छोरा |
| १५ | गणेश लालआचाजु श्रेष्ठ २८४ | २०७२/१०/२३ | ३९६८३,७२१८६,१०४६९०,१३५९३८,१६१०२४ ,१९२८०४,३९७८७३,३१७७७७,४६३६५६,५१५ ५४७,५७६४९८,६१८८४८,२२५९७० | ८९ | मदन काजी श्रेष्ठ १२३२०० १३०११७००००००८१२८ | छोरा |
| १६ | श्रीधर प्रजापती २९/०१/७१/०३०२४ | २०७२/१०/०६ | १३०१११००००१०९९६ | १५९ | रम्भा प्रजापती ८५/०३२/३३ १३०१११००००११०३७ | पत्नि |
| १७ | दिव्य लक्ष्मी प्रधान ३५३ | २०७४/०९/०८ | १३०१२५०००००४२२०८ | २२७६ | राज भाई प्रधान१०१५८६/२७२/०२२/१३०१२५०००००४२२१२ | पति |
| १८ | सुर्य बाहादुर थापा ४८/२४३ | २०७३/०२/०१ | २४४४५६,४११८८३,३३३२७८,५२८३९४,६२९२५१ | ४८ | सुरज थापा १९६२५ | छोरा |
| १९ | सविता सिहं डंगोल ११०७ | २०७०/०४/०३ | २५५२३५,४२०४८८,३४२१५२,५३६९४१ ६३५८५३ | ४८ | नरेश कुमार डंगोल १२७५ | पति |
| २० | पुर्ण बाहादुर श्रेष्ठ ३१३०/११२३३ | २०७१/०७/२२ | १३०११२००००१६०८९८ | २९ | श्रीमती पुर्ण देवी श्रेष्ठ ३५०१/१५०१३०११४०००००९५३२० | पत्नि |
| २१ | हेमजङ्ग थापा २७७९ | २०७१/०२/०५ | ३१७७५९,३९७८५६,१३५९१९,१०४६७१ ७२१६७,१९२७८५,२२५९५२,३९६५८ ५०२७४८,६०७७९७,१५५३०,६१८८३३ | २११ | पूर्ण देवी श्रेष्ठ थापा ६३३६ १३०११२००००८९२०९९ | पत्नि |
| २२ | भवानी पोखरेल १७९८ | २०७४/०५/३० | ४५१०७४,३७५७९३,२९५१४४,२०२७४० १६८७९९,१४३४२७,११२११२,७९६२८,४६२४० ५०१२,१३०१५८०००००३६८११ | ८९ | कपिलदेव पोखरेल २७१०६०/१११७३६ १३०१५८०००००३७२०५ | पति |
| २३ | ज्ञान रत्न तुलाधर १५३०६ | २०७३/११/०२ | ४५१०३९,१३०१३९०००००२३३५९ | ५५२ | कमला तुलाधर श्रेष्ठ२६५८/०२५/१३०१३९०००००२३३६३ | पत्नि |

हकदावी सम्बन्धी (शेयर प्रमाण पत्र हराएको सम्बन्धमा) :

| सि.नं. | शेयरधनीको नाम र ठेगाना | शेयरधनी नं. | हराएको शेयरप्रमाणपत्र नं. | हितग्राही खाता नं. | शेयर संख्या |
|---|---|---|---|---|---|
| १. | राजकुमार थापा मगर, ०२,मुलपानी, धादिङ | ३६६३५ | ३६६३५ | १३०११००००७५९२५४ | १० |
| २. | रेणुका घिमीरे, विराटनगर, मोरङ्ग | ७४८१७ | २५७८३३ | १३०१०९००००१८२००९ | ८० |
| ३. | लाक्पा निमा शेर्पा, ०४, रामेछाप | ६१०८६ | २४४१०२ | १३०१०६०००१००३५५४ | ७ |
| ४ | अनिल कुमार चाचान, ०६,विरगंज, पर्सा | ४०६८८ | ४०६८८ | १३०१३२०००००५७८२८ | २५० |
| ५ | टंक प्रसाद भट्टराई, १५,धरान, सुनसरी | ४२७४४ | ७७५५,७४६२८,१०७०४९,१३८२२८,१६२७१३ | १३०१३७०००११७९६६४ | १०,२,१,२,३ |
| ६ | सुस्मिता अधिकारी, ०१,विराटनगर, मोरङ्ग | ४८९७५ | १६६६३२,२३२४९८ | | १०,१ |
| ७ | इन्दीरा भण्डारी, विराटनगर, मोरङ्ग | ४८९७६ | १६६६२८,२३२४९९ | | १०,१ |
| ८ | दिपेश कार्की, ०३,भदौरे, ओखलढुगां | १०९३० | ११६१७५ | १३०१५८००००२५८०७१ | १८ |
| ९ | अघ्या देवी श्रेष्ठ, ०३,सर्लाही | ३९५०६ | ३९५०६,१६०९२४ | १३०१३७००००७८२२८० | १०,३ |
| १० | निर्मला अधिकारी लोहनी, १०,पुरानो,वानेश्वर | १७१४१ | १७१४१ | १३०१३७००००१४२०८३ | १० |
| ११ | स्वेता बाटाजु, ०४,गणेशटोल, कास्की | ३९६६४ | ३९६६४,७२१७१,१०४६७५,१३५९२३, १६१०१२ | १३०१२२००००१०००४० | १०,२,१,२ ३ |
| १२ | प्रज्वल कडेल, १०,स्याउलीबजार, चितवन | ३७७८६ | ३७७८६ | १३०१५९०००००२८६०५ | १० |
| १३ | सुरज राई, ०४,ललितपुर | २९६२४ | १५५८४१ | १३०१५१०००००८१०५७ | २२ |
| १४ | तिरेक मानन्धर, ३०,काठमाण्डौं | २४९११ | २४९११,६०८९५,९३७४७,१२५४९७,१५३२ ६३,३८८२३५ | १३०१३७००००५०९०३२ | १०,२,१,२,३,१२ |

सहयोगी विकास बैंक लिमिटेड
जनकपुर, धनुषा
फोन: ०४१-५२५९७२/५२७१२४

हकदावी सम्बन्धी (शेयर प्रमाण पत्र हराएको सम्बन्धमा) :

| सि.नं. | शेयरधनीको नाम र ठेगाना | शेयरधनी नं. | जम्मा शेयर प्रमाणपत्रहरु | हितग्राही खाता नं. | शेयर संख्या |
|---|---|---|---|---|---|
| १. | राम प्रसाद सुवेदी, बाफल,काठमाण्डौं | ३७२४ | बुझिलिएका ९२१ थान (सम्पूर्ण) प्रमाणपत्रहरु | १३०१३७००००८४३२३५ | ७४,६७७ |

शेयर रजिष्ट्रार
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

# शिवरामको छलाङ

काठमाडौं, (नेस)

डिफेन्डिङ च्याम्पियन शिवराम श्रेष्ठ सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपअन्तर्गत दोस्रो दिन शीर्ष स्थानमा उक्लिएका छन्।

मंगलबार गोकर्ण गल्फ क्लबमा भएको सूर्य नेपाल गल्फ टुर २०१७-१८ अन्तर्गत अन्तिम प्रतियोगितामा शिवरामले ७ अन्डर ६५ स्कोरको उत्कृष्ट प्रदर्शन गर्दै शीर्ष स्थानमा पुगेका हुन्। पहिलो दिन निरस खेल खेलेका शिवरामले हिजो नवौं स्थानबाट पहिलो स्थानमा छलाङ लगाए। उनले ३६ होलपछि ७ अन्डर १ सय ३७ स्कोर गरेका छन्। सञ्जय लामा ५ अन्डर १ सय ३९ स्कोरसहित दोस्रो स्थानमा छन्। पहिलो दिन शीर्ष स्थानमा रहेका उनी शिवरामसँग २ स्ट्रोकले पछि छन्।

यस्तै तोरण विक्रम शाही र भुवन नगरकोटीले ३ अन्डर १ सय ४१ स्कोरसहित तेस्रो स्थान साझेदारी गरको छन्। उनीहरूसँगै एमेच्योर गल्फर टंकबहादुर कार्की पनि सोही स्थानमा आएका छन्। भुवन अघिल्लो चरणमा शीर्ष स्थानमा थिए। पहिलो दिन चार खेलाडी शीर्ष स्थानमा रहेकामध्ये अन्य दुई खेलाडी बलभद्र राई छैटौं र दिनेश प्रजापति आठौं स्थानमा चिप्लेका छन्।

## केन कप्तान बन्ने सम्भावना

लन्डन, (एजेन्सी)

इंग्लिस प्रिमियर लिग क्लब टोटनह्याम हटस्परका गोल मेसिन ह्यारी केनको रसिया विश्वकपमा इंग्ल्यान्डको कप्तान बन्ने सम्भावना प्रबल रहेको प्रशिक्षक गेरेथ साउथगेटले बताएका छन्।

इंग्ल्यान्ड राष्ट्रिय टिमका प्रशिक्षक गेरेथ साउथगेटले ह्यारी कप्तानको जिम्मेवारी सम्हाल्न सक्षम रहेको बताए। ह्यारीले यस सिजन सम्पन्न इंग्लिस प्रिमियर लिगमा २९ गोल गरेका छन्। कुर्कुच्चामा लागेको चोटका कारण भने उनले सिजनका केही खेल गुमाएका थिए।

प्रशिक्षक साउथगेट ह्यारीलाई प्रतिभाशाली खेलाडी मान्छन्। उनले भने- 'उनी दबाबमा राम्रो खेल्न सक्ने व्यवसायिक खेलाडी हुन्। कप्तानका लागि मुख्य कुरा भनेको दिनप्रतिदिन स्तर वृद्धि गर्नु हो, जुन ह्यारीमा अहिले देखिएको छ। विगत १८ महिनामा उनको क्रियाकलापलाई नियाल्दा उनले टिमका अन्य खेलाडीसँग राम्रो समन्वय गर्ने क्षमता राख्दछ।'




# अविस्मरणीय प्रदर्शनसँगै सन्दीप फर्किए

नेपाल समाचारपत्र

काठमाडौं

इण्डियन प्रिमियर लिग (आईपीएल) मा अविस्मरणीय प्रदर्शन गरेर नेपाली क्रिकेटमा इतिहास रचेका लेग स्पिनर सन्दीप लामिछाने मंगलबार साँझ नेपाल फर्केका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानमा सन्दीपलाई स्वागत गर्न नेपाली राष्ट्रिय टोलीका कप्तान पारस खड्काको समेत उपस्थित रह्यो। आईपीएलमा खेलेका तीन खेलमै प्रभावशाली प्रदर्शन गरेपछि सन्दीपको विश्वमा चर्चा भएको हो। उनले विमानस्थलमा भएको पत्रकार सम्मेलनमा पनि बताए यात्रा अविस्मरणीय भयो भनेर।

उनले बताए- 'मैले आईपीएलमा राम्रो अवसर पाए र सदुपयोग पनि गरे। त्यहाँ मैले केही नयाँ कुरा पनि सिक्न पाएँ। यस हिसाबले यो यात्रा धेरै अविस्मरणीय बनेको छ। आईपीएलमा नेपाललाई चिनाउने मौका थियो चिनाउन सकें। यसमा म ज्यादै खुशी पनि छु। मैले अब अर्को सिजनमा अरू नेपाली खेलाडी पनि खेलेको हेर्न पाउने आशा गरेको छु।

सन्दीप आईपीएलको टोली दिल्ली डेयरडेभिल्ससँग २० लाख भारुमा आबद्ध भएका थिए। शुरूमा उनलाई प्लेइंग ११ मा राखिएको थिएन। लगातार दिल्ली पराजित भइरहँदा पनि सन्दीपको खेल्ने पालो आएको थिएन। जब दिल्ली जारी आईपीएलको प्लेअफ पुग्ने सम्भावना समाप्त भयो तब सन्दीपले डेब्यु गर्न पाएका थिए। उनले १२औं खेलमा पहिलो रोजाइको बलरका रूपमा रोयल च्यालेन्जर्स बैंगलोरविरुद्ध डेब्युगरेका थिए। जसमा उनले पार्थिव पटेललाई आफ्नो पहिलो शिकार बनाएका थिए।

उनले मौका नपाएको कारण खुलाउँदै बताए- 'टोली प्लेअफबाट बाहिरिसकेको स्थितिपछि मैले एक खेल खेल्न पाएँ। त्यसमा मैले राम्रो खेलें। त्यसपछि थप दुई खेलमा पनि राम्रो गरें। ममाथि मात्रै टोली भर परेको छैन। मौका नपाउनुको कारण पनि अनुभवी खेलाडी टोलीमा रहेकाले थियो। तर मैले सिक्न धेरै कुराहरू बाँकी छ। यो सफलतालाई निरन्तरता दिन पनि जरुरी भएको सन्दीपले पत्रकार सम्मेलनमा बताए। उनले भने- 'नेपाली क्रिकेटको संरचनालाई अघि बढाउनुपर्छ। अब क्रिकेटका लागि नेपाल क्रिकेट संघले जिम्मेवारी लिनुपर्छ। घरेलु प्रतियोगिता जतिपनि आयोजना गर्न सकिन्छ त्यति नै नेपाली क्रिकेट धेरै अघि जानेछ।'

दिल्लीबाट नेपाल फर्केका सन्दीपका लागि यो सिजन व्यस्त हुने पनि तय छ। उनलाई वेस्ट इन्डिजविरुद्ध हुने च्यारिटी खेलका लागि आईसीसी विश्व ११ मा छनोट गरिएको छ। यदि उनले खेल्न पाएमा अझ बढी अन्तर्राष्ट्रिय क्रिकेटमा अनुभव प्राप्त गर्न सक्नेछन्। उनले यसका लागि पनि तयार भएको बताएका छन्।

सन्दीप आईपीएल खेल्ने पहिलो नेपाली क्रिकेटर बनेपछि वेस्ट इन्डिजमा हुने क्यारिबियन प्रिमियर लिग (सीपीएल) खेल्ने पनि पहिलो नेपाली क्रिकेटर बन्न गइरहेका छन्। गत मार्चमा लन्डनमा भएको सीपीएल अक्सनमा उनलाई ५ हजार डलरमा किनिएको थियो।



तस्वीरहरु उजोल डंगोल, काठमाडौं



## धरहरा

### सरकारको सफलता



गाउँघरमा गुपचुपका साथ 'गोहोरो' पक्रिइन्छ अनि मिसन पुरा हुन्छ। यता सहरमा सुनकाण्डसाग जोडिएका 'गोरे' नाम गरेका व्यक्ति पक्रिँदा चर्चा व्यापक छ। तर मिसन पूरा हुनेमा आशंका छ, मिसन तुहिन वेर छैन। सबै आमसञ्चार माध्यम गोरेमय बनेका छन्।

मंगलबार सार्वजिक भएका गोरेले आफू भरिया मात्रै भएको, आफू भन्दा माथिको कनेक्सन रहेको बताएपछि 'गोरे मिसन' २/४ दिनमै तुहिन सक्ने धरहराको आशंका छ। गोरेसाग जोडिएको लहरोतान्दा ठूला घरनाको पहरो बज्रिने संभावना उच्च छ, त्यसमा 'नो डाउट'। जसोजसो 'माथिको निर्देशन उसै उसै अनुसन्धान हुनेमा कुनै दुविधा छैन।

जे होस ढिलै भए पनि ३३ केजी सुन कान्डका मुख्य नायक मानिएका गोरे पक्राउ परे। प्रहरी नियन्त्रणमा रहेका उनलाई मंगलबार गृह मन्त्रालयमा सार्वजनिक गरियो। मन्त्रालयमा यस अघि कसैलाई मखुण्डो सहित सार्वजनिक गरेको धरहरालाई याद छैन। यसबाट थाहा हुन्छ गोरेको हाई लेभल कनेक्सन। उनलाई कसो मन्त्री परिषद्का सबै सदस्य माझ सार्वजनिक गरिएन।

यससँगै सरकारले ठूलो उपलब्धी हासिल गऱ्या छ। सरकारको आलोचना गर्नेहरूलाई ठूलो जवाफ मिल्या छ। सरकारले छोटो अवधिमा हासिल गरेका धेरै सफलतामध्ये यो विषय निकै 'हाइलाइट' हुनेमा कुनै दुविधा छैन।

# न्यु डायमन्ड च्याम्पियन


काठमाडौं, (नेस)

शिवम् न्यु डायमन्ड एकेडेमीले प्रथम चन्द्रागिरी उपमेयर कप विद्यालय स्तरीय खुल्ला छात्रा भलिबल प्रतियोगिताको उपाधि जितेको छ। मंगलबार फाइनल खेलमा न्यू डायमन्डले पारामाउन्ट एकेडेमीमाथि ३-२ को रोमाञ्चक जित निकालेर वर्षमा पहिलो उपाधि जित्यो।

पहिलो सेट २०-२५ ले गुमाए पनि त्यसपछि लगातार दुई सेट २५-१९, २५-२३ ले जित्दै उपाधि आफ्नो बनाउने तरखर गरेको थियो। तर चौथो सेटमा कडा प्रतिस्पर्धा भएपछि पारामाउन्टले अन्ततः २८-२६ सेटले जित्दै खेल २-२ बराबरी ल्याए। पाँचौ तथा निर्णायक सेटमा न्युडायमन्डले १५-१० ले आफ्नो पक्षमा पार्दै च्याम्पियन बन्यो।

न्यु डायमन्ड एकेडेमीको कोर्टमा भएको प्रतियोगिताको विजेताले ४५ हजार, उपबिजेताले २५ हजार, तेश्रो हुने बिजेश्वरीले १५ हजार र चौथोले १० हजार प्राप्त गरेका छन्।

मदन भण्डारी स्पोर्टस् एकेडेमी चन्द्रागिरी नगर कमिटिको आयोजनामा संचालन भएको प्रतियोगिताको सर्वौत्कृष्ट खेलाडी न्युडायमण्डकी बालिमका आचार्य, बेष्ट स्पाईकर पारामाउन्टकी सृष्टि खड्गी, बेस्ट सेटर न्युडायमन्डकी अनिषा सुनुवार, बेस्ट सर्भर न्युडायमण्डकै रस्मिता दुरा र बेस्ट डिफेन्डर पारामाउण्टकी सम्पदा श्रेष्ठ घोषित भएका हुन्।



कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ